In Public Domain. Digitization by eGangotri.Funding:

मर्यादा

श्री ५ महाराजाधिराज सरकारको

शुभजन्मोत्सव

विशेषाङ्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

oal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

69 480

वार्षिक मूल्य— रू. १०।–
यस अङ्कको— रू. ३।–

वाल्मीकि संस्कृत महाविद्यालय
शास्त्रानुसन्धान-परिषद्‌को
मुखपत्र

मर्यादा

(त्रैमासिक पत्रिका)

वर्ष—२ अङ्क—२

(चैत, वैशाख र जेठ–२०२६।२७)

संपादक मण्डल

श्री नयराज पन्त
श्री गोविन्द प्रसाद भट्टराई
श्री दामोदर कोइराला
श्री श्रीकृष्ण शर्मा आचार्य
श्री दामोदर ढकाल
श्री चेतोनाथ शर्मा आचार्य
श्री मुकुन्द प्रसाद अधिकारी

"तस्माच् शास्त्रं प्रमाणं ते
कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं
कर्म कर्तुमिहार्हसि ॥"

भगवद्‌गीता, १६।२४

प्रकाशक :–
प्रधानाचार्य
श्री रामनाथ आचार्य
निमित्त, शास्त्रानुसन्धान
परिषद्

(शास्त्रै प्रमाण छन् सारा
कार्याकार्य बुझाउन ।
तस्मात् शास्त्रविधानैका
कार्यमा चल अर्जुन !)

कोमल अनुवाद ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

'त्वं जीव शरदां शतम्'

श्री ५ महाराजाधिराज सरकारको
चिरायु होस्

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

मर्यादाका नियमहरू

१ - शास्त्र प्रतिपादित कल्याणकारी मार्गको प्रचार-प्रसार, सामाजिक तथा धार्मिक चाडपर्वहरूको परिशीलन. शास्त्रमा उठेका सन्देहहरूको निराकरण, सच्चरित्रता देशभक्ति र राजभक्तिमा दृढ आस्था पैदा गर्नु र अनुसन्धान परिशीलन अन्वेषण आदि कार्यको प्रवन्ध गर्नु 'मर्यादा' को मूल उद्देश्य हो।

२—'मर्यादा' त्रैमासिक पत्रिका हो, प्रत्येक तीन महिनामा यसको प्रकाशन हुन्छ।

३—'मर्यादा' मा प्रकाशनार्थ आउने सबै रचनाहरू अनुसन्धानात्मक र शास्त्रानुसन्धान परिषद्को उद्देश्यसंग मेलखाने गद्यलेखहरू हुनुपर्दछ।

४—'मर्यादा' मा प्रकाशनार्थ आएका लेखहरू काटछाँट गर्ने वा छाप्ने नछाप्ने सम्पूर्ण अधिकार सम्पादक-मण्डलमा रहनेछ।

५—रचनाहरू पठाउँदा कागजको एकापट्टि मात्र स्पष्ट बुझिने गरी लेखिएको हुनुपर्दछ। अस्वीकृत लेख फिर्ता चाहनेहरूले डाँकव्यय आफैं वेहोर्नु पर्नेछ।

६—यसमा शास्त्रानुसन्धान परिषद्को उद्देश्यका अनुकूल विज्ञापनहरू मात्र लिइने छन्।

७ 'मर्यादा' मा प्रकाशित हुने लेखहरूको उत्तरदायित्व लेखका रचयिताहरूमा नै रहने छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

शास्त्रानुसन्धान-परिषद्का कार्यसमितिका

संस्थापक सदस्यहरू

अध्यक्ष — श्री रामनाथ आचार्य
(वाल्मीकि सं. म. विद्यालयका प्रधानाचार्य, पदेन)

उपाध्यक्ष— प्रा० श्री नयराज पन्त

सचिव— प्रा० श्री जुनन्नाथ शर्मा पण्डित

प्रचार सचिव- प्रा० श्री रामचन्द्र पौडेल
(प्रचार उपसमितिका अध्यक्ष)

कोषाध्यक्ष— प्रा० श्री तोयनाथ पाण्डेय

उपसचिव— प्रा० श्री गोपालनिधि तिवारी

सदस्य— प्रा० श्री बदरीनाथ भट्टराई

" — प्रा० श्री शेषराज रेग्मी

वाल्मीकि संस्कृत महाविद्यालयका
अरू सबै प्राध्यापकहरू
परामर्शदातृ-समितिका
पदेन सदस्य।

शास्त्रानुसन्धान परिषद्को
सदस्यता :—
आजीवन सदस्यशुल्क रू. ५००/-
साधारण सदस्यशुल्क रू. ५/-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

"दलीय भावनाले राष्ट्रिय हितलाई टुक्र्याउँदछ
र दलीय स्वार्थले राष्ट्रहितलाई बिर्साउँछ ।"

—श्री ५ महेन्द्र
"गाउँ फर्क" राष्ट्रिय अभियान

दलीय भावनाको सट्टा राष्ट्रिय भावना तथा दलीय स्वार्थको सट्टा राष्ट्रिय स्वार्थको विजय भएकोले नै श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहको श्रद्धेय नेतृत्वमा नेपाल अधिराज्यको निर्माण सुसम्पन्न भएको हो । दलीय भावना र दलीय स्वार्थको अभाव भएकोले नै सबल र संयुक्त नेपालले आक्रमणकारी तथा साम्राज्यवादी पाश्चात्य उपनिवेशवादको सामयिक तथा समुचित मुकाविला गरी देशको स्वतन्त्रता, सम्मान र स्वार्थ जोगाएको ऐतिहासिक तथ्य कसैबाट पनि लुके-छिपेको छैन ।

देशको स्थिति, आवश्यकता तथा परम्परा अनुसार दलीय भावना नेपालको लागि अनिष्टकारी हुने कुरा स्वतःसिद्ध छ । बाहिरीया शक्तिहरूको षड्यन्त्रकारी दाउपेचको लक्ष्य अनुसार नेपालमा अमेल र आपसी फूट शुरू गराई नेपाललाई कमजोर र आशामुखी बनाउने मुरादले नेपाल भित्र दलीय भावना र दलीय स्वार्थलाई दुरुत्साहन दिने काम प्रारम्भ हुन लाग्यो । यसैको परिणामस्वरूप कोतपर्वको नरसंहार भयो र देशले १०४ वर्षसम्म निरंकुश जहाँनिया शासनको निष्ठुर शोषण तथा दानवी थिचोमिचोमा परी छटपटिनु पर्‍यो ।

दलीय भावना र दलीय स्वार्थले गर्दा नै राजा र प्रजाको अनुपम त्याग तपस्या र बलिदानबाट सफल भएको २००७ सालको क्रान्ति पनि देशनिर्माण, जनसेवा तथा राष्ट्रिय जागरणको क्षेत्रमा प्रभावकारी सफल र उपयोगी सिद्ध हुन सकेन । २००७ साल पछिका

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

दश वर्षहरू आपसी गाली, पारस्परिक दोषारोपण, झगडा तथा संघर्षमा वर्वाद भए। राष्ट्रको सीमित साधन र स्रोतहरूको दुरुपयोग, भाषण, नारा र प्रदर्शनमा सीमित हुन लाग्यो। परिणामस्वरूप राष्ट्रको अस्तित्वमा नै आघात पर्ने भयानक परिस्थिति सामुन्ने आयो।

२०१७ सालको ऐतिहासिक शाहीकदम वास्तवमा देशको लागि गजेन्द्रमोक्षको रूपमा आयो। दलीय भावनाको धाप तथा दलीय स्वार्थरूपी ग्राहको विर्सिन नसकिने तितो तथा डरलाग्यो सम्झना नेपाललाई सधैं ताजा नै भइरहने छ। एकता र राष्ट्रियतामा नेपालको अस्तित्व र भविष्य कायम छ। दलीय भावना र दलीय स्वार्थले राष्ट्रिय नामको जेसुकै चीजको लागि पनि धमिरोको काम नगरी रहन सक्तैन। त्यसैले नेपाली मात्रका कर्णधार राष्ट्रनायक **श्री ५ महाराजाधिराज** सरकारबाट "गाउँ फर्क" राष्ट्रिय अभियानमा नेपालीहरूलाई आह्वान गरिबक्सिदै हुकुम भएको छ— "दलीय भावनाले राष्ट्रिय हितलाई टुक्र्याउँद छ र दलीय स्वार्थले राष्ट्र हितलाई विर्साउँद छ।"

—o—

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

यस अङ्कका विषय वस्तु

रचना	रचनाकार	पृष्ठ
जन्मोत्सव	प्रा. हरिनाथ उपाध्याय दुङ्गेल	१
साह र शाह शब्दको विवेचना ...	गोविन्द प्रसाद भट्टराई	८
दुई विचारधारामा टक्कर	प्रो. जी. सी. शास्त्री	१५
वेद अपौरुषेय हो	प्रा. जुननाथ पण्डित	२०
तन्त्र र नेपालमा तान्त्रिक परम्परा	प्रा. शेषराज शर्मा रेग्मी	२६
शैव र बौद्ध मतमा समन्वयात्मक तत्त्वहरू	प्रा. गोपालनिधि तिवारी	३७
ईश्वर किन मान्ने	प्रा. वदरीनाथ भट्टराई	४१
श्री ५ महेन्द्र र नेपालको संवैधानिक व्यवस्था	प्रा. रत्नकमल वैद्य	४८
वर्णाश्रम-धर्ममा राजाको महत्व ...	प्रा. राधाकृष्ण अधिकारी	५६
महर्षि-वाल्मीकि	प्रा. गिरिधारी भट्टराई	६३
शन्तिको मार्ग	प्रा. लोकनाथ ढकाल	६७
अध्यात्मवाद निराशवाद होइन ...	प्रा. रामचन्द्र पौडेल	७६
वैदिक समाज [एक अनुशीलन]...	प्रा. चेतोनाथ शर्मा आचार्य	८४
दुइ-चार छरिएका मोती एक अभिव्यक्ति	श्री गंगाराम श्रेष्ठ	९२
हिन्दू दर्शन र मनोविज्ञान [एक अनुशीलन]	श्री मधुसूदन रिसाल 'प्रदीप'	९७
भक्ति—	श्री रामवहादुर गोतामे	१०३
हाम्रो विचार		१२४

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

'जन्मोत्सव'

प्रा. हरिनाथ उपाध्याय ढुङ्गेल
(वा. सं. म. वि.)

"स्वस्त्यस्तु ते कुशलमस्तु चिरायुरस्तु"

श्री ५ राष्ट्रनायक महाराजाधिराज सरकारको एकाउन्नौं शुभ-जन्मोत्सवको उपलक्ष्यमा देवादिदेव महादेव श्री पशुपतिनाथ, श्री परमेश्वरी गुह्यकालीमाता, तथा अरू देवदेवी र अष्ट चिरञ्जीवीहरूसँग पनि प्रार्थना गर्दछौं र मौसूफ सरकारका हजूरमा हार्दिक यही शुभाशीर्वाद टक्र्याउँछौं कि—*"स्वस्त्यस्तु ते कुशलमस्तु चिरायुरस्तु"*

अर्थात् हाम्रा राष्ट्रनायक १ करोड नेपालीका भाग्यविधाता श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेव प्रभुको सदा जय जय कल्याण भइरहोस्, गाथमा आरोग्य होस् र चिरायु होइबक्सियोस् इत्यादि ।

'जन्मोत्सव' आर्य अनार्य सबै जातिले आफ-आफ्नो सम्प्रदाय अनुसार मनाउँदै आएको इतिहास पुराणहरूमा पाइन्छ । सबै वर्णन गर्न पट्टि नलागौं । *"जन्तूनां नरजन्मदुर्लभमिदम्"* कीट पतङ्ग पशु पक्षी आदि चौराशी *जुनि'* मध्ये सचेतन, विचार विवेक कला कौशल आदि आदि अनेक गुणले युक्त भएको धर्म अर्थ काम मोक्ष पुरुषार्थ चतुष्टय सम्पादन गर्न सक्ने *'नरजन्म'* पाउनु बहुतै दुर्लभ कुरा हो । यसर्थ अरू अनेक जन्महरू मध्ये यही *'नरजन्म'* लाई नै दुर्लभ र अति उत्तम मानिएको छ । अरू जन्ममा प्राकृतिक नियमानुसार अन्न पानी खाएर मलमूत्र त्याग गर्नु, पराधीन भइ कष्टसाथ जीवन यापन गर्नु सिवाय अरू केही पुरुपार्थ सम्पादन हुन सक्तैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathmar

n Public Domain. Digitization by eGangotri.Funding

अत एव उपनिषद् आदि वैदिक ग्रन्थहरूमा पनि लेखिएको छ—"रमणीय चरणा रमणीयां योनिमापद्यन्ते" "कपूयचरणाः कपूयां योनिमापद्यन्ते" अर्थात्-सुकर्म गर्नेहरू मनुष्य आदि असल जुनिमा जन्म लिन्छन्, कुकर्म गर्नेहरूचाहिं शूँगुर, कुकुर, कीट, पतङ्ग, यव, मास, तरु गुल्म आदि जड जुनिया जन्म लिन्छन्।

"अतो वै खलु दुर्निष्प्रपतरम्" यस्तो जड जुनिबाट छुट्कारा पाउनु बडो मुश्किल पर्दछ इत्यादि। किनकि-ती अनेक जड कुयोनि-हरूबाट आफ्नो इच्छा अनुसार सहसा तत्कालमा छुट्कारा पाइने होइन। आफ्नो पूर्वजन्मको अदृष्ट सञ्चित पुण्य पाप कर्मको अनुसार कुन जन्ममा कतिवर्षसम्म रहनु पर्ने हो, कस्तो कस्तो कष्ट भोग गर्नु पर्ने हो, त्यो भोग नगरी सुख पाइदैन, अवश्य भोग्नै पर्दछ। त्यसमा अदल बदल पनि हुन सक्तैन। पाप कर्मको भोग सकिए पछि शेष पुण्य कर्मका प्रभावले कस्तो ठाउँमा कस्तो कुलमा जन्म हुने हो बल्लतल्ल 'नरचोला' पाइन्छ। यही दुर्लभ 'नरचोला' पाएर मात्र गर्भको कष्ट भोग सकी जन्मिएको तिथिलाई 'जन्मदिन' भनिन्छ। त्यस दिनलाई महत्वपूर्ण सम्झिई आफ्नो आफ्नो सम्प्रदाय अनुसार उत्सव मनाइन्छ, यसैलाई 'जन्मोत्सव' भन्दछन्।

ज्योतिष शास्त्रको अनुसार जन्मनक्षत्र र सूर्योदयको घडी पलाको हिसाववाट नामकरण र 'लग्न कुण्डली' तयार गरिन्छ। त्यसमा ग्रहहरूको विन्यास हेरी जातकको शुभ अशुभ दिन दशा आयु भाग्योदय जीविका पुरुषार्थ आदि सम्पूर्ण कुराको विचार गरिन्छ।

बालक कालमा बाबु आमाले सन्तानोत्पत्तिको हर्ष र स्नेहबाट बालकको दिनदशा आदि विचार गरी दीर्घायुष्यप्राप्ति र अरिष्टशा-न्तिको निमित्त जन्मोत्सव गरिदिन्छन। पछिचाहिं उसले आफैं 'नरजन्म' पाएको खुशियालीको स्मृति दिवसको रूपमा र ग्रहहरूको स्थानान्तरणवाट सूचित अरिष्टशान्ति र दीर्घायुष्यको कामनाले आफ्नो गच्छे अनुसार पूजा आजा दानपुण्य आदि गरी जन्मोत्सव

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

मनाउँछ। गरीब र अशिक्षित समाजमा जन्म भयो भने त केही अत्तोपत्तो हुँदैन।

जन्मोत्सव र जन्मजयन्ती

उपनिषद् आदि वैदिक ग्रन्थमा कला (शक्ति विशेष) सोह्र मानिएका छन्। ती सोह्रै कलाले संयुक्त केवल परमेश्वर मात्र हुनुहुन्छ। "षोडशकलोऽयं पूरुषः" अरू सर्वसाधारण तरु गुल्म पशु पक्षी आदि प्राणीमा एक कलादेखि ६ कलासम्म र शक्तिशाली लौकिक पुरुषमाचाहिं ६ कलादेखि आठ कलासम्म हुन्छन्। त्यस्ता पुरुषको जन्म तिथिचाहिं केवल जन्मोत्सवको रूपमा मनाइन्छ।

नौ कलादेखि क्रमशः बढी कलाहरूले संयुक्त भइ जन्मिएकोमाचाहिं अलौकिक शक्तिहरू देखिन्छन्। त्यस्तालाई ईश्वरको अवतार भन्दछन्। त्यस्ताको जन्म तिथिचाहिं 'जयन्ती' को रूपमा मनाइन्छ। जस्तै – मत्स्य जयन्ती, कूर्मजन्ती, वराहजयन्ती, नृसिंहजयन्ती, वामननजयन्ती, परशुरामजयन्ती, रामजयन्ती, कृष्णजयन्ती इत्यादि। यद्यपि —

वह्निपुराण :— *कृष्णाष्टम्यां भवेद्यत्र कलैका रोहिणी यदि*
जयन्ती नाम सा प्रोक्ता उपोष्या सा प्रयत्नजः ॥

विष्णुरहस्य :— *अष्टमी कृष्णपक्षस्य रोहिणी ऋक्षसंयुता*
भवेत् प्रौष्ठपदे मासि जयन्ती नाम सा स्मृता ॥

हेमाद्रि :— *अर्धरात्रादधश्चोर्ध्वं कलया वा यदा भवेत्*
जयन्ती नाम सा प्रोक्ता सर्वपाप प्रणाशिनी ॥

इत्यादि प्रमाणबाट भाद्रकृष्णजन्माष्टमीको रात वा दिनमा रोहिणी नक्षत्रको केही मात्र भए पनि घडी पला पर्न गएमा त्यसलाई 'जयन्ती' शब्दले व्यवहार गरिएको रूढ अर्थ देखिन्छ तापनि, लौकिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

व्यवहारमा अरू शक्तिशाली महापुरुषहरूको जन्मतिथिमा पनि यो शब्द लाक्षणिक हुन गएको देखिन्छ। जस्तो-शङ्करजयन्ती, पृथ्वीजयन्ती, गन्धीजयन्ती इत्यादि।

पुनश्च :– लोक व्यवहारमा आफूले व्यक्तिगत रूपमा साधारण तवरले मनाइएको छ भने *'जन्मोत्सव'* मात्र भनिन्छ। यदि उसमा असाधारण शक्ति, असाधारण पुरुषार्थ, सामाजिक भलाइ र समाजको जयगर्ने कार्यहरू र अरू असाधारण उत्कृष्ट गुणहरू देखिए भने त्यस्ता महापुरुषको *'जन्मतिथि'* लाई समाजले *'जयन्ती'* को रूपमा विशेष समारोहका साथ मनाउँछ। शेषपछि यसको महत्व झन वढ्दै जान्छ। जयन्ती शब्दका अनेक अर्थ छन् तापनि यहाँ *'उत्कर्षता द्योतक तिथि'* मात्र भन्नु समुचित पर्दछ।

आर्य संप्रदायमा वैदिक विधि अनुसार *'जन्मोत्सव'* यस प्रकार गर्नुपर्दछ। प्रातः कालमा अगिपछि तातो पानीले नुहाउने गरी आएको भए पनि त्यस दिनचाहिं केही तिलमिश्रित शुद्ध चीसो पानीलेनै स्नान गर्नु, नयाँ धौत पवित्र वस्त्र धारण गरी पिता माता मान्य गुरुजन र ब्राह्मणहरूको दर्शन गरी पूजाकोठामा गई पवित्र आसनमा वस्नु र विद्वान् सदाचारी ब्राह्मणले शास्त्रानुसार वताए बमोजिम पहिले कर्मपात्र निर्माण र प्रायश्चित्त गोदान गर्नु। दीप गणेश कलशको विधिपूर्वक स्थापन पूजन गरी जन्म नक्षत्र, जन्मतिथि, प्रजापति, सूर्य, विघ्नेशहरूको पनि पूजा गर्नु। अनि मार्कण्डेयवलिः व्यास, हनूमान्, बिभीषण, कृपाचार्य, अश्वत्थामा, परशुराम, यी अष्टचिरञ्जीवी र प्रल्हाद षष्ठिका देवीको स्थापन गरी क्रमशः विधिपूर्वक षोडशोपचारले पूजा गर्नु। दूधमा गुड र तिल हाली चढाउनू। षष्ठिकालाई दहिभात दहिच्यूरा प्रशस्त चढाउनू। नारीमा गुग्गुल, नीम, सिद्धार्थ, दूबो, गोरोचनको पोटलिका वाध्नू। ग्रहगतिवाट अरिष्ट पर्न गएको छ भने सम्पन्न मानिसले ग्रहशान्ति कर्म गरी विउ तिलले होम समेत गर्नुपर्दछ र पाञ्चायनदेवता अरू देवदेवी, तथा भैरव भैरवीहरूका मुख्य पीठहरूमा पूजा पाठ आदिद्वारा

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अरिष्ट शान्ति गराउनु पर्दछ ।सत्पात्र सदाचारी ब्राह्मण ब्राह्मणीहरू अनाथ गरीव गुरुवाहरू, साधु महात्माहरू, र आवालवृद्धहरूलाई भोजन, अन्न, वस्त्र दक्षिणाले सन्तुष्ट गराई उनीहरूवाट शुभाशीर्वाद ग्रहण गर्नु पर्दछ । यो कुरा आदित्य पुराणमा पनि लेखिएको छ :—

"सर्वैश्च जन्मदिवसे स्नातै मंङ्गलवारिभिः
गुरुदेवाग्निविप्राश्च पूजनीयाः प्रयत्नतः ।
स्वनक्षत्रं जन्मतिथिं पितरौ च प्रजापतिम्
समर्च्य भानुविघ्नेशौ कुर्याच्चैव महोत्सवम् ॥
मार्कण्डेयं वलिं व्यासं हनूमन्तं विभीषम्
कृपं द्रौणिं पर्शुरामं प्रल्हादं षष्टिकां तथा
सम्पूज्य विधिवद् भक्त्या महर्षिं प्रार्थयेदिदम् ॥"

पूर्वोक्त पूजनादि कर्म सकेपछि मार्कण्डेय ऋषिसँग यो प्रार्थना गर्नु पर्दछ :—

मार्कण्डेय नमस्तेऽस्तु सप्तकल्पान्तजीवन,
आयुरारोग्यसिद्धयर्थ मस्माकं वरदो भव ।
चिरञ्जीवी यथा त्वं भो मुनीनां प्रवरद्विज,
कुरुष्व मुनि शार्दूल तथा मां चिरजीविनम्
चिरञ्जीवी यथा त्वं भो भविष्यामि तथा मुने
रूपवान् वित्तवाँश्चैव श्रिया युक्तश्च सर्वदा

सात कल्पको अन्त्यसम्म बाँचीरहने हे मार्कण्डेय ऋषे ! तपाईं-लाई नमस्कार छ । आयु र आरोग्य सिद्धिको निमित्त हामीलाई वरदान दिनुहोस् । हेमुनिहरूमा श्रेष्ठ ऋषे ! जस्तो तपाईं चिरञ्जीवी हुनुहुन्छ, त्यस्तै मलाई पनि चिरञ्जीवी बनाइदिनुहोस् । फेरि तपाईँ चिरञ्जीवी मात्र होइन, जस्तो रूपवान् धनवान्, र सर्वदा ऐश्वर्य श्रीसम्पन्न हुनुहुन्छ, मलाई पनि जसरी हुन्छ त्यस्तै बनाई दिनुहोस इत्यादि प्रार्थना गरेपछि —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

'सतिलं गुडसंमिश्रमञ्जल्यर्धमितं पयः
मार्कण्डेयाद् वरं लब्ध्वा पिबाम्यायुर्विवृद्धये' ॥

यो मन्त्र पढेर तिल, गुड मिसिएको दूध आधा अँजुली पिउनू। यसो गरेमा आयु बढ्दछ।

पुनश्च :— जन्म दिनमा यति कुरा गर्नु हुँदैन, बार्नु पर्छ भनी स्कन्द पुराणमा लेखिएको छ :—

खण्डनं नखकेशानां मैथुनाध्वागमौ तथा
आमिषं कलहं हिंसां वर्षवृद्धौ विवर्जयेत् ॥

अर्थात्— नङ नकाट्नू, कपाल नखौरनू, नकत्रनू, मैथुन नगर्नू, दोबाटो काटेर वाहिर ननिस्कनू, आमिष पदार्थ नखानू, कलह नगर्नू, हिंसा नगर्नू, असल मनोविनोदका कार्यहरू चाहिं गर्नू इत्यादि।

यसरी सर्वसाधारणका निमित्त पनि आफ्नो गच्छे अनुसार 'जन्मोत्सव' को विधान छ। 'जो' त 'नाविष्णः पृथिवीपतिः' राजा विष्णुको अवतार हो। 'नराणाञ्च नरेन्द्रोऽहम्' श्रीमद्भगवद्गीतामा श्रीकृष्ण भगवान्ले नरजातिमा नरेन्द्र (राजा) जो हो, त्यो मै हुँ। अर्थात् राजा मेरै अवतार हो भन्नु भएको छ। यस कारण राजाको जन्मोत्सव विशेष रूपमा मनाइनु यो शास्त्रसंमत आवश्यक कुरा हो। राजाका प्रति प्रजाले ईश्वरीय भावना गरी सर्वतोभावेन अनुगत र अनुशासित रहनुपर्दछ। राजाले पनि आफूलाई ईश्वरको आंशिक प्रतीक र प्रतिनिधि सम्झी प्रजाको भलाइमा प्रतिक्षण अन्वीक्षण गरी रहनुपर्दछ।

'राजा प्रजानां हृदयं गरीयो गतिः प्रतिष्ठा सुखमुत्तमञ्च'

राजानै प्रजाको मुख्य मुटु हो, गति (शरण) प्रतिष्ठा, उत्तम सुख इत्यादि सबै कुरा हो। राजा शिवाय प्रजाको अरू गति वा शरण

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

कोही हुँदैन, राजाले उपेक्षा गरिदिएमा चोर डाँका अन्यायी घुस्याहा-हरूको शिकार बन्नुपर्दछ ।

'यस्मिञ्जीवति जीवन्ति बहवः सोऽत्र जीवतु'

अर्थात्-- जो बाँचेमा धेरै प्रजाको भलो हुन्छ, रक्षा हुन्छ भने त्यस्ता राजा धेरैकाल बाँचीरहून न् भनी हाम्रो नीति शास्त्र र धर्मशास्त्रले पनि भन्दछ। यस कारण एक करोड नेपालीका शुभचिन्तक तथा संरक्षक हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको दीर्घायुष्य र आरोग्यको कामना गर्नु हाम्रो परम कर्तव्य हो। यस कारण फेरि पनि अष्टचिरञ्जीवीहरूसंग प्रार्थना गरौं –

'हाम्रा महाराजाधिराज सरकारका गाथमा
सदा आरोग्य राख, चिरञ्जीवी बनाऊ'।

—●—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

साह र शाह शब्दको विवेचना

ले. प्रा. गोविन्दप्रसाद भट्टराई

हाम्रो संमान्य राजवंशको परम्परा चलेर आएको आज श्री ५ महाराजाधिराज महेन्द्र-वीर-विक्रम–साहदेव समेत जम्मा ३३ पुस्ता भयो, त्यस मध्यमा श्रीप्रातः स्मरणीय राजा विचित्रखाँनका पालादेखि यस पवित्र वंशमा नामको पछाडि साह शब्दको उपाधि जोडिएको छ र पछि आफ्नो कुल (वंश) परम्परालाई भूषित गराउने भन्ने अर्थ गरेर वहाँको शुभ नाम कुलमण्डन साह हुनगयो, वहाँ नै साहवंशको प्रवर्तक भनिमानिनु भएको छ। त्यस पछिका जति राजवंश छन् उनीहरूमा साह शब्द लाग्दै आएको छ। तर आज जुन तालव्यादि शाह शब्दको प्रचुरमात्रामा प्रचलन हुन लागेको छ, त्यो चाहीं शाह शब्द त्यस ताकमात्र के भनौं आज पनि संस्कृत जगत्मा छदै छैन। भेडिया धसान वा गड्डलिका प्रवाह न्यायले आज जुन शाह शब्दको चल्ती बढेको छ, यसको मूलको अन्वेषण गर्दा यो शब्द अज्ञान वसनै चलेर आएको हो भन्ने कुरा सिद्ध हुन आउँदछ।

यो कुरा ता निश्चय पूर्वक भन्न सकिन्छ कि पहिले पहिले दन्त्यादि साह शब्दकै प्रयोग हुन्थ्यो, पछि आएर साह शब्दको अर्थ पट्टि विचारै नगरी मुगलकालमा प्रचलित तालव्यादि शाह शब्दको प्रचलन हुन आयो। यो गल्ती नै हो भन्न पनि सर्वसाधारणले नसक्ने भए, किनभने मुगलकालमा शाह जहाँ, शाहन शाह आदिमा लागेको शाह शब्दबाट हामी नेपालीहरू पनि प्रभावित हुनु र सो शाहलाई र यो साहलाई अभेद सम्झि शाह शब्दकै व्यवहार गर्नु धेरै साम्य थियो। संस्कृत नजानेकाहरू अर्थको के विचार गरिरहन्थे र, केही महीना अघिको कुरा हो शीतल निवासको फलामको ढोकामा 'अथिति भवन'

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

भनी ढलान गरी लेखिएको थियो. जुन अतिथिभवन नै भन्न खोजेको हो, त्यो बाटो हिंड्दा मेरा आँखा ती अक्षरहरूमा परे, पालेहरूलाई बोलाइकन तिमीहरूको हाकिमलाई भनिदेउ भनी आफ्नो सुझाव दिएँ, कुरा संझिहाले, तुरुन्त कालीगढलाई बोलाई काट् कुट् पारी अर्को नयाँ अक्षर थपे, ती टाँसीएका गाँसीएका अक्षर अहिले छन्। त्यस्तै 'कान्तीपथ' लेखिएका सूचना पाटी ठाउँ ठाउँमा छन्, जुन शुद्ध 'कान्ति-पथ' भन्न नै खोजेको हो। यस्तै खोजी गर्दै जाने हो भने यौटा अशुद्धताको ठेली नै बन्द छ, सोधी हालौं भने पनि नेपालीकरणको अमोघ अस्त्र जहाँ पायो त्यहाँ प्रयोग भइहाल्दछ, *'लज्जामेकां परित्यज्य सर्वत्र विजयी भवेत्'* भन्ने उक्तिलाई धेरैजसो विद्वान् बन्नुभएकाहरूले यथार्थ पालन गर्नु भएको छ। यस विषयमा कसले कपाल दुखाओस्। संस्कृत जानेकाहरू सके नेपाली पट्टि दृष्टि नै नदेलान्, दृष्टि दिइहाले पनि नबोलिदिने शिक्षा *'मुखरस्तत्र हन्यते'* बाट पाएकोले *'मौनं सर्वार्थ-साधकम्'* भन्ने पट्टि लागेछन् क्यार? त्यस्तै गरेर साह भन्न र लेख्न खोज्दा खोज्दै शाह शब्दपो सिहार्न पुगिएछ कि क्या? जस्तो मलाई लाग्दछ, त्यसैले यो लेख लेख्न धृष्टता गरेको छु, *'सत्ये नास्ति भयं क्वचित्'* भन्ने नीतिवाक्य र 'नबिराउनु, नडराउनु' भन्ने श्री ५ को महती वाणीलाई शिरमाथि राखि यो तलको लेख यथाबुद्धि यथाज्ञान लेख्तैछु।

यसै विषयमा मैले कतिपय साहवंशी भद्रपुरुषहरूसँग पनि छलफल गरेको हुँ। त्यस्तै साही ठकुरीहरूसँग पनि कुरा गरेको हुँ, जुन वंशजहरू केही वष अगाडिसम्म पनि आफ्नो नामको पछाडि साही लेख्तै थिए। वहाँहरूले स्पष्ट शब्दमा भन्नुभयो, हुनता हो, तर आज यसै तालव्यादि शाह शब्दले संमान र ख्याति पाइसकेको छ, यसलाई सुधार गर्न ता सार्है नै गाह्रो पर्दछ। मैले विचार गरें, आफूले पाएसम्म जानेसम्मको प्रमाण यथासक्य उपस्थित गराइदिनुसम्म आफ्नो कर्तव्य हो, यति भएपछि आफू धर्म फराक हुनपाउँदछु, सके मेरो सुझाव लागि

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

पनि हाल्ला, नलागे पनि प्रायश्चित्ती ता हुनुपर्ने छैन। अर्को कुरा श्री ५ महाराजाधिराजको शुभ नेतृत्वमा सवैथरी सेनातर्फका पदहरूको र मन्त्रालय प्रभृतिको समेत शुद्ध संस्कृत नामकरण हुँदै आएको छ भने साक्षात् वहाँकै शुभ वंश परम्परामा अघिदेखि चलिआएको दन्त्यादि साहशब्द अर्काको नक्कलमा शाह बन्न पुगेको भन्ने कुरा प्रमाणपूर्वक स्थापना गरेपछि अवश्य पनि सुधार हुनेछ, नभए पनि *'कर्मण्येवाधिकारस्ते माफलेषु कदाचन'* भन्ने उक्ति अनुसार निष्काम भएर यो लेख लेख्ने धृष्टता गरेको छु।

यो विषयको खोजी गर्न मैले आफ्नो पृथिवी–महेन्द्र महाकाव्य लेख्ताको प्रयासबाट प्रेरणा पाएको हुँ। २०१५ सालमा मैले पृथिवी महेन्द्र महाकाव्य लेखें। त्यो पुस्तक लेख्ता विभिन्न प्रकाशित र अप्रकाशित पुस्तकहरू समेत हेरें। प्रकाशित पुस्तकहरूमा साह वंशको क्रममा कहीं कुनै नाम देखिएकोले अरू पछिकाले लेखेको वंशावलीमा भन्दा श्री रामसाहका पण्डित चित्रविलासले संस्कृतमा लेखेको वंशावलीमा बढी प्रामाणिकता देखिन आएकाले मैले त्यही वंशक्रमलाई अँगाले र 'पृथिवी–महेन्द्र' महाकाव्य लेखें। चित्रविलासले त्यो वंशावलीमा तालव्यादि शाह नलेखी दन्त्यादि साहशब्द नै लेखेका छन्। त्यस पछि श्री ५ पृथिवीनारायण साहका पालाका पण्डितले लेखेको प्रशस्तिरत्नावली फेलापारेर हेर्दा त्यसमा पनि साह्रा प्रशस्तिहरूमा प्रशस्त मात्रामा *'साह'* यस्तो दन्त्यादि नै देखिएको र ती प्रशस्तिहरू सबैमा नै 'वीर-विक्रम-साहदेवानाम्' लेखिएकोबाट प्रशस्तिको चलन र प्रशस्तिका वाक्यहरू समेत त्यसै बखतदेखि चलेर आएकाले वीर-विक्रम साहदेवको साह किमार्थ पनि तालव्यादि शाह होइन भन्ने दृढता भयो। वीर-विक्रम-साहदेवको अर्थ वीर पराक्रमद्वारा शत्रुहरूलाई अभिभव (पराजय) गर्ने राजा वा ठूला वीरको पराक्रमलाई पनि अभिभव गर्ने राजा हो।

श्री ५ पृथिवी नारायणसाहका नै पण्डित श्रीजयमङ्गल यति-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ठूला विद्वान् थिएकि छओटै शास्त्रमा उनी पारङ्गत थिए। उनी स्वयं आफूलाई भन्दछन्—

व्याकृत्यम्बुधिपारगोऽमलमतिर्न्याय्याटवीकेसरी
कानीनोक्तिनिमज्जनेन सहसा शान्ति परां लब्धवन्॥
साहित्ये रसिकः प्रभाकरवचः संवेदको ज्योतिषां–
मर्मज्ञो जयमङ्गलोऽपि नृपतेः कीर्तौ परं मोदते॥

यस्ता महान् षट्शास्त्रमा नै निपुण भएका विद्वान् कविले पनि आफ्नो वृत्त कल्पलतिका नामको ग्रन्थमा द्रव्यसाह र रामसाहदेखिको उठान गरेर 'खलु डम्बरसाहदेवः, श्रीकृष्णसाहः प्रभुः' इत्यादिमा दन्त्यादि साहशब्दकै प्रयोग गरेका छन्। अब यसको अर्थ पट्टि विचार गर्नु पर्‍यो भनी सिद्धान्तकौमुदीको धातुपाठ हेरें। त्यसमा कहीं पनि शाह शब्द बनाउन उपयुक्त शह वा शाह धातु फेला पारिनं। त्यहाँ यौटा भ्वादि 'षह मर्षणे, धातु र अर्को दिवादि' 'षहुह' चक्यर्थे भनी लेखिएका धातु फेलापरे। चक्यर्थको अर्थ तृप्ति गरेको रहेछ। त्यसपछि व्युत्पत्ति अर्थ पट्टि विचार गर्दा तुराषाट् शब्दको विग्रहमा तुरं वेगवन्तं साहयति–अभिभवति यस्तो व्युत्पत्ति गरी 'अघेः' प्रसहने १।३।३३ सूत्रमा प्रसहनमभिभवः······भनी वृत्तिमा लेखिएको देखियो। ण्यन्त ३।१।२६ भ्वादि आत्मनेपदी सेट् षह धातुदेखि क्विप् प्रत्य भएर 'धात्वादेःषःसः' ले सत्व भई फेरि 'सहेःषाढः षः' ८।३।५६ ले षत्व 'अन्येषामपि दृश्यते' ६।३।१३७ ले पूर्वपदको दीर्घ वा आङ्प्रश्लेष वा "नहिवृति वृषि" ६।३।११६ ले दीर्घ। एकदेशविकृतन्याय लाएर 'दीर्घ विधौ' १।१।५८ कि लुक् इत्यादि नियमवाट तुराषाट् बन्दछ। सि. कौ. को तत्वबोधिनीमा जुन तुरं सहते यस्तो विग्रह गरेर 'छन्दसि सहः' ३।२।६३ ले ण्विः भयो भनी लेखिएको छ त्यो ठिक छैन। छान्दस प्रयोगको लोकमा व्यवहारै हुँदैन, त्यस्तै 'नहिवृति वृषि०' ६।३।११६ ले पूर्वपदको दीर्घ भयो भनी लेखिएको पनि ठिक छैन, किवन्त नह्यादिमा यसको प्रवृत्ति भए-

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

काले ण्यन्तमा यसको उपन्यास गर्नु अन्याय हुन्छ। तसर्थ तुरं वेग वन्तं सहते वा तुरस्त्वरितः सन् परवलानि सहते यस्तो विग्रह गरेर 'छन्दसि सहः' ३।२।६३ ले ण्वि प्रत्यय भयो भन्ने मुकुटलाई पनि यसै प्रमाणबाट प्रत्याख्यान हुन्छ भनी भानुजी दीक्षितले लेखेका छन्। इत्यादि प्रमाणबाट ण्यन्त सह धातुबाट अभिभव (जित्नु वा तिरस्कार) गर्नु अर्थमा अण् प्रत्यय भई साह शब्द बन्दछ भन्ने कुराको बोध हुन्छ।

अब वेद तर्फ जाऔं "सिथं ह्यसि सपत्नसाही" शु० य० ५।१० मन्त्रमा सपत्नसाहीको अर्थ 'सपत्नान् सोढुं शीलमस्या इति सपत्न-साही शत्रूणामभिभवित्री' भनी उव्वटले लेखेका र 'सपत्नान् सहते अभिभवतीति सपत्नसाही कर्मण्यण् शत्रूणामभिभवित्री' भनी महीधर (दुवै वेदका व्याख्याकार) ले आफ्नो आफ्नो व्याख्यामा लेखेका छन्। यताबाट साहयति वा सहते जे गरे पनि अण् प्रत्यय भएर साह शब्द बन्दोरहेछ भन्ने कुरा थाहा हुन्छ। त्यसको अर्थ शत्रुहरूलाई जित्ने भन्ने नै हुन्छ। अव वेदकै अर्को उदाहरण पट्टि जाऔं। 'ॐ राजाधिरा-जाय प्रसह्यसाहिने, नमो वयं वैश्रवणाय कुर्महे। स मे कामान् कामकामाय मह्यं, कामेश्वरो वैश्रवणो ददातु॥ कुवेराय वैश्रवणाय महाराजाय नमः।" यहाँ पनि प्रसह्य शत्रून् साहयति सहते वा भनी शत्रुहरूलाई बलात्कारले अभिभव गर्ने अर्थमा साही शब्दको प्रयोग भएको छ। तथा "उच्चै-र्वाजि पृतनाषाट् सभासाहं धनञ्जयम्। सर्वाः समग्रा ऋद्धयो हिरण्येऽ-स्मिन्समाहृताः। सम्राजं च विराजं चाभिष्टिर्या च मे ध्रुवा। लक्ष्मी राष्ट्रस्य या मुखे तमायामिन्द्र संसृज" (ऋ. अ. ४ खि ६) मा र "अभि गोत्राणि सहसा गाहमानो दयोवीरः शतमन्युरिन्द्रः। दुश्च्यवनः पृत-नाषाडयुध्योऽस्माकं सेना अवतु प्रयुत्सु" (शु. य. १७।३९ मा समेत पृतनां सभां वा साहयति सहते वा अभिभवतीति पृतनाषाड् वा सभाषाट् अर्थ गरेको छ। तसर्थ वेद र लोकमा समेत साह शब्द नै सवैले मानेका छन्। यसरी वेदमा लौकिक शास्त्रहरूमा र अन्यत्र पनि धेरै ठाउँमा

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri Funding

प्रशस्त मात्रामा यत्रतत्र जहाँ पनि साहशब्द नै पाइएको छ। तथा हाम्रो परम्परादेखि चलिआएको साही परिवारको प्रशस्तिमा पनि "*वीरविक्रमसाहदेवानां सदा समरविजयिनाम्*" भनी लेखिएको छ। यो हाम्रा नेपाली प्राचीन धुरन्धर संस्कृतका विद्वान्हरूले बडो शोच विचार गरी गरिएको प्रयोग हो। यो कुनै लहैलहैमा लागेर लेखिएको होइन। यसको ज्वलन्त उदाहरण प्रशस्तिरत्नावली नै छ। तथा पूर्णिमामा संगृहीत अभिलेख, अभिलेखसंग्रहका अखिलेख प्रभृति प्राचीन लेख-हरूले पनि यही कुरालाई पुष्टि गरेका छन्।

तसर्थ यी सबै प्रमाणबाट हाम्रो श्रद्धेय राजमुकुटको साही परिवारमा प्राचीनकालदेखि नै जुन 'वीर-विक्रम-साहदेव' भनी साह-शब्द राखिएको छ, जसलाई साहीवंश परम्परा वा साह घराना भनी मान्दछौं। त्यस्तो साहवंशको साहशब्द दन्त्यादि (दन्त्ये स पहिले लागेको) नै हो, तालव्यादि (तालुस्थानी श पहिले लागेको) किमार्थ होइन। जुन तालव्य शाह शब्द लेखिने गरेको छ त्यो ता शाह जहाँ, शाहन शाह आदिमा जस्तो मुसलमानी शाह शब्द हो। हाम्रो विशुद्ध चन्द्रवंशी ठकुरी राजवंशमा यो शाह शब्दको प्रयोग हुनु सुहाउने कुरा होइन। वैदिक र लौकिक शास्त्रमा कहीं पनि प्रयोगमा नआएको यो शाह शब्दका साथ कसरी वीर-विक्रम र देव शब्दको समास गरेर राख्नु। समर्थः पद विधिः ले व्युत्पन्न संस्कृत शब्दको त्यस्तै अर्को शब्दका साथमा मात्र सम्बन्ध हुन्छ र '*सह सुपा*' ले सुबन्तको सुबन्तका साथमा समास हुन्छ। यो अकाट्य नियम छ। शाह शब्दको श तालव्य मानेको खण्डमा त्यो शब्द संस्कृत संसारमा बन्दै नबन्ने भएकाले त्यो अव्युत्पन्न भयो, त्यो भाषान्तर शब्दबाट सुबादि विभक्ति नआउने हुनाले त्यसका साथमा व्युत्पन्न वीर-विक्रम र देव शब्दको समासै हुँदैन, समास नभए पछि वीर-विक्रम शाहदेव यो एक समस्त शब्द नै बन्दैन। किनभने वीर-विक्रम, यो पनि शुद्ध संस्कृत, देव, यो पनि शुद्ध संस्कृत, यसका साथमा असंस्कृत र अव्युत्पन्न शाह शब्दको मेल हुँदैन

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

र यौटै समस्त शब्द बन्दैन, नबने पछि जबरजस्ती जोडेको पदयुक्त यो वाक्य अशुद्ध नै हुन्छ, यस्तो अशुद्ध पद रहिरहनु हाम्रो पवित्र प्रातःस्मरणीय राजमुकुटको वंश परम्परालाई सुहाउने कुरा होइन। यसै विचारले मैले आफ्नो 'पृथिवी-महेन्द्र' महाकाव्यमा शाह यो तालव्यादि पदलाई छाडेर दन्त्यादि साह शब्दलाई नै सर्वत्र प्रयोगमा ल्याएको छु। त्यस्तै मेरा अरू रचनाहरूमा पनि प्रयोग भएको छ।

मैले यहाँ यथासंभव प्रमाणहरू उपस्थित गरेको छु। यस्ता उदाहरणहरू खोज्दै गएको खण्डमा वेद पुराण प्रभृतिमा अरू पनि घेरै पाइन सक्छन्। यो ता यौटा मोटामोटी नमुनासम्म मात्र हो। यो सानो लेखमा यहाँ भन्दा घेरै प्रमाण राख्नु उपयुक्त पनि संझिन। आजसम्म यस विषयमा कसैको पनि दृष्टि नगएकोले आफूले जाने बुझेको कुरा सबैका सामू राखिदिनु उपयुक्त संझेर यो लेख लेख्ने धृष्टता गरेको छु, यसमा विवेकी विद्वान्हरूले विवेक गर्दिनु हुनेछ।

मैले यो पवित्र आदर्शमय राजवंशपरम्परामा रहन आएको साह शब्दको विषयमा जो अन्वेषण गरेको छु त्यसमा कुनै च्युति हुनगएको भए त्यो च्युतिको विषयमा र कुनै अनुचित शब्द पर्न गएको भए त्यस विषयमा पनि क्षमापाउन सबै सज्जनसँग अनुरोध गर्दछु। किनभने अच्युत एउटै मात्र हुनुहुन्छ र अरू सबै च्युत नै छन्, त्यसैले कुनै न कुनै मात्रामा सबैको कुनै न कुनै च्युति हुन सक्तछ।

जयदेश, जयनरेश

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri Funding:

दुई विचारधारामा टक्कर

प्रो० जी० सी० शास्त्री

संसारमा विचारहरूकै शासन हुन्छ। यसकारण हिन्दूधर्मले गायत्री लाई सबभन्दा ठूलो स्थान दिएको छ। यस मन्त्रमा सद् विचार, सद्बुद्धिको प्रार्थना पाइन्छ। संसार दुई विपरीत विचार-धारा जस्तो– साम्यवाद र प्रजातन्त्रवाद, वैदिक र अवैदिक विचार-धारामा साथै संघर्ष रहिआएको छ।

वैदिक विचारधारामा विश्वप्रेम, विश्वबन्धुत्वको निमित्त प्रार्थना पाइन्छ— "हामी सबैलाई मित्रको दृष्टिले देखौं" (मित्रस्य चक्षुषा समीक्षामहे)। यसमा उच्चकोटिको राष्ट्रिय-भावना पनि पाइन्छ। राष्ट्र, स्वधर्म तथा संस्कृतिप्रेम विना विश्वप्रेम एक विडम्बना मात्र हुन्छ।

वेदमा आफ्नो स्वतन्त्रता, स्वाधीनताको निमित्त प्रार्थना छ। जस्तो 'हामीलाई शत्रुले पराजित गर्न न सकून्, हामी सदा स्वतन्त्र विजयी रहौं। (अजिताः अहताः अक्षताः स्याम) हामी सबै कसै संग भिक्षा याचना नगरौं, मेरो पुत्र शत्रुहरूलाई मार्ने योग्य तथा पुत्रीहरू गुणहरूले अलंकृत होऊन् (मम पुत्राः शत्रुहणः अथो मे दुहिता......ऋग् १०·१५) शत्रुहरूलाई मार्नको निमित्त हामी संग उत्तम २ अस्त्र शस्त्रहरू होऊन् ("स्थिरत्व सन्तु आयुधाः पराणुदे")

यसकारण प्रायः सबै वैदिक हिन्दू देवी देवताहरूको हातमा अस्त्र शस्त्रहरू हुन्छन् तथा तिनीहरू सबै विवाहित रहन्छन्। इन्द्रको हातमा वज्र, रुद्रको त्रिशूल, वरुणको पाश इत्यादि। देवीहरू ४-८-१८-२४ भुजाहरूले सुसज्जित भएका हुन्छन, जो शक्तिका प्रतीक हुन्।

राष्ट्रको रक्षाको निमित्त वीर विदुषी सन्तानको नितान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

आवश्यकता रहन्छ। यसै कारण वेदमा स्त्रीलाई 'वीरसूः' 'वीरकुक्षि' — 'पुरन्धि' (बुद्धिमती) आदि भनिएको छ। गृहस्थीलाई उच्च स्थान दिइएको छ। स्त्री विना मनुष्यको यज्ञ-यागादि कुनै पनि शुभ कार्य सफल हुँदैन। वैदिक विचारधाराले यज्ञलाई उच्च स्थान दिएको छ। "हाम्रो आयु, प्राण, नाक, कान, चक्षु...सबै यज्ञको अनुष्ठानले बलवान् होऊन्" (आयुर्वै यज्ञेन कल्पतां, प्राणो यज्ञेन कल्पतां) अर्थात् मनुष्यले जीवनमा त्याग गर्न जरूरी छ। समाज राष्ट्रको सेवा विना कुनै प्रकारको उन्नति, विकास असम्भव छ। यसै कारण *यज्ञ हाम्रो आत्म-समर्पण समष्टि जीवनको द्योतक मानिएको* हो। हामी सबै मिलेर राष्ट्र र समाजको सेवा गरौं। वेदका सबै प्रकारका प्रार्थनाहरू सामूहिक छन्— 'हामी सबै मिलेर हिडौं, मिलेर बोलौं र मिलेर नै विचार गरौं' (संगच्छध्वं, संवदध्वं, सं वो मनांसि जानताम्) संगठन तथा सामूहिक, त्यागमय-जीवन विना कुनै पनि राष्ट्र, समाज या व्यक्तिको उन्नति अथवा रक्षा असम्भव हुन्छ। यसैकारण वेदमा स्पष्ट व्याख्या गरिएको छ– सबै वस्तु परमात्माको देन हो। यसकारण यसलाई त्यागद्वारा (बाँडेर) भोग गरून्। अति लोभ न गरून्। यो धन कसको हो ?' (ईशावास्यमिदं सर्वं,...तेन त्यक्तेन भुंजीथाः मा गृधः कस्यस्वित् धनम्–") यज्ञमा व्यक्त गरिएको जीवन नै सामूहिक त्यागको जीवन हो। मनुष्यले समाजमा विषमता उत्पन्न गर्न न देओस्। यस आर्थिक विषमताबाट नै राष्ट्रमा अशान्ति अराजकता उत्पन्न भएर राष्ट्रको नाश हुन्छ। अतः गीतामा भगवान् श्री कृष्णले भन्नु भएको छ "म सबै प्राणिहरूमा बराबर छु" (समोऽहं सर्वभूतेषु)।

कर्मठ जीवन – वैदिक विचारधाराले कर्मठ जीवनलाई उत्तम मानेको छ। अलसी, निष्क्रिय व्यक्तिबाट राष्ट्रको सदा पतन हुन्छ। एक सानो देश,–ग्रिसको राजा सिकन्दरले विशाल पर्शिया राज्य-लाई जिते। उनले आफ्नो विजयको रहस्य बताउँदै भनेका छन्

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कि पर्शियाका व्यक्तिहरूमा अनुशासनहीनता, आलस्यपना तथा असमानताको भाव प्रचूर मात्रामा थियो।

वैदिक जीवनमर्यादामा कर्तब्यलाई एक उच्च स्थान दिइएको छ (कर्मण्येवाधिकारस्ते—गीता)। जन्मेदेखि मृत्यु पर्यन्त व्यक्तिलाई आफ्नो कर्मठ जीवनद्वारा राष्ट्रको ऋणबाट मुक्त हुन वैदिक विचारधाराले आदेश दिएको छ। उसलाई देवऋण, ऋषिऋण, पितृ ऋण तथा मनुष्य ऋण चुकाउनु अनिवार्य छ। राष्ट्रका विभूतिहरू तथा देवमन्दिरहरूको रक्षा देव ऋण, राष्ट्रको संस्कृति, साहित्य र भाषाको रक्षा, ऋषि ऋण, राष्ट्रको जनसंख्याको रक्षा, पितृ ऋण पण्डित जनता जनार्दनको रक्षा मनुष्य ऋणको रूपमा गर्नु पर्दछ। यस कर्तव्य पालनको निमित्त मनुष्यको जीवनलाई चार आश्रमहरूमा बाँडिको छ– '(१) ब्रह्मचर्य आश्रम (२) गृहस्थ आश्रम (३) वानप्रस्थ आश्रम तथा सन्यास आश्रम।

ब्रह्मचर्य आश्रममा २५ वर्ष सम्म भोगविलासिताबाट मुक्त भएर अनुशासित कठोर जीवनमा रहेर विद्याध्ययन गर्नु पर्दथ्यो। २५ बाट ५० वर्ष सम्म गृहस्थ आश्रममा रहेर आफ्नो जीविका उपार्जन गरेर यसै द्वारा जनसंख्याको रक्षा गर्नु पर्दथ्यो। सबै आश्रम भन्दा गृहस्थाश्रमलाई उच्च स्थान दिइएको छ। ५० देखिन् ७५ वर्ष सम्म वानप्रस्थ आश्रममा—अवकाश प्राप्त गरेर आफ्नो राष्ट्रको निःशुल्क सेवा गर्नु अनिवार्य थियो। जसबाट आफ्नो देशलाई अनुभवी, परिपक्व व्यक्तिहरूको सेवा सुलभ हुन्थ्यो। सन्यास आश्रममा फेरि विद्वान व्यक्तिहरू विश्वकल्याणबाट प्रेरित भएर संसारको सेवामा लाग्दथे। यस वर्णाश्रमको फलस्वरूप जीवन सुनियन्त्रित र राष्ट्र उन्नतिको शिखरमा थियो।

अवैदिक विचारधारा:—

यसमा विपरीत जब *अवैदिक विचारधारा* फैलियो तब राष्ट्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

छिन्न भिन्न भयो र देशमा विदेशीहरूको आक्रमण भयो। विपरीत (अवैदिक) विचारधारामा—सब संसार दुखमय छ, यसकारण त्याज्य छ। यसकारण दुनियाँबाट भाग्न पर्छ र योगि योगिनी, भिक्षु भिक्षुणी बनेर मुक्ति प्राप्त गर्नु पर्दछ संसारमा ईश्वर कहाँ पनि छैन (सर्वं अनीश्वरं जगत्) यसकारण हामीहरूले भोग विलासबाट जीवन बिताउनु पर्छ। स्वर्ग नरकको कल्पना सबै झूटो हो। अतः खाऊ, पिऊ, बाँच र मोज गर (ऋणं कृत्वा घृतं पिबेत्)। अहिंसा नै सबभन्दा ठूलो धर्म हो (अहिंसा परमो धर्मः) इत्यादि।

उपर्युक्त विचारहरूबाट राष्ट्रको अधः पतन भयो जो इतिहास साक्षि छ। जब मुसलमानहरूको नालन्दा बिक्रमशीला आदि बौद्ध विश्वविद्यालयमा आक्रमण भयो तब "अति अहिंसावादको" कारणले गर्दा लाख भन्दा बढी व्यक्तिहरूलाई तरवारको शिकार गरियो। जब बौद्ध भेषधारी ग्रिक विजेता मीनान्दर (मिलीन्द) ले आक्रमण गरे तब "अति मानवतावादी" बौद्ध जनताले आफ्नो राष्ट्रको साथ न दिएर विदेशीको साथ दिए र यसको फलस्वरूप देशको स्वतन्त्रताको एकदमै नाश भयो। त्यही कुरा हामी मुसलमानहरूको सिन्ध विजयमा पाउछौँ। सिन्धमा बौद्धहरूले अति मानवताको कारण शत्रुलाई साथ दिए। देशको पतन भयो र पछि ती सबै बौद्धहरू तरबारका शिकार भए र पछि केहीलाई मुसलमान बनाइयो। दोस्रो विश्वयुद्धमा जर्मनीले ७०-८० दिन भित्र नै फ्रान्समा विजय प्राप्त गर्‍यो। भोगविलासको कारण फ्रान्स जर्मनी संग लड्न असमर्थ भयो। फेरी त्यहांका युवतीहरूले आफ्नो आनन्दको निमित्त सन्तान उत्पादन गरेनन् जसबाट फ्रान्सको जनसंख्या एकदम कम भयो र जर्मनीले यसमा आधिपत्य गर्‍यो। *तिब्बतमा* पनि भिक्षु भिक्षुणीको संख्या बढेर नै जनसंख्या, राष्ट्रियताको अभाव भयो र देश पराधीन भयो। अशोकको अति अहिंसा नीतिको कारणले नै विशाल मौर्य साम्राज्य ५० वर्ष भित्र समाप्त भयो। फेरी अशोकको नीति पालन गर्ने सम्राट

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हर्षवर्धनको पनि यही अवस्था भयो। यिनले राज्यमा मासु खाने, प्राणी हत्या गर्नेहरूलाई प्राणदण्डको आदेश जारी गरेका थिए। एक चोटि कुनै व्यापारीले अहिंसावादी गुजरातको राज्यमा एक प्राणि (ज्यू) लाई मारिदियो फलस्वरूप त्यस व्यापारीको समस्त सम्पत्ति जफत गरिदिइयो र त्यहाँ त्यस प्राणिको नामबाट 'ज्यू विहार' बनाइयो। यसै किसिमले एक व्यक्ति काँचो मासु लिएर गइरहेको समयमा पक्डियो र उसलाई प्राण दण्ड दिइयो। भारतमा हिन्दू र बौद्ध धर्मको यस परस्पर भिन्न विचारधाराको कारण देशको स्वतंत्रता कैयौं चोटि आपद्मा पर्‍यो र देशलाई कैयौं विपत्तिहरूको सामना गर्नु पर्‍यो। विदेशी शक्तिहरू पनि गुप्तरूपद्वारा यस्तो विचारधाराहरूलाई उत्पन्न गराएर देशको स्वतन्त्रताको अपहरण गर्दछन्।

सौभाग्यले हिन्दूराष्ट्र नेपालले आफ्नो स्वतन्त्रतालाई अक्षण्ण बनाई राखेको छ। यसको मूल कारण वैदिक परम्परा, संस्कृति, राष्ट्रिय भावना, स्वतन्त्र प्रेम नै हो। जापान फैं यहांका बौद्ध पनि राष्ट्रवादी छन्। तिनीहरू पनि हिन्दूहरू फैं यज्ञयागादि बलि इत्यादि गर्दछन्। अहिंसावादी छैनन। तिनीहरू (बौद्ध) पनि हिन्दूदेवता पशुपति आदिलाई मान्दछन्। साम्राज्यवादीहरूले यहाँ हिन्दू तथा बौद्धमा वैमनस्यता उत्पन्न गराउन सकेनन् जसरी अन्यत्र गराएका थिए। यसैकारण नेपालको *सांस्कृतिक एकताद्वारा राष्ट्रिय एकता बनेको हो।*

हामी राष्ट्रको हित स्वतन्त्रताको निम्ति सदा जागरूक रहौं। *"वयं राष्ट्रे जागृयाम पुरोहिता:"* — वेद

—❀—

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

अब हामीले सोच्नु छ कि के वेद ऋषि–निर्मित हुन् ? वेदका प्रत्येक मन्त्रको ऋषि, छन्द र देवताहरूको निर्देशन बृहद्देवता, अनुवाकानुक्रमणी, सर्वानुक्रमणी आदि ग्रन्थमा प्राप्त हुँदा कल्पना गर्न सकिन्छ कि ऋषि मन्त्रका रचयिता हुन् । कारण –

'यामृषयोम न्त्रकृतो मनीषिणः अन्वैच्छन्देवास्तपसा श्रमेण ।
तां दैवीं वाचं हविषा यजामहे सा नो दधातु सुकृतस्य लोके ॥'
(तै. ब्रा. २।७।७)

'नम ऋषिभ्यो मन्त्रकृद्भ्यो मन्त्रपतिभ्यः' (तै. ब्रा ४।१।१)

इत्यादि श्रुतिमा ऋषिहरूलाई 'मन्त्रकृत्' भन्ने स्पष्ट उल्लेख छ ।

व्याकरणशास्त्रमा विचार गर्दा पनि यस कुराको आभास पर्दछ । पाणिनिले 'तेन प्रोक्तम्' (पा. सू. ४।३।१०१) र 'कृते ग्रन्थे' (पा. सू. ४।३।११६) यी दुइ सूत्र भिन्न अधिकारमा आरम्भ गरेका छन् । 'प्रोक्त' भन्नाले प्रवचन, प्रकाशन गरेको र 'कृते' भन्दा बनाएको भन्ने अर्थ कैयटको भाष्यप्रद्योत र नागेशको उद्योतबाट स्पष्ट छ । 'तेन प्रोक्तम्' यसको भाष्यमा महाभाष्यकार पतञ्जलिले यो शङ्का उठाएका छन् कि *'कृते ग्रन्थे'* यसबाटै गतार्थ हुने हुनाले यो सूचना किन ? वेदका निमित्त भनौं भने वैदिक अर्थ नित्य भए पनि वेदको वर्णानुपूर्वी महाप्रलयमा नष्ट हुन्छ । यसअर्थ *'काठकम्,कालापकम्'* इत्यादि शाखावाचक शब्द *'कृते ग्रन्थे'* सूत्रबाटै निष्पन्न हुन सक्तछन् । अतएव *'माधुरी वृत्तिः'* इत्यादिका निमित्त मात्र *'तेन प्रोक्तम्'* आरम्भ भएको हो भन्ने निष्कर्षमा पुगेका भाष्यकार र तदनुयायी कैयट र नागेश पनि देखिन आएकाले ऋषिहरूको शाखाकर्तृत्व पनि प्रमाण-सिद्ध हुन आउँछ । यसै गरेर सूक्त सम्बन्धी ऋषिहरू पनि सूक्त रचयिता नै हुन् भन्नु पर्दछ ।

वैशेषिक दर्शनमा कणाद मुनिले पनि *'बुद्धिकृता वाक्यकृतिर्वेदे* (वै. सू. ६।७); *तद्वचनादाम्नायस्य प्रामाण्यम्'* (वै. सू. १।३) इत्यादि

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वाक्य वेदलाई आप्तवाक्य हुनाले प्रमाण हुन् भन्नका निमित्त प्रस्तुत गरेको बुझिन्छ। यसै प्रकार न्यायसूत्रकार गौतम ऋषिले वेदको प्रामाण्यको समर्थन गर्दै आफ्नो न्यायशास्त्रमा उल्लेख गरेका छन् कि – *'मन्त्रायुर्वेदप्रामाण्यवच्च तत्प्रामाण्यमाप्तप्रामाण्यात्'* अर्थात् आप्तोक्त शब्दको मात्र प्रामाण्य मानिन्छ। जस्तै विष-निवारण मन्त्र र आयुर्वेदको प्रामाण्य उसको फलसिद्धि देखेर मानिन्छ, फलसिद्धिबाट वक्ताको आप्तत्व निश्चय हुन्छ र स्थालीपुलाक-न्यायले उसको सम्पूर्ण कथन प्रमाण नै मानिन्छ, यस्तै प्रकारले वेदहरूको प्रामाण्य सिद्ध हुन्छ। यसको भाष्यमा वात्स्यायनले स्पष्ट लेखेका छन् कि आयुर्वेद आदिको जो रचयिता हुन्, उनै वेदका द्रष्टा हुन्। यसैकारण उनमा प्रामाण्य निश्चय भएकाले सम्पूर्ण वेदमा प्रामाण्य सिद्ध हुन्छ।

फेरि कण्ठताल्वादिको अभिघातबाट शब्दको उत्पत्ति भएको प्रत्यक्ष छ, शब्द तत्क्षणमा नष्ट पनि हुन्छन्, अतएव शब्द अनित्य छन्। यसैगरी जुनसुकै वाक्य या ग्रन्थ पुरुषबाटै निर्मित भएको लोकसिद्ध कुरा छ। जगन्नियन्ता परमात्माले जसरी सबै जगत्को सृष्टि गरे उसैगरी वेदको रचना गरे।

अर्को कुरा छ, प्रामाण्य स्वतः सिद्ध छैन। कारणमा गुण भए प्रमाणमा प्रामाण्य आउँछ। शब्दमा वक्ता आप्त अर्थात् यथार्थवक्ता र यथार्थज्ञाता हो भने, प्रामाण्य मानिन्छ। यस स्थितिमा यदि वेदको कोही वक्ता नहोस् त उसमा प्रामाण्य कसरी मान्न सकिएला। ईश्वरलाई वक्ता मानेमा वेदको प्रामाण्यमा केही सन्देह उठ्न सक्तैन। किनकि ऊ परम आप्त हो। अतः वेदलाई ईश्वरकृत मान्नु नै उत्तम सिद्धान्त हो। यसरी न्याय-वैशेषिक दर्शन वेदलाई पौरुषेय सिद्ध गर्दछन्।

अब वेद अपौरुषेय हो भन्ने सिद्धान्तपक्षमा उत्रँदा यी कुराको ख्याल राखौं— जैमिनि महर्षिको मतबाट हेर्दा।

'उक्तन्तु शब्दपूर्वत्वम्' (मी. सू. १।१।२९) यस सूत्रको आधारमा वेद अध्ययन-परम्पराबाटै प्राप्त छ भन्ने बुझिन्छ। प्रलयकालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

पनि वैदिक सम्प्रदाय वेदरक्षार्थ सुरक्षित थियो । मत्स्यपुराणको आरम्भमा नै—

'सोमसूर्यावहं ब्रह्मा चतुर्लोकसमन्वितः ।
नर्मदा च नदी पुण्या मार्कण्डेयो महानृषिः ॥
भवो वेदाः पुराणानि विद्याभिः सर्वतोवृतम् ।
त्वया सार्धमिदं विश्वं स्थास्यत्यन्तरसंक्षये ॥'

(म. पु अ. १–२, श्लो. १२–१४)

सोम, सूर्य, विष्णु, ब्रह्मा, मार्कण्डेय, शङ्कर र मनुको एक वैदिक सम्प्रदायविशेष प्रलयकालमा नाश नहुने भनेर उल्लिखित छ ।

मुक्तावलीको शब्दखण्डमा दिनकरी र रामरुद्रीमा महाप्रलयको खण्डन गर्दै "धाता यथा पूर्वमकल्पयत्" यस श्रुतिलाई खण्डप्रलय-परक मानेको छ । उक्त मत्स्यपुराणको प्रसङ्गले पनि खण्डप्रलय नै प्रस्तुत गरेको छ । मीमांसकहरूको ता कुरै भएन ।

'लोकस्यात्यन्तिको नाशो वैदिकानां नसंमतः ।
महतां वेदमार्गाणां स्रोतोभङ्गप्रसङ्गतः ॥'

(मानमेयोदय)

यसरी वेद अनादि अविच्छिन्न सम्प्रदायबाट प्रवर्तित छ भन्ने कुरा मीमांसकहरूले निश्चित गरेका छन् ।

वेद ईश्वर प्रवर्तित हो भन्ने पक्ष पनि—

'अस्य महतो भूतस्य निश्वसितमेतद्यद् ऋग्वेदः'

(बृ. २।४।१०)

'तस्माद्यज्ञात्सर्वहुत ऋचः सामानि जज्ञिरे छन्दांसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत' ।

इत्यादि वचनको आधारमा खडा हुन्छ । तर ईश्वरको निश्वासरूपमा वेदको वर्णन भएकोबाट निश्वास-प्रयत्नजन्य नहुने स्वतःसिद्ध छ र

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

ईश्वरको वेदकर्तृत्व यस वचनबाट सिद्ध गर्न सकिँदैन । 'जनि प्रादुर्भावे' धातुबाट निष्पन्न 'जज्ञिरे' यो शब्द वेदको उत्पत्ति बताउँदैन, केवल प्रादुर्भावमात्र बुझाउँछ । अतएव 'यःकल्पः स कल्पपूर्वः' यस न्यायले पूर्वकल्पको संस्मरणद्वारा ब्रह्माजीलाई वेदको उपदेश गरिएको कुराः--

'यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै' ।

–श्वेताश्व (६।१८)

यस श्रुतिमा प्रतिपादित छ लोकमा वेदको ठूलो प्रामाण्य देखेर *'स्थितस्य गतिश्चिन्तनीया'* यस न्यायले वेदको स्थितप्रामाण्यको पुष्टिमा विभिन्न दृष्टिकोणले विचार गरियो । ऋषिहरूको मतभेद देखिएकोमा अर्वाचीन विद्वान्हरू पनि यसबारे आफ्नो-आफ्नो मत व्यक्त गर्दै आएका छन् ।

मीमांसकहरू भन्दछन्– कुनै पनि ज्ञानको प्रामाण्य स्वतः सिद्ध छ, किन्तु अप्रामाण्य परतः मानिन्छ । अतः वेदबाट जो ज्ञान हुन्छ, त्यसमा अप्रामाण्य आउने कारण केही देखिदैन र त्यो स्वतः प्रमाण छ । नैयायिकहरू वैदिक या लौकिक शब्द प्रयत्नजन्य मान्दछन् । तर उच्चारण प्रयत्नले शब्दको अभिव्यक्तिमात्र हुन्छ, शब्दको उत्पत्ति हुने होइन । *'स एवायं गकारः'* उही गकार वारंवार भनिएको छ भन्ने प्रत्यभिज्ञा हुने हुनाले शब्दको नाश हुँदैन । शब्दसित अर्थको सम्बन्ध पनि नित्य छ । शब्दले संधै अर्थ बताइरहन्छ, किन्तु शक्तिग्रह नभए-सम्म हामी बुझ्दैनौं । पदजनित पदार्थ उपस्थित भएपछि लक्ष काटेर वाक्यार्थबोध पनि स्वतः हुन्छ । यहाँनिर यो कुरा बिर्सन हुँदैन कि वृद्ध व्यवहारबाट शक्तिग्रह बालकलाई हुने कुरा निर्विवाद छ । आचार्य उदयनको अनुसार *'मायावत् समयादयः'* (न्या. कु. २ स्तव.) यो पक्ष मीमांसकलाई मान्य छैन । उदयनको मतमा ऐन्द्रजालिक, कठपुतली नचाई, बालकलाई शक्तिग्रह गराउना निमित्त भए झैं ईश्वर सृष्टिको आदिमा प्रयोज्य-प्रयोजकरूप लिई शब्दको शक्तिग्रह

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

गराउँछ यस्तो कल्पना गरिएको छ। कठादिशाखा पनि प्रवचन निमित्त हुनाले ग्रन्थद्वारा पनि वेदमा पुरुषको प्रवेश मीमांसकहरू स्वीकार गर्दैनन्।

'यत्नतः प्रतिषेध्योनः पुरुषाणां स्वतन्त्रता' पुरुषको वेदमा यत्नतः प्रतिषेध गर्नुपर्ने कुरा कुमारिल भट्टले घोषणा गरेका छन्। अतएव वेदको लक्षण—

'अपौरुषेयं वाक्यं वेदः'

यस रूपको सिद्ध हुन्छ। अतएव ईश्वरलाई सर्वज्ञ मानेर ईश्वरबाट वेदको रचना मान्नु अस्वाभाविक कल्पना हुन्छ। संसारमा सर्वज्ञ पुरुष कोही छैन। वेदको " *यः सर्वज्ञः स सर्ववित्*" यो वचनको आधारमा ईश्वर सर्वज्ञ छ भन्नलाई पहिले वेदको प्रामाण्य स्थापन गर्नुपर्‍यो र वेदको प्रामाण्य प्रथमतः स्वीकृत नभै कुनै पुरुषको सर्वज्ञता लोक विरुद्ध हुन्छ। यसअर्थ वेदको प्रामाण्य स्थापनलाई शब्दको स्वतः प्रामाण्यवाद स्वीकार नगरी छुट्पाइँदैन। अतएव योगशक्ति-बाट ऋषिहरू वेदकर्ता हुन्, मन्त्रकर्ता हुन् भन्ने पक्ष पनि असमञ्जसमा पर्दछ। योगादि क्रिया पनि वेदबाट जानेरै गरिन्छ। वेदै नभए ऋषिहरूको योगशक्ति प्राप्त गर्ने प्रवृत्ति नै कसरी हुन्छ। ऋषिहरूलाई *'मन्त्रकृत्'* भन्नाको अभिप्राय हो मन्त्रको जप अनुष्ठानद्वारा कुनै सिद्धि प्राप्त गरेका हुनाले। मन्त्रशक्तिका आविष्कर्ता संझिएर *'मन्त्रकृत्'* मन्त्रद्रष्टा भनिएका हुन् भन्ने कुरा यास्कैको निरुक्तबाट पनि ध्वनन हुन्छ। *'यत्काम ऋषिर्यस्यां देवतायामार्थपत्यमिच्छन् स्तुतिं ··· प्रयुङ्क्ते तद्दैवतः स मन्त्रो भवति।'* कामना विशेषले मन्त्रद्वारा देवताको स्तुति ऋषिले गर्दछन्, त्यो मन्त्रको देवता त्यही हो। अर्थात्— त्यस मन्त्रको ऋषि पनि त्यही हो भन्ने कुरा ध्वनित हुन्छ।

'एवमुच्चावचैरभिप्रायैर्ऋषीणां मन्त्रदृष्टयो भवन्ति'।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

'आफ्नो भिन्न-भिन्न अभिप्रायको अनुसार ऋषिहरू मन्त्रद्रष्टा हुन्छन्'। यस यास्क वाक्यको पनि पूर्वोक्त वाक्यसित एक वाक्यता हुने देखिन्छ।

महाभाष्यकार पतञ्जलिले "अर्थ नित्य भए पनि वर्णानुपूर्वी अनित्य छ' भनेको हुँदा वेदका प्रवर्तक ऋषि हुन सक्तछन् भन्ने आशङ्का जो देखा पर्दछ त्यो पनि अयुक्त छ।

'*न सोऽस्ति प्रत्ययो लोके यः शब्दानुगमादृते*' अर्थात् विना शब्दोच्चारण अर्थको प्रतीति असम्भव हुन्छ यो व्याकरण सिद्धान्तले अर्थको शब्दका साथ सहभ्गितत्व बुझिन्छ। अतएव उद्योतकार नागेशले– "*नित्यत्वन्तूभयोः*" यस उक्तिले भाष्यकारको अनास्थामा अरुचि प्रकट गरेका छन्।

अब पश्चिमी विद्वान्हरूको बारे हामी यही भन्न चाहन्छौं कि उनीहरूले दार्शनिक गहिराइबाट केही सोच्न सकेका छैनन् तापनि शब्दको बारे उनीहरूको वैज्ञानिक अनुसन्धानले अवश्य नै केही वैदिक दृष्टिकोण खोल्ने छ।

सानो निबन्धमा धेरै विचार प्रस्तुत गर्न असम्भव हुनाले अब उपसंहार पट्टिलाग्नु परेको छ।

ऋग्वेदादि भाष्य भूमिकाको एक पङ्क्ति यहाँ उद्धृत गरी वेद ऋषि निर्मित हो भन्ने अति प्रसिद्ध भ्रान्तिलाई निराकरण गर्दै लेख टुङ्ग्याउँछु।

"यो *मन्त्रसूक्तानामृषिर्लिखितस्तेनैव तद्रचितमिति कुतो न स्यात् ? मैवं वादि । ब्रह्मादिभिरपि वेदानामध्ययनश्रवणयोः कृतत्वात् । ... ... यदर्षीणामुत्पत्तिरपि नासीत्तदा ब्रह्मादीनां समीपे वेदानां वर्तमानत्वात्*"। अर्थात् मन्त्र, सूक्तहरूका जो ऋषि लेखिएका छन् तिनैले त्यसको रचना गरेको हो भन्ने मानेमा के हुन्छ ? यसो नभन, किनकि ब्रह्मा

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

आदिले पनि वेदको अध्ययन श्रवण गरेका थिए। ··· ··· जब वेदमा लेखिएका ऋृषिको उत्पत्ति भएकै थिएन। त्यसवेला पनि ब्रह्मा आदिको समीपमा वेद विद्यमान थिए। फेरि वेदमा आएका इतिहास, कथा र पुरुषनाम प्रवाह नित्यताको आधारमा वर्णन गर्नुपर्दछ। अतः वेद अपौरुषेय हो।

—❀—

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

तन्त्र र नेपालमा तान्त्रिकपरम्परा

लेखक शेषराजशर्मा रेग्मी

आर्यसंस्कृतिका आधारस्तम्भ निगम र आगम मानिएका छन्। वेदलाई "*निगम*" र तन्त्रलाई "*आगम*" भन्दछन्। कतिपय विद्वान्का मतमा निगम र आगम यी दुवै तन्त्रका भेदमा परिगणित भएकाछन्। उनीहरू पार्वतीले वर्णन गर्नु भएको तन्त्रलाई "*निगम*" र महादेवले वर्णन गर्नु भएको तन्त्रलाई "*आगम*" भन्दछन्। शिवजीका मुखबाट आएको पार्वतीको मुखमा गएको र श्री वासुदेवले मानिएको हुनाले "*आगम*" नाम रहेको हो यस्तो उल्लेख रुद्रयामल तन्त्रमा पाइन्छ। ❀

तन्त्र शब्दको सामान्य रूपले शास्त्र अर्थमा प्रयोग गरिन्छ। यसकारणले सांख्यदर्शनको अर्को नाम "*कापिलतन्त्र*" वा "*षष्टितन्त्र*" रहे झैं न्यायदर्शनको "*गोतमतन्त्र*" मीमांसादर्शनको "*पूर्वतन्त्र*" र वेदान्तदर्शनको "*उत्तरतन्त्र*" नाम प्रसिद्ध छन्। त्यस्तै शङ्कराचार्यले बौद्ध दर्शनको क्षणभङ्ग–वादलाई "*वैनाशिकतन्त्र*" भनेर निर्देश गर्नु भएको छ। षड्दर्शनका टीकाकार आचार्य वाचस्पति मिश्रको "*सर्वतन्त्र स्वतन्त्र*" यस्तो उपाधि पनि प्रसिद्ध छ। राजशास्त्रमा स्वराष्ट्रचिन्तन तन्त्रलाई "*तन्त्र*" भन्दछन्। प्रकृतमा देवताहरूको उपासना आदिको प्रतिपादन गर्ने शास्त्रविशेषलाई "*तन्त्र*" पदले निर्देश गरिएको छ। जहाँ निगम (वेद) ले कर्म, ज्ञान र उपासनाको स्वरूप बताउँछन् वहाँ आगम (तन्त्र) ले पूर्वोक्त विषयमा उपायभूत सरल साधनहरूको वर्णन गर्दछन्।

❀ आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजामुखे ।
मतः श्रीवासुदेवस्य तस्मादागम उच्यते ॥
(रुद्रयामल) ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

तन्त्र र मन्त्रले युक्त अनेक पदार्थहरूलाई फैलाउने र त्राण (रक्षा) पनि गर्ने हुनाले "*तन्त्र*" नाम रहेको हो भनेर कालिकागम तन्त्रमा बताएको छ। निगम, आगम, यामल र डामर आदि तन्त्रका अनेक भेदछन्।†

सृष्टि, प्रलय त्यस्तै देवताको पूजा, सम्पूर्ण कार्यहरूको साधन, पुरश्चरण, मारण मोहन आदि छ कर्महरूको साधन र चार प्रकारको ध्यानयोग यी सात लक्षणले युक्त शास्त्रलाई विद्वान्हरू "*आगम*" भन्दछन्।‡ तन्त्रशास्त्रको सिद्धान्तको अनुसार तन्त्र पनि वेद झैं सनातन मानिएका छन्। ऐले पाइएका कतिपय तन्त्रग्रन्थ आधुनिक भए तापनि उनमा रहेका तत्त्वको स्रोत ज्यादै प्राचीन हुन् भन्ने कुरा विद्वान्हरूले मानेका छन्। किं बहुना कतिपय वेदका मन्त्रमा नै तान्त्रिक बीजमन्त्र आदि अनुस्यूत भएका पनि देखिन्छन्। तन्त्रमत अथर्ववेदको सौभाग्य काण्डबाट ग्रहण गरिएको हो भन्ने पनि विद्वान्-हरूको धारणा छ। कुनै कुनै तन्त्रग्रन्थमा यो कुराको सङ्केत पाइन्छ। जस्तै कालीकुलाऽर्णव तन्त्रको प्रारम्भमा नै लेखिएको छ—"अथाऽत आथर्वणसंहितायां देव्युवाच।" रुद्रयामलको पाँचौ पटलमा महादेवी-लाई "अथर्ववेदशाखिनी" भनेर उल्लेख गरेको छ।

पण्डित दामोदरले बनाएको यन्त्रचिन्तामणि ग्रन्थको भूमिकामा

---

† तनोति विपुलानर्थांस्तन्त्रमन्त्रसमन्वितान् ।
त्राणं च कुरुते यस्मात् तन्त्रमित्यभिधीयते ॥
(कालिकागम)

‡ सृष्टिश्च प्रलयश्चैव देवतानां तथाऽर्चनम् ।
साधनं चैव सर्वेषां पुरश्चरणमेव च ॥
षट् कर्म साधनं चैव ध्यानयोगश्चतुर्विधः ।
सप्तभिर्लक्षणैर्युक्तमागमं तद्विदुर्बुधाः ॥
(वाराहीतन्त्र)

oal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ग्रन्थप्रशंसाको प्रसङ्गमा उसलाई अथर्ववेदको सारभूत भनेको छ। उपनिषद्हरूमा पनि तन्त्रमतको पर्याप्त र उल्लेख पाइन्छ।

वैष्णवहरूको परमप्रमाण श्रीमद्भागवतमा भगवान् श्रीकृष्णले उद्धवलाई भन्नु भएको छ—"हे उद्धव ! वैदिक, तान्त्रिक र मिश्र यी तीन प्रकारका मेरा पूजाविधि छन्; यिनमा आफ्नो मन परेको विधिले नै भक्त मेरो पूजा गरोस्।"※ मनुस्मृतिका टीकाकार कुल्लूकभट्टले तन्त्रलाई "*श्रुति*" भनेर समर्थन गरेका छन्।

त्यस्तै महानैयायिक जयन्त भट्टले न्यायमञ्जरीमा अनेक युक्तिहरू देखाई आगमको प्रामाण्य स्थापन गरेका छन्।

शैवाचार्य नारायणकठले मृगेन्द्रसंहिताको टीकामा वेदकै समान आगमहरूको प्रामाण्य देखाएकाछन्। महाभारतको अनुशासन पर्वमा पनि आगमशास्त्रलाई वेदमूलक भनेर प्रतिपादन गरेको छ। पूर्वोक्त प्रमाणहरूबाट वेदका अनुकूल आगमहरू वेदतुल्य वा वेदमूलक हुँदा उनको प्रामाणिकतामा केही सन्देह छैन। तन्त्रका सामान्यतः दुइ भेद छन् वेदका अनुकूल र वेदविरोधी। वेदाऽनुकूल तन्त्र प्रसिद्धै छन्, वेद विरोधी तन्त्र जैनतन्त्र र बौद्धतन्त्र हुन्।

आचारको दृष्टिले तन्त्रका फेरि तीन भेद छन्—समयाचार, कुल र मिश्रक। वैदिक मार्गको अनुसरण गरेर श्रीविद्या आदिका प्रतिपादक तन्त्र समयाचार तन्त्र मानिएका छन्। ती वसिष्ठसंहिता, सनकसंहिता, सनन्दनसंहिता, सनत्कुमारसंहिता र शुकसंहिता यी पाँच प्रकारका छन्। समयाचारको आचारपद्धति दक्षिणमार्गको नामले प्रसिद्ध प्रतीत हुन्छ। कुलतन्त्रहरू महामाया शम्बरतन्त्र आदि चौसठ्ठी छन्। समयाचार र कुलतन्त्र दुवैको अनुसरण गर्ने तन्त्रलाई "*मिश्रक*

※वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मखः।
त्रयाणामीप्सितेनैव विधिना मां समर्चयेत्॥
११-२७-७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

तन्त्र" भन्दछन्। कुलतन्त्रकै अनुसार वामाचार वा वाममार्ग प्रचलित भएको बुझिन्छ। कुलतन्त्र र मिश्रकतन्त्रमा द्विजाति (ब्राह्मण, क्षत्रिय र वैश्य) को अधिकार छैन भनेर ज्ञानार्णव-तन्त्रमा शिवजीको कथन छ।† उपास्य-देवताको अनुसार तन्त्रहरू सामान्यतः पाँच भागमा बाँडिएका छन्, शाक्त, शैव, सौर, गाणपत र वैष्णव।

तन्त्रका तीन प्रस्थान छन्, अद्वैत, द्वैत र द्वैताऽद्वैत। यिनमा शाक्ततन्त्र अद्वैत प्रधान छ। शैवतन्त्रमा द्वैत र अद्वैत दुवैको संमिश्रण छ, वैष्णवतन्त्रमा द्वैतभाव नै प्रधान छ। शाक्ततन्त्रमा प्रधानतः उपास्य-देवता दश-महाविद्याहरू मानिएका छन्। जस्तै - काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, वगलामुखी, मातङ्गी र कमला। भगवान् विष्णुका मत्स्य कच्छप आदि दश अवतार यी दश-महाविद्याका रूपान्तर हुन् भन्ने पनि तन्त्रमा उल्लिखित छ।

यी दश-महाविद्याहरूमा काली, तारा र षोडशीका तन्त्र प्रधान छन्, यी तीनमा पनि षोडशीको प्रधानता छ।‡ यी तीन बाहेक अरूका स्वतन्त्र ग्रन्थकम छन्, यिनका धेरै जसो पूजा पद्धति मात्र उपलब्ध छ।

शाक्ततन्त्रका प्रधान ग्रन्थ आगमहरू मानिएका छन्। अगस्त्य-मुनिले बनाएको शक्तिसूत्र मूलग्रन्थको रूपमा मानिएको छ।

---

† कौलमिश्रकमार्गौ हि हेयौ गौरि ! द्विजातिभिः।

(ज्ञानार्णवतन्त्र)

‡ काली, तारा, महाविद्या षोडशी, भुवनेश्वरी।
भैरवी, छिन्नमस्ता च विद्या धूमावती तथा॥
वगला, सिद्धविद्या च मातङ्गी, कमलात्मिका।
एता दश महाविद्याः सिद्धविद्याः प्रकीर्तिताः॥

(चामुण्डातन्त्र)

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

दक्षिणका विद्वान्हरूले २८ आगमहरूको चर्चा गरेका छन्। यिनमा शैवागम दश र रुद्रागम अठार छन्। यी २८ आगम "*सिद्धान्त आगम*" को रूपमा प्रसिद्ध छन्। यिनको अतिरिक्त भैरवागम ६४ छन्, यी सबै मूल रूपमा शैवागम छन्। यिनमा शाक्त आगम आंशिक रूपमा मिलेका छन्। यिनमा द्वैतभावबाट शुरु गरेर परम अद्वैतभाव सम्मको चर्चा छ। आगम ग्रन्थहरूमा सामान्यतः चार पाउ हुन्छन् ज्ञान, योग, चर्या र क्रिया।

अब तीन महाविद्याहरूको ज्यादै संक्षेपमा केही कुराको उल्लेख गरिन्छ।

१. कालीका दक्षिणकाली भद्रकाली आदि अनेक भेद छन्। दक्षिणाऽन्वयकी देवता काली र उत्तराऽन्वयकी देवता श्मशानकाली भन्ने उल्लेख पाइन्छ। यी बाहेक कामकलाकाली, धनकाली, सिद्धकाली, चण्डीकाली आदि अनेक भेद छन्।

कालीका भैरव महाकाल मानिएका छन्। कालीका विषयमा कालीतन्त्र, महाकाल संहिता, श्यामारहस्य र परातन्त्र आदि ग्रन्थहरू प्रसिद्ध छन्।

२. ताराको विषयमा तारारहस्य, ताराभक्तिसुधार्णव, तारणीतन्त्र, तोडलतन्त्र र नित्यानन्द वा नारायणभट्टको ताराकल्पलता पद्धति आदि ग्रन्थहरू प्रसिद्ध छन्।

३. षोडशी, त्रिपुरसुन्दरी, ललिता, श्रीविद्या, त्रिपुरा र कामेश्वरी यी सबै षोडशीकै नामान्तर हुन्। षोडशीका भैरव कामेश्वर वा त्रिपुरभैरव मानिएका छन्। दश-महाविद्यामा षोडशीकै प्रधानता सर्वसम्मत छ। श्रीविद्यासम्प्रदायमा सूत्र, भाष्य, दर्शन आदि र आचारपद्धतिका असंख्य ग्रन्थहरू पाइएका छन्।

गौडपादाचार्य, शङ्कराचार्य, चैतन्यमहाप्रभु, नित्यानन्द र

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

वल्लभाचार्य आदि महापुरुषहरू श्रीविद्याका उपासक थिए, यिनमा कतिपय विद्वान्हरूले ग्रन्थरचना पनि गरेका छन्।

ब्रह्माण्डपुराणमा र त्रिपुरारहस्यमा ललितादेवीको चरित्रको सविस्तर वर्णन गरिएको छ। ब्रह्माण्डपुराणमा नै ललितासहस्रनाम र ललितात्रिशती आदि स्तोत्रहरू पाइन्छन्। ललितासहस्रनाममा भास्कररायको र ललितत्रिशती शङ्कराचार्यको टीका उपलब्ध छ, परन्तु आदि शङ्कराचार्यमा ललितत्रिशतीको टीकाकारित्व सन्दिग्ध छ। वामकेश्वरतन्त्रमा देवीखड्गमाला स्तोत्र उपलब्ध छ, यसमा पाँच पाँच दिनमा शिव शक्ति, र शक्ति शिवको पाठक्रम सविधि वर्णित छ। खड्गमालाको मद्रासमा ज्यादा प्रचार छ। दुर्वासाको "*ललितास्तव*" गौडपादको सौभाग्योदयस्तुति शङ्कराचार्यको सौन्दर्यलहरी प्रसिद्ध स्तोत्र छन्। श्रीविद्याका मुख्य १२ सम्प्रदाय छन्। यिनमा धेरै सम्प्रदाय लुप्त-प्राय छन्। ऐले केवल मन्मथको र कुनै अंशमा लोपामुद्राको संप्रदाय उपलब्ध छ। श्रीविद्या नै शक्तिहरूमा मुख्य र ब्रह्मविद्या स्वरूप हुनुहुन्छ। त्रिपुरसुन्दरीको उपसनामा यस्तो प्रसिद्धि छ—कुनै देवताको उपासनाले भोग पाइन्छतर मोक्ष पाइँदैन। यसको विपरीत कुनै देवताको उपासनाले मोक्ष पाइन्छ तर भोग पाइँदैन, परन्तु श्री त्रिपुरसुन्दरीका उपासकहरू भोग र मोक्ष दुवै अनायास पाउँछन्।❀ प्राचीन कालमा कादिविद्या र हादिविद्याको प्रचलन थियो। कादिविद्याकी देवता काली र हादि-विद्याकी देवता श्रीविद्या भन्ने प्रसिद्धि छ। त्रिपुरोपनिषत् र भावनो-पनिषत् कादिविद्याका प्रसिद्ध ग्रन्थ छन्। कुनै विद्वान्का मतमा कौलोपनिषत् पनि कादिविद्याकै ग्रन्थ मानिएको छ।

त्रिपुरातापिनी उपनिषत्मा हादिविद्याको प्रतिपादन छ श्रीविद्याको विषयमा निम्नलिखित ग्रन्थहरू विशेष प्रसिद्ध छन्।

❀ यत्राऽस्ति भोगो न च तत्र मोक्षो यत्राऽस्ति मोक्षो न च तत्र भोगः।
श्रीसुन्दरीसेवनतत्पराणां भोगश्च मोक्षश्च करस्थ एव ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वामकेश्वर-तन्त्रको पाँचौं अध्याय *"योगिनीहृदय"* नामले प्रसिद्ध छ। बाह्रौं वा तेह्रौं शताब्दीका अमृतानन्दले त्यसको टीका लेखेका छन्। पुण्यानन्दको कामकलाविलास ग्रन्थ प्रसिद्ध छ। त्यसको टीका नटनानन्दनाथले गरेका छन्। सत्रौं शताब्दीका प्रारम्भका महान् तान्त्रिक भास्कररायले कामकलाविलासकै *"वरिवस्यारहस्य"* नामक टीका लेखेका छन्। उनैले वरिवस्या-प्रकाश, त्रिपुरारहस्यको "सेतु" टीका र वामकेश्वरतन्त्रको अन्तर्गत *"नित्याषोडशिकार्णव"* को टीका लेखेका छन्। भास्कररायले ललितासहस्रनाम, कौलोपनिषत् र भावनोपनिषत्को पनि टीका लेखेका छन्। गौडपादाचार्यको श्रीविद्यारत्नसूत्र र सुभगोदय, शङ्कराचार्यको प्रपञ्चसार, परशुरामको 'कल्पसूत्र, उमानन्दनाथको यौवनोल्लास र विद्यारण्य स्वामीको श्रीविद्यार्णव यी ग्रन्थहरू श्रीविद्याको विषयमा प्रसिद्ध छन्। दक्षिणामूर्तिसंहिता र ज्ञानार्णवतन्त्र पनि श्रीविद्याविषयकै ग्रन्थ हो।

सामान्यतन्त्र ग्रन्थहरूमा उत्पलाचार्यका शिष्य लक्ष्मणाचार्यको शारदातिलक, ब्रह्मानन्दगिरीको शाक्तानन्दतरङ्गिणी, चैतन्यमहाप्रभुका समयका आगमवागीश, कृष्णानन्दको बृहत्तन्त्रसार, महीधरको मन्त्रमहोदधि, मन्त्रमुक्तावली, मन्त्रमहार्णव, नेपालेश्वर श्री ५ प्रतापसिंहशाहदेवको बृहत्पुरश्चर्यार्णव र राजा श्रीराजदेवनन्दनसिंहको शाक्तप्रमोद इत्यादि ग्रन्थहरू प्रसिद्ध छन्।

नेपालेश्वर श्री ५ प्रतापसिंहशाहदेवको अत्यन्त समादृत पुरश्चर्यार्णव दुर्लभ भैसकेको थियो, प्रजावत्सल राष्ट्रोन्नायक श्री ५ महाराजाधिराज सरकार तथा विद्यानुरागी श्री ५ युवराजाधिराजको प्रेरणाले नेपालमा मात्र होइन कि भारतमा पनि सुविख्यात तान्त्रिक रथी श्रीधनशंशेर जङ्गबहादुर राणाको विशिष्ट टिप्पणीको साथ उक्त ग्रन्थ पुनः प्रकाशित हुन लागेको छ। उक्त ग्रन्थको प्रथमखण्ड प्रकाशित भयो। अवशिष्ट ३ खण्ड पनि चाँडै नै प्रकाशित हुने भएका छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

नेपालमा द्विजातिमा गायत्रीमन्त्रको साथ दीक्षामन्त्र पनि सुन्ने परम्परा छ। त्यसमा पनि श्रीविद्याको उपासना राजपरिवारदेखि लिएर सामान्य परिवारमा पनि पर्याप्त छ। यद्यपि तान्त्रिकपीठ असंख्य छन् तथापि जहाँ जहाँ भगवती सतीको अङ्ग पतन भएको थियो ती ५१ स्थान मुख्य मानिएका छन्। उनमा पनि विशेषतः कामरूप (कामाक्षा) काशी, नेपाल, काश्मीर, मिथिला र बङ्गाल प्रसिद्ध तान्त्रिकपीठ मानिएका छन्। नेपालमा गुह्येश्वरीपीठ विशिष्ट तान्त्रिकपीठ मानिएकोछ।

यहाँका मध्यसमयका तान्त्रिक विद्वानहरूमा श्री ५ प्रतापसिंह-शाहदेव, कर्पूरस्तवका टीकाकार पण्डितराज रङ्गनाथ पौडेल, लम्बकर्णभट्ट, विश्वनाथ भट्टाचार्य र बन्धुदत्त आचार्यको प्रसिद्धि छ अर्वाचीन समयभन्दा तान्त्रिकहरूमा राजपुरोहित पण्डित वीरेन्द्र-केशरी अर्याल, राजगुरु दुर्गानाथ अधिकारी, पण्डित रमानाथ मिश्र पण्डित रुद्रदेव खनाल आदि प्रसिद्ध छन्।

युगप्रवर्तक नेपालेन्द्र श्री ५ महेन्द्र प्रभुको शुभजन्मोत्सवको सदवसरमा तन्त्रविषयमा २।४ अक्षरहरूको सङ्कलन गर्न पाउँदा आफूलाई सौभाग्यशाली संभन्छु उपयुक्त साधन, समय र अवकाशको अभावले तन्त्रविषयमा केही स्थूल कुराको दिग्दर्शन गरेको छु। अनुकूलता रहेमा अरू कुरा पनि लेख्ने इच्छा गरी यो लघुनिबन्ध समाप्त गर्दछु। इति।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

शैव र बौद्ध मतमा समन्वयात्मक तत्त्वहरू

प्रा. गोपालनिधि तिवारी

संसारको सबभन्दा पहिलो मानिएको ग्रन्थ वेद हो। वेदमा कर्म, उपासना र ज्ञान तीन विभागहरूद्वारा धार्मिक आचरण (कर्तव्य) ध्यान प्रक्रिया (चित्तस्थिरता) र तत्त्वदर्शन (मोक्ष) मा जोड दिइएको छ। शैव मतका अनुयायीहरूको यही तीन तत्त्वहरूमा झुकाव देखिन्छ। विभिन्न वैदिक दर्शनहरूको उदय पनि यही तत्त्वहरूलाई सूक्ष्मरूपले विश्लेषण गरी सम्झाई कार्यरूपमा ल्याउने प्रेरणा दिन भएको छ। शैवमतका अनुयायीहरूले मीमांसा दर्शनको आडमा धार्मिक आकाङ्क्षाहरूको पूर्ति, सांख्य र योगदर्शनको आधारमा विवेकशक्ति र चित्तवृत्तिनिरोध, न्याय वैशेषिक दर्शनको अवलम्बनबाट तत्त्वानुसन्धान रूप मनन तथा वेदान्त दर्शनको आधारमा मोक्ष प्राप्त गर्दछन्। आदिकालदेखि चलिआएको यो शैवमतको कर्म, उपासना र ज्ञानलाई नै कुनै रूपान्तर गरेर समयानुकूल बनाई फिजाउँदा कुनै अर्को संप्रदाय जस्तो देखिन गई शिष्य प्रशिष्यहरूको बुद्धिको भेदले भिन्न मत जस्तो भान हुन आउँछ। वास्तवमा विश्लेषण गरेर हेर्दा तिनीहरूमा समन्वयात्मक तत्त्वहरू जोडदार रूपमा देखापर्दछन्। नेपालको गौरीशङ्कर-हिमालयमा राजहुनु भएको भगवान् श्री शिव· जीले जुन आफ्नो शैवमतबाट शान्ति फिजाइरहनु भएको छ, त्यसभन्दा अर्कै शान्ति नेपालको पश्चिमी तराई लुम्बिनीमा उदय हुनु भएको भगवान् बुद्धले फिंजाउन खोज्नु भएको होइन। वि. पू. ५०५ वैशाखी पूर्णिमाको दिन नेपालमा उदाउनु भएको गौतमबुद्धले त्यस बेलाको जनभावनानुकूल पारेर शिक्षा दिनु भएकोले यो लोकग्राह्य हुँदै गयो।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

वास्तवमा स्वयं बुद्धले प्राचीन दर्शनहरू भन्दा नयाँ विलक्षण कुनै सिद्धान्तको आविष्कार गर्नु भएको होइन। यसको मतलव– यो मत ठूलो र यो मत सानो भन्ने भावना राख्न होइन कि यी दुवै मतहरूमा समन्वयात्मक दृष्टिकोण राख्न हो। भगवान् बुद्धले राजपाठ: भोग-विलास आदि सबैको जुन त्याग गर्नु भयो त्यो उपनिषद्मा बताइएको 'त्यागले नै कसैले अमृतत्व प्राप्त गरे' भन्ने सिद्धान्तसंग मिल्दछ। बौद्धमतमा पाइने 'सुत्त पिटक' का उपदेशहरू जस्ता मार्मिक उपदेशहरू शैवमतका ग्रन्थहरूमा पनि यत्रतत्र भएकोले औपदेशिक क्षेत्रमा दुवै मतहरूको सामञ्जस्य देखिन्छ। 'विनय पिटक' जस्ता आचार-प्रतिपादक ग्रन्थले बताएका कर्तव्य पथका आर्यसत्य, अष्टांगिक-मार्ग, त्रिरत्न, पञ्चशील आदि प्रशस्त मात्रामा शैवमतमा अनादिकालदेखि प्रवाहित भइरहेका देखिन्छन्। यस्तै 'अभिधम्म पिटक' जस्ता दार्शनिक ग्रन्थले प्रतिपादन गरेका सूक्ष्म विवेचनात्मक तत्त्वहरूको स्रोत प्राचीन दर्शनमा खडा देखिन्छ। विभिन्न दर्शनहरूमा जति विभिन्नता पाउँछौं, तिनी-हरूलाई केलाएर हेर्दा कुनै आंशिक कुरामा चलेको वा कहीं विपरीत अर्थको भ्रमले चलेको देखिन्छ। तर हाम्रो नेपालमा चलेको शैव र बौद्ध दर्शनमा भने प्रशस्त समन्वयात्मक तत्त्वहरू पाइन्छन्।

बौद्धमतका चार आर्य सत्यहरू-१ दुःख, २. दुःखको कारण, ३. दुःख–निरोध र ४. दुःखको नाशको उपाय। वास्तवमा नेपालमै प्रख्यात हुनु भएको 'कपिलवस्तु' को नामबाट स्मरणीय श्री कपिलमुनिले प्रति-पादन गर्नु भएको 'साङ्ख्य–दर्शन' को–१ हेय, २ हेय हेतु, ३ हान र हानोपायसंग मेल खान्छ। इतिहासकारहरूले यो पनि लेखेका छन् कि बुद्धले 'साङ्ख्य-दर्शन' को अध्ययन गरेको हुनाले त्यसैको मिलानबाट चार आर्यसत्यको विकसित रूप देखिन्छ। दुःखको निरोधको निमित्त बताइएको अष्टांगिक मार्ग – १. सम्यक् ज्ञान, २. सम्यक् संकल्प, ३. सम्यक् वचन, ४. सम्यक् कर्म, ५. सम्यक् जीविका, ६. सम्यक् व्यायाम, ७. सम्यक् स्मृति र ८. सम्यक् समाधि पनि प्राचीन योग मार्ग र उप-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

निषन्मार्गसंग मिल्दो जुल्दो पाइन्छ। यस्तै १. शील, २. समाधि र ३. प्रज्ञा यी तीन साधनहरूलाई त्रिरत्न रूपले जुन प्रतिपादन गरिएको छ, त्यो पनि उपनिषद् गीता आदिको सात्विक कर्म, चित्तैकाग्र्य र ज्ञान दर्शनसंग धेरै मात्रामा समन्वय भएको देखिन्छ। १. अहिंसा, २. अस्तेय, ३. सत्य भाषण, ४. ब्रह्मचर्य र ५. मद्यादिसेवन निषेध यी पञ्चशील पनि पातञ्जल योग दर्शनमा पाइने यमका भेदहरू अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अप्रतिग्रहसंग मेल खान्छन्।

शैव र बौद्धमतको नेपालमा समन्वयात्मक रूप भएको तथ्य हरेक व्यवहारमा स्पष्ट झल्किन्छ। हरेक वर्ष नेपालमा मार्गकृष्ण चतुर्दशी (बालाचतुर्दशी) को दिन श्री पशुपतिनाथलाई बौद्धको रूपमा सिंगारिन्छ र शैव तथा बौद्ध दुवै मतका अनुयायीहरूले आफ्नो समन्वयात्मक भावना बढाउँदै एकताको परिज्ञान गर्दछन्। यस्तै नेपालमा पूजिने एउटै देवतामा शैव र बौद्धले आफ्नो आफ्नो भावनाबाट पूजा गर्दछन् शैवले अन्नपूर्णा र बौद्धले अशंभल्कूको रूपमा एउटै देवताको आराधना पूजा आदि गरेको देखिन्छ। यस्तै पशुपतिनाथ तथा आर्यावलोकितेश्वर, गोपालेश्वर तथा बोधिसत्व, सरस्वती तथा मञ्जुश्री, शिव तथा स्वयम्भू इत्यादि भिन्न पूजिएका छैनन् अर्थात् एउटै मूर्तिमा यी जोडी भावनाहरू संमिलित छन्।

बौद्ध दर्शनमा विकसित भएका चार दार्शनिक सिद्धान्तहरू–१. बाह्यार्थ प्रत्यक्षवाद, २. बाह्यार्थानुमेयवाद, ३. विज्ञानवाद र ४. शून्यवाद जुन क्रमशः १. वैभाषिकमत, २. सौत्रान्तिकमत, ३. योगाचारमत र ४. माध्यमिकमतले प्रख्यात छन्, तिनीहरूको विश्लेषणात्मक अध्ययन गर्दा क्रमशः–१. प्रत्यक्षवादी, २. अनुमानवादी, ३. चित्तवादी र ४. अनिर्वचनीयतावादी प्राचीन दार्शनिकहरूको रूपान्तर सिद्धान्त जस्ता देखिन्छन्। संसार असत्य र निर्वाण सत्य मान्ने योगाचार बौद्धको मत जस्तै 'ब्रह्म सत्यं जगन्मिथ्या' भन्ने सिद्धान्तको प्रतिपादन श्री शङ्कराचार्यद्वारा हुँदा उहाँलाई कसैले प्रच्छन्न बुद्ध पनि भनेका छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

तर यसबाट कतै पनि तिरस्कारको भावना नभई संसारको आदिदर्शन 'सत्यं ज्ञानमनन्तं ब्रह्म', 'सर्वदृश्यरहितं निरामयम्' कै खोजीमा शाङ्कर र बौद्ध दर्शनहरू लागेको देखिनाले यस दार्शनिक मार्गमा पनि समन्वय नै पाइन्छ।

बौद्ध धर्म, न्याय, योग र तन्त्रमा शैवमतका धर्म, न्याय योग र तन्त्रभन्दा कति कुरामा विरोध देखिए तापनि बौद्ध मतको प्रधान जग प्राचीन धर्म, न्याय, योग र तन्त्र नै देखिन्छ। उपनिषद्मा दुःखको कारण अज्ञान रागद्वेषादि बन्धनत्याग आदि जुन सार्वभौम तत्त्वहरू पाइन्छन् ती तत्त्वहरू यहाँ छुटेका छैनन्। केवल नैरात्म्यवाद, शून्यवाद, क्षणिकवाद आदि जस्ता तत्त्वहरू बौद्ध दर्शनमा भएकाले यिनीहरूको खण्डन र मण्डन चलेको देखिन्छ। बौद्ध मतमा भएका हीनयान महायान, वज्रयान र कालचक्रयानको रहस्य व्यक्तिगत निर्वाण, प्राणीमात्रको निर्वाण, योगतन्त्र र शैवतन्त्रको अध्ययनबाट स्पष्ट हुन्छ। यसरी शैव र बौद्धमा समन्वयात्मक दृष्टिको प्रचार हाम्रो देश नेपालमा भएकोले यो धार्मिक तथा दार्शनिक सहिष्णुताको ज्वलन्त उदाहरण बनेको छ।

दर्शन वा धर्ममा पाइने सार्वभौम-तत्त्वहरूको परिज्ञान गर्दा सबै दर्शन तथा धर्म अवश्य नै प्राचीन दर्शन र धर्मकै आडमा विकसित हुँदै गएका देखिन्छन्। भिन्न भिन्न बुद्धि र भिन्न भिन्न वातावरणद्वारा कालक्रमले फरकपना देखिए तापनि आज संकुचित, सांप्रदायिक र एकोहोरो दृष्टिकोण त्यागी उदार र व्यापकरूपमा सारा प्राणीहरूको कल्याणको निमित्त प्राचीन दर्शनदेखि लिएर अहिलेको नवीन दर्शन सम्म तुलनात्मक दृष्टिकोणले अध्ययन गर्नु पर्ने अवस्था आएको छ। वास्तवमा मूल स्रोत बिर्सिई शाखारूप धाराहरूमा मात्र अलमलिंदा समन्वयात्मक सार्वभौम तत्त्वहरूको परिज्ञानबाट वञ्चित होइन्छ। यसकारण उक्त दृष्टिकोण राखेर शैव र बौद्ध मतमा भएका समन्वयात्मक तत्त्वहरूको परिज्ञानबाट प्राणीमात्रको कल्याणको निमित्त अग्रसर हुन आवश्यक छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ईश्वर किन मान्ने ?

प्रा. बदरीनाथ भट्टराई

आकाशको फूल गजबको हुन्छ भनी कसैले भन्यो भने के पत्याउने ? एउटाको लाख रुपियाँ दिन्छु भने पनि के खरायोको सीङ पाइएला ? त्यस्तै कुनै इन्द्रियबाट पनि प्रत्यक्ष नभएको ईश्वरलाई किन मान्ने ? ईश्वर न विपनामा देखिन्छ न त सपना र निद्रामा। तीनै अवस्थामा अनुभवमा नआउने ईश्वरलाई मानेर के फाइदा ? फेरि ईश्वर शरीर धारी हो कि अथवा शरीर नभएको ? यदि शरीर भएको हो भने त्यो अल्पज्ञ भइहाल्छ। फेरि त्यसको शरीर नित्य हो कि अनित्य ? शरीरीले यत्रो जगत् कसरी सृष्टि गर्ला ? पृथ्वी, समुद्र, ग्रह, तारा, हावा, पानी, आकाश इत्यादि के एउटा शरीर धारीले सय युगमा पनि बनाउन सक्ला ? फेरि त्यो ईश्वरको शरीर कसले बनायो ? अनि त्यो कहाँ बसेको छ ? यदि ईश्वर शरीरधारी होइन भने त्यो जगत्को कर्ता कसरी हुनु ? किनभने कर्तृत्व शरीरधारीमा नै प्रायः देखिन्छ। ईश्वरको इच्छाले सृष्टि गर्‍यो भन्न पनि सकिन्न, किनभने अन्तः करण नै नभए कहाँ इच्छा उठ्नु ? फेरि ईश्वरको इच्छा मुताबिक जड परमाणुहरू कसरी चल्नु ? अनि जगत् सृष्टि गर्नामा ईश्वरको के प्रयोजन ? यदि बिना मतलबले सृष्टि गरेको हो भने त्यस्तो मनपरी गर्ने ईश्वर किन मान्ने ? कुनै क्लेशले नछोडएका ईश्वरको जगत् सृष्टिमा प्रयोजनको आवश्यता पनि देखिन्न। यदि दयाले सृष्टि गरेको हो भने यस्तो दुःखै दुःखले भरिएको संसारको सृष्टि किन गरे ? यदि सुखी संसार सृष्टि गर्ने शक्ति रहेनछ भने त्यस्तो अल्प शक्तिमान्लाई ईश्वर कसरी मान्नु ? ईश्वर शब्दको अर्थ त हो जे पनि गर्न सक्ने। दुःख भरिएको खेल पनि कसैले खेल्दैन। प्रसिद्धिले मात्र मान्नु त अन्धविश्वास हो। यो घरमा ख्याक छ भन्ने धूर्तको कुरा के पत्याउने ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

यहाँ कालवादीहरू भन्छन्, 'कार्य देखिए पछि कारण मान्नुपर्छ। कुमाले नभई त्यसै गाग्रो बन्दैन। कार्य जगत् देख्ता देख्तै कारणको अभाव मान्नु ठीक होइन। यदि अभाव मान्ने हो भने कुनचाहिँलाई मान्ने ? अत्यन्त अभावलाई कि अथवा पहिले अभाव थियो भन्ने प्रागभावलाई कि ? अथवा पहिले कारण त थियो, तर नाश भयो भन्ने ध्वंसाभावलाई ? तर कार्य देखेपछि त्यसको कारण त मान्नुपर्छ। बाँझीको छोरो जस्तो हुँदै नभएको ईश्वरलाईचाहिँ किन मान्ने ? बरु सबैले अनुभव गरिरहेको काललाई मान्नुहोस्न। किनभने सारा कुरा कालबाट पैदा हुन्छ। जन्म, मृत्यु, जवानी, बुढ्याइँ, सूर्य, चन्द्र, हावा, वृष्टि इत्यादि सारा कुरा कालबाट नै खडा हुन्छन्। काल नभई कुनै कारणले कुनै कार्य खडा गर्न सक्तैन। अणु पनि कालबाट नै पैदा हुन्छ।'

स्वभाववादीहरू भन्छन्, 'काल यदि कारण भए कार्यको स्वभावको वास्ता नराखेर कि अथवा वास्ता राखेर ? यदि स्वभावको वास्ता नराखेर कारण मान्ने हो भन्ने अग्निबाट अथवा आकाशबाट जल किन पैदा नहुने ? आगोबाट तिर्खाको शान्ति किन नहुनु ? पानी तातो किन नहुनु ? अन्न आदि भोज्य पदार्थ विना भोक किन कालले शान्त हुन्न ? मरेको लाशलाई अँगालो हालेर किन सुख नहुने ? के तेज अप्रकाश कहिले हुन्छ ? निश्चल वायुलाई हातले कहीं समाल सकिएको छ ? सारा इन्द्रियको व्यापार किन उल्टो नभएको ? किन कानले नदेख्ने ? आँखाले किन नसुन्ने ? यस्तो नहुनामा कारण के स्वभाव होइन ? यसैले कालको नियामक र व्यवस्थापक पनि भएको स्वभावलाई नै कारण मान्नुपर्छ। नियतिवादीहरू भन्छन्, 'नियतिपूर्वकको स्वभाव कारण हो कि अथवा अनियत ? स्वभावको व्यवस्थाको हेतु, नियतिपदको वाच्य भएको अदृष्ट नै जगत्को कारण हो। अव्यवस्था हुने हुँदा नियतिले व्यवस्थापित स्वभाव नै कारण मान्नु पर्छ।'

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रत्यक्ष प्रमाणवादीहरू भन्छन , 'जस्तो स्वभाव सापेक्ष काल कारण मानिन्न त्यस्तै नियतिसापेक्ष स्वभाव पनि कारण मानिन्न। काकतालीयन्याय अर्थात् काक रुखनेर आइपुग्नु र तालको फल खसेर काकलाई लाग्नु जस्तै अकस्मात् कार्य खडा हुन्छ। त्यसैले यदृच्छा (चानस) लाई नै कारण मान्नुपर्छ। 'कर्ता को हो ?' भन्ने विचारपद्धि लाग्न हुन्न। यो कार्य यही कारणले भएको होला भन्न सकिन्न। लोकमा कार्य र कारण पनि आकस्मिकताबाट अर्थात् एकासि आएको देखिन्छ। यसैले असल मान्छे पनि दुःखी देखिन्छन खराब पनि सुखी देखिन्छन। सुखका कारण मानिएका स्त्री र पुत्र पनि दुःखदायी देखिन्छन्। दुःखको हेतु भएको गोडाले कुल्चनु पनि थाकेको मान्छेलाई सुखको हेतु हुन्छ। आङदुखेको मान्छेलाई आङमा मुड्की हान्नाले सुख हुन्छ।

भूतवादीहरू भन्छन् 'तिम्रो यदृच्छा पञ्चमहाभूत भएमा मात्र सिद्ध हुन्छ। पञ्चमहाभूत नभए सिद्ध हुन्न। धर्मी विना धर्म कैले सिद्ध भएको छ र ? धर्मी प्रत्यक्ष छँदाछँदै धर्म कल्प्य हुँदैन। भूतहरू प्रत्यक्ष नै छन्। त्यसैले पञ्चमहाभूत नै कारण मान्नुपर्छ।'

साङ्ख्य शास्त्री भन्छन्, 'भूतहरू गाग्रो जस्तै हुन्। कारण विना तिनीहरू कसरी हुने ? कारण भूतहरूको पनि अर्को कारण छ। अवयवले युक्त भएका भूतहरू कारणसापेक्ष हुँदा प्रकृति नै जगत्को कारण हो। रत्न, स्त्री, सुन, वस्त्र, इत्यादि सारा कुरा त्रिगुणबाट खडा भएका छन्। यी कसैलाई सुखकारी छन्, अनि कसैलाई दुःखकारी। यिनले कसैलाई मोह पनि पार्छन्। त्यसैले सारा वस्तु त्रिगुणमय हुन्। प्रकृति जड भए पनि साराको कारण हो। नर्तकी जस्ती भएर पुरुषलाई संसाररूपी नाच देखाइरहन्छे।'

योगीहरू भन्छन्, 'कारण र कार्यको बिलकुल सादृश्य हो कि अथवा अलिकति ? यदि बिलकुल सादृश्य हो भने भेद नहुनाले कार्य कारणभाव नै असंभव ? अलिकति सादृश्य मान्ने हो भने त्यस्तो सर्वत्र पाइने हुनाले अतिप्रसंग होला। फेरि जड बग्गी जस्तो आफैं चल्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

सक्तैन, किन्तु चेतनाले युक्त घोडाले तान्नुपर्छ त्यस्तै जड प्रकृतिबाट जगत्को सृष्टि कसरी हुनु ? यसै हुँदा प्रकृतिको अधिष्ठान भएको चेतन ईश्वर नै संसारको कारण हो । काल आदिको संयोग पनि जड भएकोले कारण हुन सक्तैन ।

सृष्टि दृष्टिवादीहरू भन्छन्, 'मायारूप उपाधिमा परेको ब्रह्म चैतन्यको प्रतिविम्ब नै ईश्वर हो र त्यही नै जगत्को कारण हो । निर्गुण ब्रह्मबाट त सृष्टि कसरी हुनु ?

उदयनाचार्य भन्छन्, 'गाग्रो जस्तै जगत् पनि कार्य भएकोले कारण ईश्वर मान्नुपर्छ । दोस्रो हेतु हो आयोजन अर्थात् सृष्टिको शुरुमा दुइ सजातीय परमाणु जोडिन्छन्, तर ती दुइ परमाणु जोड्ने काम कल्ले गर्‍यो ? त्यो बेलामा अरू कोही छैन । यसैले ती परमाणु जोड्ने प्रयत्नको कर्ता चेतनशक्ति नै ईश्वर हो । तेस्रो हेतु हो धृति अर्थात् आकाशका ग्रह र उपग्रहहरू कसले धारण गरेको छ ? अर्थात कसले अड्याएको छ ? जस्तो गुँड बनाउने चराले साना साना छेस्काहरू चुच्चोले च्यापेर ल्याउँछन् । ती छेस्काहरू चेतन चराले चुच्चोले धारण गरेको हुनाले आकाशमा अडिएका छन् । त्यस्तै ग्रह, तारा इत्यादि सारा लोक कसले धारण गरेको छ ? त्यसरी अन्तरीक्षमा धारण गर्ने चेतन शक्तिमान् ईश्वर नै हो । नत्र त चन्द्रलोक आदि अन्तरिक्षमा नअडिनु पर्ने ? फेरि प्रलयबाट पनि ईश्वरको सिद्धि हुन्छ । जस्तो भाँडा कसैले फुटाए फुट्छ, नफुटाए फुट्दैन त्यस्तै जगत्को नाश पनि चैतन्यबाट नै हुन्छ । चौथो हेतु हो पद अर्थात् व्यवहार । के गाग्रो बनाउन सिकाउने कुनै कुमाले सृष्टिको आदिमा थियो र ? त्यो बेलामा कुनै पनि मानिस अवश्य नै थिएन । यसैले चैतन्यशक्तिबाट नै घट बनाउने कला पैदा भयो । जडबाट भएको होइन । त्यसै हुँदा त्यही व्यवहारको प्रवर्तक चेतन ईश्वर मान्नुपर्छ पाँचौ हेतु हो प्रत्यय अर्थात् प्रामाण्य । वेदको ज्ञानमा जुन प्रामाण्य छ त्यो पनि उसको वक्तारूप करणको गुणबाट जन्य छ । यसै हुँदा वेदको वक्ता सर्वज्ञ ईश्वर सिद्ध हुन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

छैटौं हेतु हो श्रुति अर्थात् वेद। अल्पज्ञ पुरुषबाट वेद बन्न सक्तैन। यसै हुँदा वेदको स्रष्टा सर्वज्ञ ईश्वर सिद्ध हुन्छ। श्रुतिमा लेखिएको छ, 'यी सर्वेश्वर हुन् सारा लोकका अधिपति हुन्' इत्यादि अन्तिम। प्रमाण हो संख्या विशेष अर्थात् सृष्टिकालमा दुइ परमाणुको संयोगबाट द्व्यणुकको उत्पत्ति हुन्छ अर्थात् द्व्यणुकको कारणरूप दुइ परमाणुमा रहने दुइ संख्याबाट उसको उत्पत्ति हुन्छ। त्यसको अपेक्षा बुद्धि चेतनमा नै रहन सक्छ, तर सृष्टिको आदिमा त्यहाँ कोही थिएन। यसैले नित्य चेतन ईश्वरको सिद्धि हुन्छ।

दृष्टिसृष्टिवादीहरू भन्छन्, 'संसारको कारण खास आफू नै हो। जस्तो सपनाको संसार आफूबाटै पैदा हुन्छ, आफूमै स्थित हुन्छ र आफूमै लय हुन्छ त्यस्तै यो विपनाको संसार पनि सकली आफू अर्थात् शुद्ध चैतन्यबाट खडा हुन्छ, त्यसमै स्थित छ र त्यसमै हराउँछ। त्यसैले साँच्चिको आफू साक्षिचैतन्य नै संसारको कारण हो। आफूले नफुराउनासाथ संसार बेपत्ता भइहाल्छ। भग आदि ऐश्वर्य पनि आफैंमा छ। वास्तवमा समर्थ पनि साक्षि चैतन्य नै हो।

वास्तवमा अत्यन्त अभावरूप भएको खरायोको सीङको उपमा ईश्वरलाई दिन पाउनुहुन्न, किनभने ईश्वर नभए तपाईंकै अस्तित्व रहँदैन। कसको सत्ता पाएर तपाई संकल्प गर्नुहुन्छ, देख्नुहुन्छ र सुन्नुहुन्छ? बादल लागेर सूर्यको बिम्ब देखिएन भन्दैमा सूर्य छैन भन्ने साहस गर्नु के उचित हो? यसैले सदासर्वदा प्रत्यक्ष त ईश्वर नै छ। हो, ईश्वरलाई छालाको आँखाले देख्दैन; तर स्थिरबुद्धि रूपी आँखाले निहालेर हेरे प्रत्यक्ष हुन्छ। ईश्वर नभए कुनै अवस्था नै सिद्ध हुँदैन। हो, मायावी ईश्वरको हाम्रो जस्तो हाड, छाला, मासुहरूको शरीर छैन। तर उसको स्वरूपलक्षण हो सत्, चित्, आनन्द। अर्थात् ऊ के विपना, के सपना, के सुषुप्ति तीनै अवस्थामा र तीनै कालमा रहिरहेको छ। अर्थात् उसको अभाव कहिले पनि छैन। ऊ जड होइन किन्तु चैतन्यरूप हो। उसमा दुःखको लेश पनि छैन अर्थात् ऊ आनन्दरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

हो उसको तटस्थलक्षण हो-उसैबाट जगत्को सृष्टि हुनु, उसैमा स्थित हुनु र उसैमा लीन हुनु। जस्तो पानीबाट छाल, भँवरी, फोका आदि खडा हुन्छ, पानीमै स्थित हुन्छ र पानीमै विलीन हुन्छ।

सृष्टि भन्दा पहिले ईश्वर सिवाय कोही थिएन भने कसको संकल्पले सृष्टि हुनु ? परमाणु मात्र होइन, सारा उसैको सत्ताले चलिरहेछ। सृष्टिको प्रयोजन कसैले लीला भनेका छन् त कसैले महिमा देखाउनु पनि मानेका छन्। तपाईंसँग पनि म एउटा प्रश्न गर्छु, 'परबाट आकाश नीलो किन देखिन्छ ?' तपाईं भन्नु होला स्वभावले या दूरताले। म पनि के त्यही जवाफ दिन सक्तिनँ ? अब कुरा आउँछ, 'आनन्दमय ईश्वरले दुःखमय संसार किन सृष्टि गरे ? त्यसको जवाफ हो, 'जीवको कर्मवैचित्र्य।' यहाँ पनि हामी जस्तो कर्म गर्छौं उस्तै फल राजाले दिन्छन्। कर्म मुताबिकको फल दिने ईश्वरले के बिराए ? ईश्वरको वासस्थान हो साराको हृदय। वास्तवमा उनी सर्वत्र छाइएर बसेका छन्। अर्थात् उनी नभएको ठाउँ कहीं पनि छैन। कार्य आकाश त सर्वत्र छ भने कारण ईश्वर सर्वत्र किन नहुनु ? तर ज्यादै सूक्ष्म हुँदा इन्द्रियहरूले उनलाई प्रत्यक्ष गर्न सक्दैनन्। 'म एक भए पनि धेरै हुँ' भन्ने संकल्पबाट जीव खडा भए भन्ने वेदको वचनलाई मान्नैपर्छ। सारा संसारमा सबभन्दा पुरानो वेद हो भन्ने कुरामा सबैको एकमत छ। पानीमा छाल झैं शुद्ध चैतन्यमा स्पन्दन देखिनु स्वाभाविकै हो। निहालेर हेर्ने हो भने ईश्वर मान्नु अन्धविश्वास होइन, बरु हो आत्मविश्वास। किनभने वास्तवमा ईश्वर र आफूमा भेद छैन। आफू नभएको कहिले पनि छैन। यसैले आफू पनि सत् हो। आफू जड होइन, किन्तु चैतन्य नै हो। अब बाँकी रह्यो आनन्द। त्यो पनि बुद्धि शान्त पार्ना साथ अनुभवमा आइहाल्छ। अब के तपाईं पनि सच्चिदानन्द हैन त !

जस्तो धनीको सेवा गरे धन पाइन्छ। त्यस्तै सर्वज्ञ र सर्वशक्तिमान् ईश्वरको भजन गरे आफू पनि त्यस्तै भइन्छ। तर त्यसका लागि

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

परिच्छिन्न अर्थात् टुक्रिएको 'म' र 'मेरो' भन्ने भाव छोडिदिनोस्। बुद्धिभन्दा माथिको शुद्ध चैतन्यको यथार्थ अनुभव गर्नुहोस्। आत्मतत्त्वको अनुसन्धान गर्नु नै भजन हो। यसबाट प्रसन्न भएका ईश्वरले तपाईंलाई प्रसाद दिनुहुने छ। अन्त्यमा तपाईं अजर र अमर हुनुहुने छ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

श्री ५ महेन्द्र र नेपालको संवैधानिक व्यवस्था

रत्नकमल वैद्य

श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेव नेपाल अधिराज्यको सर्वोच्च होइबक्सिन्छ। मौसुफ नेपाल अधिराज्यको कुशल तथा निपुण राजनीतिज्ञ होइबक्सिन्छ भन्ने कुरा अन्तारार्ष्ट्रिय जगत्मा सर्व विदित छ। श्री ५ राजनीतिज्ञ मात्र नभई कवि, लेखक तथा विद्वान् दार्शनिक पनि होइबक्सिन्छ। विश्वविख्यात दार्शनिक प्लेटोले आफ्नो पुस्तक 'गणतन्त्र[१]' मा लेख्नु भएको छ— "आदर्श राज्यमा देशको आधारस्तम्भ दार्शनिक शासक हो। राज्यको शासन पनि दार्शनिकद्वारा सञ्चालन गराउनु पर्दछ। तसर्थ दार्शनिक नै शासक होस् वा शासक दार्शनिक ज्ञानको महान पण्डित होस्, उसले आफ्नो असीमित ज्ञान र अनुभवको आधारमा पूर्णतया विवेकशील शासन सञ्चालन गर्न सक्नेछ, तब मात्र आदर्शराज्य स्थापना हुन सक्नेछ। उहाँको भनाइ अनुसार जबसम्म दार्शनिक राजा हुँदैन वा राज्य र राजकुमारसंग दार्शनिक शक्ति र भावना हुँदैन, तबसम्म राज्यबाट खराबी हटाउन सकिने छैन।[२]

प्लेटोले जस्तो आदर्शराज्य स्थापना गर्ने कल्पना गरेका थिए, हाम्रो राजाले पनि नेपालमा शोषणहीन आदर्श, सभ्यसमाज स्थापना गर्नको निमित्त नेपालीहरूलाई पञ्चायती व्यवस्थाको जग सुदृढ पार्न

१. प्लेटोको 'दी रिपब्लिक' पेज ६८-११३
२. सर अर्नेष्ट बार्करको 'ग्रीक पोलिटिकल थ्योरी' पेज १६४-१६७।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आह्वान गरिबक्सेको छ।[३] नेपालीहरूको धर्म, रीतिरिवाज, परम्परा, प्रथा र प्रचलन अनुसार, राजालाई राष्ट्र तथा राष्ट्रियताका र एकताका प्रतीक मानिएको छ। श्री ५ महेन्द्र पञ्चायती प्रजातन्त्रको प्रवर्तक मात्र होइबक्सन्न, विधि शासनाधिकार र नेपालको संविधानको सर्वोच्च स्रोत पनि होइबक्सिन्छ। तसर्थ मौसुफले एक महत्वपूर्ण तथा उत्तरदायित्वपूर्ण काम सह्यालिबक्सेको छ। यदि हाम्रो नेपालमा राजा नभएको भए न नेपालको न नेपालीहरूको अस्तित्व रहने थियो। जनताको पीर मर्का आपद्, विपद् केवल राजाले मात्र बुझ्न सक्नेछन्। तसर्थ नेपालीहरूको निमित्त राजमुकुट भन्दा प्रिय वस्तु अरू कुनै छैन।

हाम्रा राजा नेपाल अधिराज्यको प्रमुख होइबक्सिन्छ। नेपालको सार्वभौमिक सत्ता नै राजमुकुट भएको हुनाले नेपाल अधिराज्यको सम्पूर्ण अधिकार र शक्ति श्री ५ मा नै निहित रहेकोछ।[४] तसर्थ कार्यपालिका व्यवस्थापिका र न्याय सम्बन्धी सर्वाधिकारहरू मौसुफ सरकारबाट नै निःसृत हुन्छन्। श्री ५ का वंशजहरूको राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार श्री ५ मा मात्र रहनेछ। श्री ५ नेपालको फौजको अतिरथी परम सेनाधिपति, देशको सर्वोच्च शासक होइबक्सेकोले नेपालको कार्यकारिणी व्यवस्थापिका र न्यायसम्बन्धी सम्पूर्ण अधिकार नेपालको ऐन कानून अनुसार आफैं वा आफ्ना मंत्रीहरूद्वारा मौसुफले प्रयोग गर्ने कुरा निश्चित भएकोले सार्वजनिक प्रशासन-व्यवस्थाको सर्वोच्च तहको रूपमा श्री ५ को स्थान तोकिएको छ। नेपाल अधिराज्यको प्रमुख र सरकारको पनि प्रमुखका नाताबाट पञ्चायती राजको सर्वोच्च पञ्च भएर नेपालका नेपालीहरूलाई उचित निर्देशन

३. *टि० आर० तुलाधर लिखित "दी कन्स्टीच्यूसन अफ नेपाल"।*
४. *श्री ५ को सरकारद्वारा प्रकाशित "दी कन्स्टीच्यूसन अफ नेपाल"।*

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

द्वारा कुशल नेतृत्व गरिबक्सेको फलस्वरूप छोटो अवधि भित्रम पनि नेपालले निकै उन्नति र विकाश गर्न सकेको कुरा हाम्रो इतिहास देखाइरहेको छ। यसरी श्री ५ लाई कार्यकारिणीको प्रमुख बनाए अध्यक्षात्मक शासन प्रणालीको जस्तै राज्यको प्रमुखबाटै कार्यकारिण नेतृत्व गराएको छ तापनि मौसुफले चाही बक्सेको खण्डमा आफ्न मन्त्रीहरू मध्येबाट कसैलाई मन्त्रिमण्डलको प्रधानमन्त्रित्व बक्से मुलुकको अधिकारको प्रत्यायोजन गर्न सकिबक्सने छ।

नेपालका विधेयकहरूको विषयमा किटिएको अधिकार मौसु बाट आफैं प्रयोग गरिबक्सने भए तापनि उक्त विधेयकहरू राष्ट्रि पञ्चायतको छलफलमा लगिने हुन्छन्। मौसुफ न्यायसम्बन्धी अधि कारको पनि प्रमुख स्रोत होइबक्सेकोले देशमा शान्ति सुरक्षा काया गर्न उचित न्यायको व्यवस्था गरिबक्सेको छ। यसरी श्री ५ बा कुनै पनि अधिकारको प्रयोग गरिबक्संदा जनकल्याणकारी लोव तान्त्रिक अङ्ग पुऱ्याएर देशको व्यवस्थालाई सुदृढ गरिबक्सेको छ यसरी राजतन्त्रको अमूल्य देनद्वारा नै नेपालको प्रजातन्त्रको रक्ष भैरहेको कुरा सर्वविदितै छ। यसर्थ हामी भन्न सक्छौं कि नेपाल नेपालीहरूको जनकल्याण, हित र समृद्धिको निमित्त राजतन्त्र भन्द प्रियवस्तु अर्को कुनै तन्त्र, वाद र व्यवस्था नेपालको हावापानी, वात वरण र स्थितिसंग सुहाउने छैन। किनभने, नेपालीहरू धर्म, परम्पर प्रथा, प्रचलन, रीतिरिवाज माथि अटूट विश्वास राख्दछन्।

श्री ५ को कुशल नेतृत्वमा नै नेपालले राष्ट्रिय तथा अन्तारा्ष्ट्रि जगत्मा प्रतिष्ठा पाउन सकेको छ। मौसुफको राजकीय औपचारि भ्रमणद्वारा नै संसारका विभिन्न महान् राष्ट्रहरूबाट प्राविधिक ए आर्थिक सहायता नेपाललाई उपलब्ध भैरहेको छ। यसरी मौसुफ निपुण निर्देशनमा नेपालको तटस्थनीति (न्यूट्रल पोलिसि) पूर्णत सफल हुन सकेको छ। राजनैतिक दर्शनको अनुरूप सम्पूर्ण राज्य आर्थिक व्यवस्था वृद्धि हुने भएको हुनाले निर्दलीय पञ्चायती प्र

oal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

तन्त्रको मूल सिद्धान्तमा आधारित अर्थव्यवस्थाको सृष्टिद्वारा देशमा अत्याचार, शोषण, भ्रष्टाचारलाई निर्मूल पारी आदर्श सभ्य-समाजको निर्माण गर्नु नै मूल लक्ष्य हो[१]। माथि उल्लिखित भागलाई पूरा गर्ने हेतुले श्री ५ बाट भूमि-सुधार, समाज-सुधार जस्तो क्रान्तिकारी कदम उठाइबक्सेको छ। नेपाल गाउँहरूको समूहद्वारा नै निर्माण भएको हुनाले जबसम्म गाउँहरूको विकाश हुँदैन, तबसम्म नेपाल पूरा रूपमा विकाश हुन्छ भन्ने कल्पना पनि गर्न सकिने छैन। त्यसैले देशका सबै जनताहरू मिलेर आफ्नो आफ्नो कार्यक्षेत्र गाउँहरूलाई बनाउन नितान्त जरूरत भएको कुरा महसूस गरिबक्सेर राष्ट्रनायक श्री ५ बाट देशका जनताहरू सबैलाई 'गाउँफर्क अभियान' बक्सेको हो भन्न सकिन्छ। यो राष्ट्रिय अभियानले ग्रामीण समाजमा जन-चेतना र सक्रियता ल्याई दलविहीन पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराई निर्दलीय भावनालाई विकसित र सुदृढ पार्नेछ, जसको फलस्वरूप देशमा राष्ट्रियता र राष्ट्रिय-एकताको भावना जगाइदिने छ। यसरी राजाको आदर्श-भावना महातीवाणी, निर्देशन र कुशल-नेतृत्वको कारणले गर्दा नेपालीहरू सबैले सुख, शान्ति र चैनमा जीवन व्यतीत गर्न पाएका छन्।

नेपालको संवैधानिक-व्यवस्था

पहिले पहिले नेपालमा तितर-बितर राज्य थिए। यी सबै तितर-बितर भएका साना साना राज्यहरू जितेर श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गरिबक्स्यो। यसको करीब ७० वर्ष पछि नेपालको शासन राणाहरूको हातमा परेको थियो[१]। श्री ५ सुरेन्द्र वीरविक्रम शाहको पालोदेखि (वि० सं०

---

१. श्री ५ को सरकारद्वारा प्रकाशित 'गाउँफर्क राष्ट्रिय अभियान' पाम्प्लेट।

१. नेपालको इतिहास— लेखक, आई० पी० श्रेष्ठ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

१६०४ देखि २००७) साल (१०४ वर्ष) सम्मको राणा कालको व्यवस्था देशको सर्व-सर्वा शक्ति एकै व्यक्तिमा मात्र सीमित थियो। जसले स्वेच्छापूर्वक ऐन कानून र आदेशहरू बनाउँथे। यसरी त्यस बेलामा हुकुमी शासन चलेको थियो। सबै जनता असन्तुष्ट थिए र उनीहरूले आफ्नो अधिकार तथा कर्तव्यको रूपमा आफ्नो वास्तविक स्थिति आंकने मौका प्राप्त गर्न सकेका थिएनन्। साथै भनौं भने देशको भौगोलिक स्थिति, राष्ट्रिय-मान्यता, माटो र वातावरणको अनुकूल सुहाउँदो गरी बनाएको कुनै पनि देशको मूल कानूनलाई संविधान हो भन्न सकिन्छ। उक्त उल्लिखित व्यवस्थाको माग पूर्णतया कार्यान्वयन गर्ने लक्ष्य अनुसार स्वर्गीय राष्ट्रपिता श्री ५ त्रिभुवनबाट नेपाली जनतालाई संवैधानिक-राजतन्त्रको रूपमा अन्तरीम शासन विधान बक्स्यो। त्यसपछि जनताको माग अनुसार नेपालको आम निर्वाचन सुसम्पन्न भैसके पछि प्रचलित प्रजातान्त्रिक शासन-व्यवस्थाको निमित्त योग्य तथा सुहाउंदो अर्को संविधान वि. सं. २०१५ सालमा श्री ५ महेन्द्र वीरविक्रम शाहदेवबाट बक्सेको थियो। फेरि स्वस्थ निर्दलीय प्रजातान्त्रिक-संवैधानिक शासन व्यवस्था बक्सने श्री ५ महेन्द्रको निर्णय अनुसार वि. सं २०१६ साल पौष १ गतेका दिन अर्को संविधान श्री ५ बाट जनतालाई बक्स्यो।

यो संविधानको सम्बन्धमा श्री ५ को सरकारद्वारा प्रकाशित गरेको वक्तव्य सङ्कलित पुस्तिकामा लेखिएको छ[२]। यो संविधान अरू मुलुकको धेरैजसो संविधानमा झैं यसमा कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिका समेत जम्मा राज्यका ३ अङ्गहरूमा संवैधानिक अभिलेखको मूल वस्तुलाई विभाजन गर्ने साविकको नमूना अपनाइएको छैन। विभिन्न संवैधानिक विषयको विवेचना विभिन्न शीर्षक अन्तर्गत सबैलाई समष्टिरूप दिइएको छ।

हाम्रो संविधान लिखित संविधान हो। यो संविधानलाई नै

२. 'वक्तव्य सङ्कलन' पाम्प्लेट।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

देशको मूल कानुन र न्यायपालिकालाई संविधानको रक्षक भनी (इन् दि डेमोक्रेटिक् स्टेट् व्हेर् ड्योर् ईज् दी रिटेन कन्स्टिच्यूसन्, ड्योर् दि जुडिसियरी ईज् रिगार्डेड् आयज् दि गार्जियन् अफ् दि कन्स्टि-च्यूसन) यस संविधानले श्री ५ को सरकारका तीनै अङ्गहरूको अधि-कार सदुपयोग भएको छ छैन भनेर निश्चित गर्ने अधिकार न्याय-पालिकालाई सुम्पेको छ।

यस संविधानले नेपाल अधिराज्यलाई प्रभुत्व-शक्ति-सम्पन्न राजतन्त्रात्मक हिन्दू राज्य घोषित गरेको छ। एक हिन्दू राज्य भए तापनि राज्यले धर्म र धार्मिक मामलामा पूर्ण स्वतन्त्रता दिएको छ र साथै कुनै पनि नेपाली जानपदको धर्ममा हस्तक्षेप नगर्ने विधि अपनाएको छ। आजको विश्वमा एकमात्र राजतन्त्रात्मक हिन्दू राज्यको रूपमा नेपालको अस्तित्व कायम भै रहेको छ।

हाम्रो संविधानले पञ्चायती प्रजातन्त्रात्मक शासन व्यवस्था-लाई अँगालेको छ। राजतन्त्र नै हाम्रो राष्ट्रियताको आंतरिक तत्त्व हो। राजाको कुशल नेतृत्व तथा संरक्षणमा नेपालीहरू ठूलो आस्था राख्दछन्। नेपालको प्रभु-शक्ति श्री ५ मा निहित रहेकोले कार्य-कारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी सम्पूर्ण अधिकार श्री ५ बाट नै निःसृत हुन्छन्। देशको सम्पूर्ण प्रशासन राजाको नाममा हुन्छ[१]। यस संविधानले नेपाल अधिराज्यलाई एकात्मक शासन-व्यवस्थामा राखेको छ। यस व्यवस्थामा शक्ति पृथक्करणको मूल सिद्धान्तलाई अपनाएको जस्तो बुझिन्छ[२]। यस संबन्धमा श्री ५ महेन्द्र बाट हुकुम बक्सेको छ, पञ्चायती प्रजातन्त्रबाट नेपालको शासनको प्रत्येक स्तरमा जनताहरूलाई सम्मिलित गराएर तह-तहमा अधिकार

१. नेपालमा "विकेन्द्रीकरणको सिद्धान्त सम्बन्धि" पाम्प्लेट् र "नयाँ बाटो"—लेखक प्रमोद शम्शेर।
२. "निर्दलीय पञ्चायती प्रजातन्त्र" – ले० अनन्त पौडेल।

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundi

को प्रत्यायोजन गरी एक विकेन्द्रित शासन-पद्धति स्थापना भएकोछ। यस विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्वायत्त-शासनको स्थानीय एकाईहरू (यूनिट्स) धरातलमा निर्माण गरिने राष्ट्रिय शासन-व्यवस्थाका ४ तह छन्। प्रत्येक तहले आफ्नो स्थानीय समस्याको... ग्राम्य समस्याको समाधान ग्राम पञ्चायतमा नै हुने, जिल्लाको जिल्ला पञ्चायतमा, अञ्चलको अञ्चल समितिमा र राष्ट्रको राष्ट्रिय पञ्चायतमा हुने निर्णयहरूबाट राज्य संचालनको विधि पुऱ्याइने भएकोले...... उक्त व्यवस्थालाई विकेन्द्रित शासन-पद्धति भनिएको हो।

यस संविधानले नेपालमा एक सर्वोच्च अदालतको पनि व्यवस्था मिलाएको छ। अरू प्रजातान्त्रिक मुलुकहरू संयुक्त राज्य अमेरिका, भारत आदिका सर्वोच्च अदालतले झैं नेपालको सर्वोच्च अदालतले पनि स्वतन्त्र अस्तित्व पाएको छ। हाम्रो सर्वोच्च अदालत पनि संविधानको संरक्षक हो। जानपद अधिकारको हननमा श्री ५ को सरकारको विरुद्ध समेत (रिट् ट्रिट्) गर्ने व्यवस्थाले पञ्चायती प्रजातन्त्रलाई रक्षा गरेको छ। यसरी जानपद अधिकारलाई संवैधानिक तरिकाले संरक्षण गर्ने व्यवस्था मिलाएको छ। कारवाहीको अन्तिम निर्णय सर्वोच्च अदालतको माध्यमद्वारा नै हुन्छ। यसरी हाम्रो अदालतले पनि संविधान ऐन कानून विरुद्ध भएको कार्यलाई असंवैधानिक घोषित गर्ने अधिकार पाएको छ।

यस संविधानले सम्पूर्ण नेपालीहरूलाई मौलिक अधिकार र कर्तव्य पनि दिलाएको छ। नेपालीहरूको मौलिक अधिकारमा नेपालको संविधानले संघ वा संस्था खोल्न पाउने स्वतन्त्रता दिलाई व्यक्तिगत स्वतन्त्रताको रक्षा गरेको छ। तर संघ वा संस्था दलगत राजनैतिक लक्ष्यले प्रेरित भएको हुनु हुँदैन। यसको साथै उक्त संविधानमा पञ्चायत प्रणालीको नीति-निर्देशक तत्त्व पनि समावेश गरेको छ। यस अनुसार नेपालमा एक लोक सेवा आयोग रहेको छ। जसको सिफारिसको आधारमा श्री ५ को सरकारलाई चाहिंदो नयाँ कर्मचारीहरू

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding

भर्ना गर्न सक्ने व्यवस्था छ। निर्धारित सेवाको बारेमा लोक सेवा आयोगसंग परामर्श लिनु पर्ने व्यवस्था पनि कायम भएको छ। यस संविधानमा हाम्रो राष्ट्र भाषा, राष्ट्रिय चिह्न, झण्डा, पशु-पंछी, र राष्ट्रिय गानको निर्णयबाट सबै नेपालीहरूलाइ एउटै आदर्श राष्ट्रियतामा ल्याउने प्रयास भएको छ।

यस संविधानले नेपालमा एक राष्ट्रिय पञ्चायतको व्यवस्था गरेको छ[१]। हाम्रो राष्ट्रिय पञ्चायत एक सदन भएको स्थायी व्यवस्थापन सभा हो। हरेक स्तरको पञ्चायतले यही राष्ट्रिय व्यवस्थापिका र राष्ट्रिय कार्यकारिणीको काम सघाएको छ। यसरी यस संविधानले नेपालमा एक राजसभाको स्थायी कार्यकारिणीको व्यवस्था मिलाएको छ। यस प्रकारको राजसभा श्री ५ को अस्वस्थता, रिक्तता विशेष स्थितिमा क्रियाशील हुन्छ। यसको अतिरिक्त संविधानमा श्री ५ बाट स्वयं संचालन गरिबक्सने अधिकारको सम्बन्धमा राजसभाको सल्लाह लिन चाहिबक्सेमा उपयुक्त सल्लाह टक्र्याउनु राजसभाको परम कर्तव्य हो।

१. लेखवीर सिंहजीको पुस्तक "नेपालको नयाँ संविधान"।

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

वर्णाश्रम धर्ममा राजाको महत्व

प्रा. राधाकृष्ण अधिकारी
(त्रि० वि० वि०)

संपूर्ण विश्वको एकमात्र हिन्दूराष्ट्र नेपाल नै हो र वर्णाश्रमधर्म र अक्षुण्ण राजपरम्परा रहेको यस देशमा धर्मसम्बन्धी विषयलाई लिएर राजाको के कति महत्व छ भन्ने कुरा कुनै छिपेको छैन, अपि तु अनवच्छिन्न अनुभव गरिरहेकै कुरा छ। यसमा प्रतिपाद्य वर्ण र आश्रम, त्यसको धर्म, तन्निष्ठ राजमहत्व यी चार विषय छन्। ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार वर्णछन्। यिनै चार वर्णबाट अनुलोमज अर्थात् पूर्व पूर्व वर्णबाट उत्तर उत्तर वर्णमा उत्पन्न, प्रतिलोमज अर्थात् उत्तर उत्तर वर्णबाट पूर्व पूर्व वर्णमा उत्पन्न मूर्द्धाभिषिक्त र सूतादि गरिएका अवान्तर भेद हुन जान्छन्। हाम्रा श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायणशाहले "हाम्रो यो देश चार जात छत्तीस वर्णको फूलवारी हो" भनेर जातिलाई चार संख्या दिएर अरूलाई वर्ण-संज्ञा दिएका छन्। आश्रम पनि ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यासका भेदले चार ओटा नै छन्।

"गर्भाऽष्टमेऽष्टमे वाऽब्दे ब्राह्मणस्योपनायनम् ।
राज्ञामेकादशे सैके विशामेके यथाकुलम् ॥"

यसरी ब्राह्मण, क्षत्रिय र वैश्यको व्रतबन्ध हुन्छ। ब्रह्मचर्याश्रममा प्रविष्ट हुन्छन् र ब्रह्मचर्याश्रमका निमित्त बताएका नियमहरूको पालन गर्दै तिनीहरूले वेदाध्ययन गर्नुपर्छ। पच्चीस वर्षसम्म ब्रह्मचर्यमा रहेर वेदाध्ययन गरे पछि गृहस्थाश्रमी हुन्छ। त्यसले पनि त्यस आश्रमका निमित्त बताइएका धर्मको पूर्णतया पालन गर्दै अधीत-

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

वेदको आवृत्ति गरिरहनै पर्दछ। ५० वर्ष भित्र गृहस्थाश्रमको पालन गरी तदनन्तर ७५ वर्षसम्म वानप्रस्थी बन्नु पर्दछ र अनि त्यस पछि सन्यास लिनुपर्छ। यसरी तत्तत् आश्रमका निमित्त बताइएका धर्महरूको तत्तत् आश्रमवासीले पालन गर्नु पर्छ।

अब धर्म के हो भन्ने विषयमा विभिन्न आचार्यहरूले विभिन्न प्रकारले निर्देश गरेका छन् तापनि आखिरमा सबैको लक्षण यसैमा समन्वित हुन्छ, जो कि – "वेदबोधित–इष्टसाधनताको धर्मः" भन्ने मीमांसकको वाक्य छ। जति पनि धर्मका परिचायक लक्षणहरू या वाक्यहरू छन् ती सबै यसैमा अन्तर्भूत हुन्छन्। आ-आफ्नो स्वत्व जोगाएर आ-आफ्नो धर्म-पालन गर्नलाई राजाको परम आवश्यकता हुन्छ। राजा हुँदा हुँदै त अध्यात्मभावनाले भावित आत्मा नभएर केवल द्रव्यलोभले छपक्क छापिएका देशभित्रका अवाञ्छनीय तत्त्वले घेरिएको छ र अझ तिनै व्यक्ति देशका अधिकृत बन्न पुगेका छन् भने सहृदयीहरूले या असमर्थहरूले उकुसिंदै मुकुसिंदै तातो सास फेरेर जिउँदै घोरनरकरूप अकारण नियमन-यातना भोग्नु पर्छ भने अझ देश भर मात्स्य–न्यायले नाङ्गोनाच देखाउन थाल्दछ भने राजा नै नहुने हो भने त वर्तमान संसार कुन स्थितिमा पुग्न जाला। यसमा अधिक भनिरहन पर्ने देखिन्न। जस्तै मनु भन्दछन्—

"अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः॥" इति

जब राजाको अभावमा मानिसले आफ्नो स्वत्व थामेर जीवन निर्वाह गर्न सक्दैन भने वर्ण व्यवस्थालाई कायम राखी तत्तत् आश्रममा रहेर तत्तत् धर्मको पालन गर्ने भन्ने कुरा डाँडा पारी पुग्छ। "*चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः*" भन्ने भगवान्‌को वाक्यबाट स्पष्ट छ कि चातुर्वर्ण्यको सृष्टि र तिनीहरूको गुणकर्मादि विभिन्नता सृष्टिदेखि बनेको छ र "*मर्यादा स्थापिता लोके चातुर्वर्ण्यस्य रक्षणे*" भन्ने

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

उक्तिबाट मर्यादापालन चातुर्वर्ण्य-संरक्षणका निमित्त रहेछ भन्ने कुरा पनि स्पष्ट हुन्छ। संसारमा मर्यादाको पालन यदि कसैले गर्छ भने डरले, लज्जाले मात्र गर्दछ, होइन भने त मर्यादाको पालन कसले के प्रयोजनका निमित्त गर्छ र। कुनै पनि बन्धन नभएपछि उचित या अनुचित विषयमा प्रवृत्त हुनु प्राणीमात्रको धर्म हो। बन्धन भएको चीजमा त मानिसको प्रवृत्ति संगत हुन्छ र त्यसबाट प्राप्त हुने फलको उपभोग गरिराखेको छ एवं उपभोग गरिरहेको पनि देखिइरहेको छ। तथापि मानिस बन्धन तोड्न किञ्चित् मान्दैन, कुनै पनि वन्धन नहुने हो भने त मात्स्यन्याय भन्दा वढि नै चल्न मानवमात्रमा असम्भव छैन। किनकि बन्धन नभएको वस्तुमा समर्थ मानिसहरूले नचाहिँदो पनि बटुलेको या गरेको देखिरहेछौं। अतः प्राणीमात्रलाई निर्वक्कसंग जीवन यापन गर्नु छ भने मर्यादा या बन्धन रहनु आवश्यक छ। त्यो मर्यादा या वंधन यौटा डर नै बन्दछ। डर देखाउनेको लागि सर्वोपरि साधन शास्त्र छ। त्यसपछि राज-दण्ड, सामाजिक डर तथा लज्जाले मानिसलाई अनौचित्यमा प्रवृत्त हुन दिंदैनन्। समाजबाट र शास्त्रबाट मानिस मर्यादित हुन्छ तापनि राजाले नै त्यस किसिमको शास्त्रको अध्ययन, अध्यापन देशमा जारी राखिदिएर तदनुकूल समाजको सिर्जना गरिदिएमा मात्र आफुमा रहेको सामर्थ्य जनतामा देखाउन शास्त्र आदि समर्थ वन्ने हुन्।

तदा जायन्ते गुणा यदा ते सहृदयैर्गृह्यन्ते।
रविकिरणानुगृहीतानि भवन्ति कमलानि कमलानि॥

यदि धर्मशास्त्र राजकिरणबाट अनुगृहीत हुन्छ भने आफू विकसित भएर आफुमा रहेको राजशासन विष्णुको शासन हो र सदाचार पालन नै ऐहलौकिक र पारलौकिक अनन्तसुखको प्रस्रवकेन्द्र हो भन्ने आदि सामर्थ्य व्यक्त गर्दै राजमुकुटमा आस्था र चार वर्ण र चार आश्रमको धर्मानुष्ठानमा श्रद्धा पैदा गराउँछ। जुन धर्मशास्त्रले राजालाई

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ईश्वर मानेको छ र योग-क्षेमका निमित्त ईश्वर (राजा) समक्ष गएर आफ्नो कामना-पूर्ति गर्नुपर्छ आदि भन्छ। त्यस धर्मशास्त्रको अध्ययन, अध्यापनले राजभक्ति पैदा गराउँछ र उसबाट नै धर्मानुष्ठान सम्पन्न हुन्छ भन्न कुनै आश्चर्य लाग्दो कुरा छैन। योगको अर्थ हो नपाएको चीज पाउनु र क्षेमको अर्थ पाएका चीजको सर्वतः संरक्षण गर्नु। योग शब्दबाट नपाएको चीज पाउनु भन्नाले त्यसमा कारण भएको श्रौत स्मार्त अग्निबाट सम्पन्न हुने इष्टकर्मको लक्षणा हुन्छ र क्षेमशब्दबाट पाएका चीजको परिरक्षण गर्नु भन्नाले बहिर्वेदि, दान, तलाउ, बगैंचा निर्माण आदि पूर्त कर्मको लक्षणा हुन्छ। अर्थात् योग-क्षेम शब्दले इष्ट कर्म र पूर्त कर्मलाई बुझाउँछ। इष्ट कर्म र पूर्त कर्म सम्पन्न गर्नाका निमित्त राजाको आश्रय लिनुपर्छ भने धर्ममा राजाको कहाँसम्म महत्व छ भन्ने कुरा दोहोऱ्याई रहनुपर्ने देखिन्न। राजाले पनि शास्त्रले बताए बमोजिम हरतरहले न्यायपूर्वक संरक्षण गर्नुपर्छ। मनु भन्छन्—

ब्राह्मं प्राप्तेन संस्कारं क्षत्रियेण यथाविधि।
सर्वस्यास्य यथान्यायं कर्तव्यं परिरक्षणम्॥

राजाको दण्डले नै प्रजालाई नियमन गर्छ, त्यसैले रक्षा पनि गर्छ, सबै सुते पनि उ जागा रहन्छ र त्यसैलाई नै विद्वान्हरूले धर्म भनेर भन्छन्। त्यस दण्डलाई धर्म भन्नाको तात्पर्य नै दण्डले आ-आफ्नो मार्गमा चलाइएका जनताले आ-आफ्नो आचार पालन गरी धर्म जगाइने हुनाले हो। राजाले न्यायपूर्वक प्रयोग गरिएको दण्डलाई पापनाशक भनिन्छ। जहाँ पापको स्थान छैन त्यहाँ धर्म जम्नु स्वाभाविकै हो। राजदण्डको डरले नै मानिसले औचित्यमार्गको उल्लङ्घन गर्न सक्दैन र सबैले आ-आफ्नो धर्मानुष्ठान गर्दै आ-आफ्ना तत्त्वको उपभोग गर्न सक्तछन्। आदेवदानवादि कीट पतङ्ग सबै नै दण्डले नै औचित्य मार्गका पथिक बन्ने हुन्। दण्डको डर नहुने हो भने त ब्राह्मणादि वर्ण पनि दूषित हुने थिए र ४ वर्णको व्यवस्था नै रहने

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

थिएन। चार आश्रम र तिनमा अनुष्ठान गरिने धर्मको नाम निशाना नै रहने थिएन, साथै मर्यादा भन्ने चीजको अत्तो पत्तो हुने थिएन। त्यसैले आ-आफ्नो धर्मको अनुष्ठान गर्ने चार वर्ण र चार आश्रमको रक्षा गर्नका निमित्त नै राजाको सृष्टि भएको हो। जस्तै मनु भन्छन्।

स्वे स्वे धर्मे निविष्टानां सर्वेषामनुपूर्वशः।
वर्णानामाश्रमाणाञ्च राजा सृष्टोऽभिरक्षिता ॥ इति ॥

धर्मार्थकाममा निपुण राजाले धर्मार्थकामप्रयोजन सिद्ध गर्नाका निमित्त नै दण्डको प्रयोग गरोस् भनेर दुर्धर्ष दण्डको पनि राजाको साधनका निमित्त सृष्टि गरिएको हो। त्यस दण्डलाई यदि राजाले जेका निमित्त सृष्टि गरिएको हो उसै प्रयोजनमा प्रयोग गर्छ भने त्यो दण्ड सम्पूर्ण चराचरको मनोरञ्जक बन्छ, आनन्ददाता बन्छ। हैन भने त सम्पूर्ण जगत् क्षुब्ध हुन्छ।

जसमा धर्म विराजमान हुन्छ त्यसैलाई नै राजा भन्ने शास्त्रको परम्परा छ। जस्तै महाभारत राजधर्मानुशासन पर्वमा भनेको छ— "*यस्मिन् धर्मो विराजेत तं राजानं प्रचक्षते।*" पुनः धर्म बढे सबै बढ्छन्, धर्म नाशभए सबै नष्ट हुन्छन् जस्तै त्यसमैं भनेको छ—

धर्मे वर्धति वर्धन्ति सर्वभूतानि सर्वदा।
तस्मिन् ह्रसति ह्रीयन्ते तस्माद्धर्मं न लोपयेत् ॥

त्यसै पर्वमा सत्य, त्रेता, द्वापर, कलि भन्ने राजाका चरित्र हुन् र राजालाई नै युग मानिन्छ। त्यसकारण राजाको प्रमादले चातुर्वर्ण्य, चतुर्वेद, चतुराश्रम सबै खतम हुन्छ भनेर राजाले नै वर्णाश्रम धर्मको संरक्षण गर्नुपर्छ भन्ने कुरा देखाएका छन्। यसबाट सबैले जानेको नै हुनुपर्छ, बुझेको नै हुनुपर्छ कि धर्माधर्म भन्ने चीज राजाका नै दायित्व हुन्। जसमा राजाले धर्मपूर्वक दुष्टहरूको दमन र सज्जनहरूको संरक्षण गर्दछ त्यसमा प्रजाऋद्धम

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

फैलिएर विषय बगैंचालाई ढकमक्क पारी आनन्दको लहर र कीर्ति-सुगन्ध विश्वसमक्ष पुऱ्याउन समर्थ बन्दछ। त्यसको विपरीत भएमा कीर्तिसुगन्धले विश्वसमुद्रमा घृतबिन्दुको रूप, प्रजाकुसुमले सन्तप्त कटाहमा जलबिन्दुको रूप लिई स्वविषयबोध सर्वत्र गराउन थाल्द-छन्। जहाँसम्म आकाशबाट सन्तप्त कटाहसम्मको गति जलबिन्दुमा रहन्छ, त्यहाँसम्म नै त्यसको अस्तित्व रहन्छ। सृष्टिको आदिकालदेखि लिएर ऐलेसम्मको इतिहासले हामीलाई राम्रो कर्ममा प्रवृत्त हुन प्रेरणा गरिरहेको छ। इतिहासको पाना पानामा हामी धर्मको विजयध्वजा फहराइ रहेको पाउछौं त त्यसका विपरीतमा त्यसका प्रतिपक्षको अवस्थालाई पाउँछौं।

उपर्युक्त कुराहरूबाट राजाको सृष्टि भएको प्रजाको धर्मपूर्वक सुरक्षाका लागि हो भन्ने कुरामा दुइ मत हुन सक्तैन। क्षत्रिय (राजा) को प्रजापालनादि धर्म पुराणपुरुषोत्तमबाट नै प्रवृत्त भएको हो त्यस पछिबाट अरू शेषभूत धर्महरूको उद्गम भएको भनेर—

"क्षात्रो धर्मो ह्यादिदैवात्प्रवृत्तः पश्चादन्ये शेषभूताश्च धर्माः" भन्ने महाभारतमा प्रतिपादित व्यासको वाक्यबाट स्पष्ट हुन्छ। अतः राजाले पैले आफ्ना धर्मको रक्षा गरी प्रजा र उनका धर्मको रक्षा गर्नु परम आवश्यक छ। यसैले हाम्रो राष्ट्र हिन्दूराष्ट्रमा घोषित छ। हाम्रा राजा तिनी हुन् जो कि परम्परामा आइरहेका पवित्र हिन्दूराजा हुन्। पवित्र हिन्दूराजाको देश भएकोले यहाँ चातुर्वर्ण्य धर्म सुरक्षित छ। हाम्रो देशमा धर्मका निमित्त कसैले कुनैका प्रति जुनसुकै अवस्थामा पनि नचाहिने आडम्बर फैलाएर विप्रतिपत्ति ल्याएको पाइन्न। यसैले यस देशवासीले फैलिएका शाखालाई नताकेर मूल स्मृति र विश्रान्ति-लाई लक्ष्य गरी हिमालयबाट निस्केका विभिन्न नदी नालाहरूले आखिरमा एक रूप लिए झैं समन्वयलाई अँगालेको छ। यो हाम्रो शाहवंशको देन हो। जो जसमा जसरी रहन्छ त्यसमा त्यस्तै प्रकारको व्यवहार गरिन्छ भने त्यसलाई धर्म भन्छन्—

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

"यस्मिन् यथा वर्तते यो मनुष्यस्तस्मिँस्तथा वर्तितव्यं स धर्मः" भनेर महाभारतमा हाम्रै किसिमको धर्मसमन्वयलाई नै धर्म मानेको छ नकि धर्मको सन्दर्भमा रगतको खोलो बगाउनलाई। धर्मको रक्षा हुन्छ भने धर्मले पनि सारालाई रक्षा गरेकै हुन्छ। धर्मलाई तिलाञ्जलि दिइयो भने धर्मले पनि तिलाञ्जलिनै दिन्छ। त्यसैले सारा प्राणी धर्ममा नै रहन्छन्। धर्म राजामा आश्रित हुन्छ। राजाको पृथिवी-स्वामित्व धर्मको सुशासनमा निहित हुन्छ। यै कुरा महाभारतमा भनेको छ।

धर्मे तिष्ठन्ति भूतानि धर्मो राजनि तिष्ठति।
तं राजा साधु यः शास्ति स राजा पृथिवीपतिः॥

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

महर्षि-वाल्मीकि

गिरिधारी भट्टराई

अनन्तकोटि ब्रह्माण्डनायक परमात्माको इच्छाले सृष्टि गरिएको चौध भुवन मध्ये भूलोकमा रहेको आर्यावर्तको शिरोभाग: कोशी, वाग्मती, गण्डकी आदि पुण्यनदीले सेचन गरिएको जनकपुरधाम, वाराहक्षेत्र, देवघाट, मुक्तिनाथ आदि तीर्थस्थानले विराजमान, उपत्यका, अधित्यका, पर्वत, हिमालय, वन आदिले सुशोभित, याज्ञवल्क्य, च्यवन आदि महर्षिले निवास गरिएको जनक आदि राजर्षिले शासन गरिएको भरत आदिले तपस्या गरिएको आजसम्म हिन्दू राजाले प्रशासित र हिन्दूहरूको प्राणभन्दा प्यारो भएको नेपाल देश छ।

यसै नेपाल देशमा महर्षि वाल्मीकिको जन्म भएको थियो। हुन त साक्षात् शब्दप्रमाणबाट नेपालमा महर्षि वाल्मीकिको जन्म सिद्ध हुँदैन, तथापि तर्कबाट महर्षि वाल्मीकिको जन्म नेपालमा नै सिद्ध हुन्छ। जुन समयमा श्रीरामजी वनवास जानु भयो त्यस समयमा श्रीरामजी वाल्मीकिको आश्रममा पुग्नु भयो। त्यस समयमा श्रीरामजीको प्रशंसा गर्दै वाल्मीकिले भन्नुभयो कि, म पहिले बाल्यावस्थामा किरात देशमा किरातहरूका साथ बढें। जन्म मात्रको बाहुन थिएँ।※ किरातहरू नेपालमा नै प्रसिद्ध छन्। किरातहरूका साथ वाल्मीकिको बालक अवस्था बितेको हुनाले वाल्मीकिको जन्म नेपालमा नै सिद्ध हुन्छ।

※अहं पुरा किरातेषु किरातैः सह वर्धितः।
जन्ममात्रद्विजत्वं मे शूद्राचाररतः सदा॥
अध्यात्मरामायण, अयोध्याकाण्ड ६ सर्ग ६५ श्लोक।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

ऋषि-मुनिहरू एकै ठाउँमा नवसी भिन्न भिन्न ठाउँमा भ्रमण गर्ने हुनाले कुनै समयमा महर्षि वाल्मीकिको आश्रम चित्रकूटमा पनि थियो

कुनै समयमा महर्षि वाल्मीकिको आश्रम कालीनदीको तिरमा पनि थियो। त्यसै समयमा महर्षि वाल्मीकिले नेपालमा प्रसिद्ध वीर-भद्रतीर्थमा आएर वाल्मीकेश्वर महादेवको स्थापना गर्नु भएको थियो* ।

यद्यपि नेपाल माहात्म्यमा वाल्मीक भन्ने नाउँ आएको छ। तथापि वाल्मीकिको प्रसङ्गमा वाल्मीक भन्ने नाउँ वाल्मीकि रामायणमा ठाउँ ठाउँमा आएको हुनाले वाल्मीकि र वाल्मीक एउटै हुन्॰। भिन्न होइनन्। अदन्तको विवक्षा गरेमा शैषिक अण् प्रत्यय भएर वाल्मीक बन्दछ। अपत्य अर्थको विवक्षा गरेमा (अत इञ्) सूत्रले इञ् प्रत्यय भएर वाल्मीकि बन्दछ।

कालीनदीको तीरमा सिद्ध भएको महर्षि वाल्मीकिको आश्रम नारायणी अञ्चल, चितवन जिल्लामा त्रिवेणीदेखि आधा कोस पूर्वतिर चुरे पर्वतको अलिकति दक्षिण तर्फमा छ। त्यसै ठाउँमा वाल्मीकिले स्थापना गरेको वाल्मीकीश्वर महादेव पनि त्रिवेणीमा प्रसिद्ध छन्। वाल्मीकिको आश्रममा वाल्मीकिको मूर्ति र वाल्मीकिले ध्यान गरेको भगवान् विष्णुको मूर्ति पनि आजसम्म देखिएका छन्। जुन ठाउँलाई

* वाल्मीकोऽत्र पुरा सस्नौ त्यक्त्वा कालीमिहागतः। तीर्थयात्राटनादेतल्लिङ्गं स्थापितवान् मुदा ॥ स्कन्दपुराण, नेपालमाहात्म्य, १२७ अध्याय, ९ श्लोक।

॰ एवमुक्तो भरद्वाजो वाल्मीकेन महात्मना ।, वाल्मीकाश्रममागत्य वासं चक्रे महायशाः। वाल्मीकिरामायण, बालकाण्ड २ सर्ग २७ श्लोक। उत्तरकाण्ड, ७१ सर्ग ३ श्लोक।

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

नै वि. सं. २०१६ मा गण्डकी बांधयोजना समितिले गण्डकी बांधको शिलान्यासको समारोहमा भारतका प्रधानमन्त्री पं. जवाहरलाल नेहरू र वर्तमान श्री ५ महाराजाधिराज सरकारका रोहवरमा वाल्मीकिको आश्रम भनेर सिद्ध गरेको थियो।❀

शास्त्रीय दृष्टिकोणबाट विचार गर्दा वाल्मीकिको जन्म समय १७३३०७१ वर्षभन्दा पनि पहिले नै सिद्ध हुन्छ। कारण–त्रेतायुगको आदिमा● सरस्वती देवीले ब्रह्माजीसंग प्रार्थना गर्नु भयो कि म कसको मुखारविन्दमा प्रवेश गरौं। यस्तो सरस्वती देवीको वचन सुनेर ब्रह्माजीले भन्नुभयो कि सकल भुवनमा भ्रमण गर्दा जसलाई मनपर्दछ त्यसैको मुखारविन्दमा प्रवेश गर। यस्तो ब्रह्माजीको आज्ञा सुनेर सरस्वती देवी सर्वत्र भ्रमण गर्दै चित्रकूटका समीपमा तमसा नदीको तीरमा ऋषिगणले युक्त महर्षि वाल्मीकिको आश्रममा पुग्नु भयो। त्यही आश्रममा सर्व गुणसम्पन्न महर्षि वाल्मीकिलाई देखेर सरस्वती देवी महर्षि वाल्मीकिकै मुखारविन्दमा प्रवेश गर्नु भयो भन्ने इतिहासबाट महर्षि वाल्मीकिको जन्म समय त्रेतायुगको आदिमा सिद्ध हुन्छ। त्रेतायुगको आदि भन्नाले आदि, मध्य, अन्त्य ३ भाग लगाउँदा त्रेतायुगको २ भागभन्दा पूर्वमा आदिकवि वाल्मीकिको जन्म समय सिद्ध हुन्छ। वाल्मीकिको जन्म समय कति वर्ष पूर्वमा रहेछ भनी अनुसन्धान गरेमा निम्नलिखित प्रमाणबाट यतिवर्ष पूर्वमा रहेछ भन्ने सिद्ध हुन्छ। यस समयमा विक्रम संवत् २०२७ चलिरहेको छ। विक्रम संवत् २०२७ बाट १३५ घटाएमा १८९२ शाकवर्ष सिद्ध हुन्छ। शाकवर्ष

❀विहारका राज्यपाल अनन्तशयनम् आयङ्गर, विहारका नहरमन्त्री दीपनारायणसिंह, विहारका मुख्यमन्त्री श्रीकृष्णसिंह, कंग्रेसका नेता धनराज पुरी, समितिका अध्यक्ष लुम्बिनी अञ्चलाधीश ताराप्रसाद उपाध्याय।

●ततस्त्रेतायुगस्यादौ पृथिव्यां भारते तदा। ददर्श मुनिमत्युग्रतपोज्ज्वलिततेजसम्॥ बृहद्धर्मपुराण, पूर्वखण्ड, २५ अध्याय, ५४ श्लोक।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

१८६२ मा ३१७६ जोडेमा ५०७१ गतकलि सिद्ध हुन्छ [*]। अर्थात् यस समयमा गतकलि ५०७१ भयो। पुराणादि प्रमाणबाट द्वापर युगको मान ८६४००० सिद्ध हुन्छ। एवं त्रेतायुगको मान १२९६०००६। त्रेतायुगको आदिमा महर्षि वाल्मीकिको उल्लेख बृहद्धर्मपुराणमा स्पष्ट भएकोले त्रेतायुगको प्रमाण भाग तृतीयांश ४३२००० त्रेतायुगको मान १२९६००० मा घटाएमा ८६४००० बांकी रहन्छ। गतकलि ५०७१ द्वापर युगको मान ८६४००० र प्रथम तृतीयांश घटाइएको त्रेतायुगको मान ८६४००० जोडेमा १७३३०७१ वर्ष हुन्छ। त्यस कारण महर्षि वाल्मीकिको जन्म समय १७३३०७१ वर्षभन्दा पूर्व नै सिद्ध हुन्छ। त्यसभन्दा पनि कति पूर्व रहेछ भनी अनुसन्धान गर्दा त्रेतायुगको यति वर्षविते पछि महर्षि वाल्मीकिको जन्म भएको हो भन्ने प्रमाण नपाइएकोले आजदेखि यति वर्ष नै पूर्व महर्षि वाल्मीकिको जन्म भएको हो भनी लेख्न लेखक असमर्थ छ। त्रेतायुगको आदिमा महर्षि वाल्मीकिको उल्लेख प्राप्त भएकोले महर्षि वाल्मीकिको जन्म १७३३०७१ वर्षभन्दा पूर्वमा नै हो भनी लेख्नत केही कठिन र अप्रमाणित हुँदैन। महर्षि वाल्मीकिको जीवन चरित्रबारेमा लेख आर्को अङ्कमा प्रस्तुत गर्नें छु।

क्रमशः

---

[*] शाको नवाद्रीन्दुकृशानुयुक्तः कलेर्गवत्यब्दगणस्तु वृत्तः। भास्वती श्लोक २।

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

शान्तिको मार्ग

प्रा. लोकनाथ ढकाल

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥

(यज्ञ र तपस्याहरूको पालक, सबै लोकको ठूलो नियामक, सारा प्राणीहरूको सहृद्-प्रत्युपकारको अपेक्षा नगरी उपकार गर्ने, मलाई (सकल जीवहरूको मूल स्रोत म परमात्मालाई) जाने पछि शान्ति मिल्दछ)—भगवान् श्रीकृष्ण ।

शान्तिशब्दको संस्कृत व्याकरण अनुसार निवृत्ति(अभाव) अर्थ हुन्छ । निवृत्ति मात्र भन्दा इष्टको निवृत्ति पनि बुझिन्छ, तर त्यसबाट शान्तिको विपरीत अशान्ति पैदा हुन्छ, अतः निवृत्ति भनेर यहाँ अनिष्टको निवृत्ति बुझ्नु पर्दछ ।

देश, काल, स्वभाव विभिन्न भएकोले तदनुसार अनिष्ट पनि अनेक नै छन् तापनि सबै अनिष्टको शास्त्रमा दुःख शब्दले संग्रह गरेको छ, किनभने दुःख कसैको पनि इष्ट होइन, सारा प्राणीहरू दुःखलाई प्रतिकूल नै संझन्छन् । यसै कारणले वाधना- पीडा नै छ लक्षण-स्वरूप जसको त्यो दुःख हो भनेर शास्त्रमा दुःखको लक्षण (वाधनालक्षणं दुःखम्—न्यायसू०) । वताएको छ ।

दुःख झैं दुःखको हेतु जन्मनु, त्यसको कारण पुण्य पाप-स्वरूप प्रवृत्ति, उसको जनक काम-क्रोधात्मक दोष, दोषको साधन आत्मा र शरीर आदिमा हुने मिथ्याज्ञान- मोह, यी सबै साक्षात् परम्पराया वा दुःख पैदा गर्ने हुनाले दुःख झैं प्रतिकूल अतएव अनिष्ट नै हुन् र शास्त्रमा तिनीहरूलाई पनि गौणदुःख भनेर दुःख शब्दले नै व्यवहार गरेको छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

उक्त कुराबाट शान्ति भनेको मुख्य-दुःख र उसको साधन गौण-दुःखको निवृत्ति रहेछ भन्ने कुरा स्पष्टसंग बुझिन्छ।

वेद र अरू शास्त्रमा पनि शान्ति शव्दको उक्त अर्थमा प्रयोग गरेको देखिन्छ।—

उपनिषद्हरूको प्रारम्भ र समाप्तिमा शान्तिपाठ र ३।३ वार शान्तिशव्दको उच्चारण गर्ने चलन छ। आध्यात्मिक, आधिभौतिक र आधिदैविक यी ३ दुःखको निवृत्तिका निम्ति ३ वार शान्तिशव्दको उच्चारण गरेको हो भनी व्याख्याकारहरूले त्यसको अर्थ बताएका छन्।

'शान्तो दान्तः' … … इत्यादि वेदमा पनि अन्तरिन्द्रिय-निग्रहः=दुःख-हेतु राजस र तामस वृत्तिहरूको निवृत्ति, भएको व्यक्ति-लाई 'शान्त' शव्दले बुझाउँछ।

गीतामा ६।५० शान्तिशव्द आउँछ। भगवान् शङ्कर प्रभृति सबै व्याख्याकारहरूले त्यसको दुःखको अत्यन्त निवृत्ति=मुक्ति र कहीं कहीं दुःख-साधन अविद्या आदिको निवृत्ति अर्थ गर्नु भएको छ।

एवं 'नमः शान्ताय', 'ब्रह्मलिङ्गं प्रशान्तम्' (भा० पु०) यहाँ पनि दुःखको अत्यन्तनिवृत्ति=परमशान्ति भएका भगवान्‌लाई शान्त वा प्रशान्त शव्दले अवगत गराउँ छ।

संसारको सारा दुःख शमन गर्ने परमात्मस्वरूपिणी आदि शक्तिलाई 'त्वं शान्तिः' भनेर शान्ति शव्दले वोध गराउने मार्कण्डेय-पुराण पनि दुःख निवृत्ति नै शान्ति हो भन्ने कुरालाई पुष्टि गर्दछ।

परन्तु यहाँ निवृत्ति भनेर प्रागभाव= पछि दुःख नजन्मनु अर्थात् शान्ति भनेको भविष्य दुःखको निवृत्ति हो भनी बुझ्नु पर्दछ।

किनभने गृह आदिको निर्माण पछि वास्तुशान्ति एवं दुर्जन्म, दुर्मरण र अन्य उपद्रव आदिमा मूलशान्ति, पञ्चकमरण शान्ति र

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

अरू विभिन्न शान्तिहरू जति गरिन्छन् ती सबै पछि दुःख नहोस् भन्ने उद्देश्यले नै गरिन्छन् ।

वर्तमान दुर्भिक्ष, महामारी र रोगहरूको शान्तिद्वारा पनि पश्चाद्भावि दुःखकै निवृत्ति हुन्छ । आजसम्म ता दुर्भिक्ष आदिबाट भएको दुःख सबैले भोगिरहेकै हुन्छ, त्यसको शान्तिकर्मद्वारा भोलि पर्सि-देखि सो दुःखको निवृत्ति हुन्छ । यसबाट शान्ति भनेको भविष्य-दुःख-को निवृत्ति नै रहेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

(यहाँ 'आयुर्वै घृतम्' आयुको साधन घृतलाई आयु भने झैं शान्तिका साधन कर्मलाई पनि शान्तिशब्दले व्यवहार गरेको हो ।) दुःखदायी कुरा आइलागेमा अशान्ति र सो नआउँदा शान्ति हुन्छ भन्ने कुरा लोकव्यवहारमा पनि प्रसिद्ध छ ।

शान्तिको भेद

दुःखभेदले दुःखनिवृत्ति=शान्ति पनि अनेक नै छन् । न्याय-वार्त्तिककार उद्योतकरले दुःख विना हुन नसक्ने हुनाले सुखलाई पनि दुःख-वर्ग भित्रै गणनागरी इन्द्रिय ६, विषय ६, बुद्धि ६ र शरीर, सुख, दुःख गरी जम्मा २१ प्रकारको दुःख मानेको हुनाले उसको निवृत्ति=शान्ति पनि २१ छन् ।

अतएव ज्योतिषीहरू दुःखनिवृत्ति=शान्तिलाई नै स्वर्ग-सुख-विशेष मानेर शान्ति २१ हुनाले स्वर्ग पनि २१ मान्दछन् र स्वर्ग शब्द-बाट २१ संख्याको बोध मान्दछन् ।

सांख्य-दर्शनमा दुःख ३ प्रकारको मानिएको छ ।—१ आध्या-त्मिक-शारीर र मानस दुःख, २ आधिभौतिक-मनुष्य, पशु, पक्षी हावा, पानी, आगो इत्यादिद्वारा भएको दुःख, ३ आधिदैविक यक्ष, राक्षस, विनायक, ग्रह इत्यादिबाट भएको दुःख । अतएव शान्ति पनि ३ प्रका-रकै हुन्छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

उक्त ३ शान्ति भित्र माथि बताइएका र नबताइएका पनि प्रायः सारा शान्तिहरूको समावेश हुन्छ ।

प्रकारान्तरले शान्तिलाई संक्षेपतः ६ अंशमा पनि विभाजन गर्न सकिन्छ ।— १ व्यक्तिगत शान्ति, २ पारिवारिक शान्ति, ३ ग्राम शान्ति, ४ जनपद शान्ति, ५ राष्ट्र शान्ति, ६ विश्व शान्ति । ती मध्ये व्यक्तिगत शान्ति ऐहलौकिकी र पारलौकिकी २ प्रकारको हुन्छ । पारलौकिकी पनि अनित्य र नित्य २ प्रकारको हुन्छ । अनित्य पारलौकिक शान्तिलाई 'प्रेयः, स्वर्ग, र नित्य' पारलौकिक शान्तिलाई 'पारमार्थिकी-शान्ति', 'परमशान्ति', 'मुक्ति', 'निःश्रेयस', इत्यादि शब्दले पनि व्यवहार गर्दछन् । यस प्रकार अरू शान्तिहरूका पनि अवान्तरभेद हुन शक्तछन् ।

सुख र शान्तिमा शान्तिको अधिक चाहना

दुःखको दुःसह घामले जलिरहेको आँतलाई ५ पैसाको ठण्डा बरफले भन्दा शीतल जलपानले सुशीतल गराउँछ ।

पैसा खर्च गरेर सीनेमा देखाउनेको अपेक्षा आँखाको कसिंगर झिकिदिनेको अधिक महत्व हुन्छ ।

जुत्ता लाइदिनेकोभन्दा गोडामा बिझेको काँडो झिकिदिनेको दुनियाँलाई अधिक खाँचो छ ।

दुःखको घना अन्धकारमा जुनकिरी झैं कहिले काहीं झल्कने सुखको अपेक्षा यात्रीलाई शान्ति चन्द्रोदय नै अनिवार्य हुन्छ ।

मानवलाई त्यसमा पनि हिन्दूजातिलाई सुखको भन्दा शान्ति कै चाहना धेरै हुन्छ । यसै कारणले यज्ञ, होम आदि कार्यको प्रारम्भमा यजमानहरू ब्राह्मणहरूसंग 'शान्ति भवन्तो ब्रुवन्तु ३, भनेर शान्तिको प्रार्थना गर्दछन् । ब्राह्मणदेवता पनि-'ॐशान्तिः ३, 'द्यौः शान्तिरन्तरिक्षशं

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

शान्तिः ··· ···, (आकाश, अन्तरिक्ष, पृथिवी आदिमा जो शान्तिहरू छन् ती सबै प्राप्त हुन्) इत्यादि मन्त्र पढ्दै शान्तिको आशीर्वाद दिन्छन् । पूर्वाङ्गमा गणेश, मातृकापूजा र प्रायश्चित्तगोदान इत्यादि कर्म पनि शान्तिकै निमित्त गरिएका हुन् । कर्म समाप्तिमा पनि शान्तिका मन्त्रले अभिषेक गर्दै यजमानलाई शान्तिको आशिक दिइन्छ। कुनै कर्ममा ता-'··· ··· शान्तिरस्तु, ··· द्विपदे चतुष्पदेभ्यः शान्तिर्भवतु' मन्त्रपढेर कर्मपात्रको जलले शिरमा अभिषेक गर्दै यजमानहरू स्वयं शान्तिको प्रार्थना गर्दछन् ।

वास्तवमा स्वर्ग आदि फलको इच्छाले गरिने यज्ञ आदि काम्यकर्म जतिछन्, ती सबै इच्छापूर्ण नभएको खण्डमा पछि हुने दुःखको निवृत्ति=शान्तिकै लक्ष्य लिएर गरिन्छन् । आशौच आदि निमित्तमा गरिने स्नान, दान इत्यादि नैमित्तिक-कर्महरू पनि नगरे बापत् लाग्ने प्रत्यवायबाट पछि दुःख नहोस् भनी शान्तिकै निमित्त गरिन्छन् ।

एवं 'नित्यकर्म'=स्नान सन्ध्या आदि पनि नगरेमा लाग्ने प्रायश्चित परिहारद्वारा शान्तिकै लागि गरिन्छन् । बताए बमोजिम शास्त्रविहित कर्म मात्र होइन किन्तु पान, भोजन, शयन, गमन इत्यादि अपरिहार्य स्वाभाविक कार्यहरू पनि सबै शान्तिकै लागि गरिन्छन् । साना ठूला शिक्षालय, न्यायालय, औषधालय आदि र गृह, ग्राम, जनपद नगर र राष्ट्र इत्यादिको परिकल्पना पनि शान्तिकै लागि गरिएको हो ।

धेरै कहाँतक भनौं प्राणीहरूका विहित अविहित स्वाभाविक र अरू विभिन्न जति चेष्टा हुन्छन् ती सबै प्रायशः शान्तिकै उद्देश्यले गरिएका हुन्छन् । सबै प्राणीहरू पखेटा नआएका बच्चा झैं सधैं शान्ति-आमाकै निमित्त छटपटाइरहन्छन् । शान्ति-आमा मिलेपछि सुख ता सहजै पाइहाल्छन् अथवा शान्ति-आमाकै काखलाई परमानन्द संझेर रमाउँछन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

भौतिकवादबाट चिरस्थायी र स्पृहणीय शान्ति पाइन्न

शान्तिसंग हाम्रो परिचय भइसक्यो अब उसकहाँ पुग्ने बाटो पहिल्याउनु छ।

भौतिक र आध्यामिक २ पांग्रे गाडामा चढी शान्तिको अन्वेषणमा दौडिरहेको मानवजातिलाई ऊसंग दर्शनभेट गराउने बाटा पनि भौतिक तथा आध्यात्मिक दुवै हुनुपर्ने हो, परन्तु भौतिकवाद समुन्नतिको सगरमाथामा पुगे पनि त्यसबाट केवल शान्ति-आमाकी सन्तति सानी सानी बच्चीहरूसंग क्षणिक सम्पर्क मात्र हुन्छ, शान्ति आमासंग भेट हुँदैन। ती बच्चीहरू आमा आमा भन्दै तुरुन्तै भागिहाल्छन्। 'घट्टकुट्यां प्रभातम्' आफ्नो मुख पुनः अशान्त-कालो नीलो भइहाल्छ। भनाईको मतलव यो हो कि—दुःखको मूलजरो मोह=मिथ्याज्ञान हो सो नछिनेसम्म हाँगाहरू जति भाँचे पनि पुनः पलाएर आइहाल्छन्। युगानुयुगदेखि छिप्पिएर रहेको त्यस मोहको जरालाई आत्मतत्त्व ज्ञानको तीक्ष्णधार तरवार सिवाय अरू कसैले पनि छिनाउन सक्तैनन्। भौतिकवादमा त्यस्तो आत्मतत्त्वज्ञान पैदा गर्नसक्ने क्षमता छैन। अतः स्पृहणीय शान्ति-आमासंग चिरस्थायी संपर्क राख्नचाहने व्यक्तिले भौतिकमार्ग परित्याग गरी आध्यात्मिक बाटोबाट नै हिंड्नु पर्दछ।

शान्तिको बाटो प्रेम

माथि उल्लेख गरेबमोजिम प्राणीका सारा चेष्टाहरू शान्तिकै बाटो हुन्, तीमध्ये शान्ति-आमासंग स्थायी संपर्क गराउने प्रमुख आध्यात्मिक बाटाहरू ३ प्रकारका छन्— १ कर्मयोग, २ ज्ञानयोग र ३ भक्तियोग। ती मध्ये विष्णुयज्ञ, रुद्रयज्ञ, देवीयज्ञ इत्यादि ठूला ठूला वाह्य कर्मयोगद्वारा उपर्युक्त सबै शान्तिहरू प्राप्त गर्न सकिन्छ। तर चन्द्रलोकसम्म पदार्पण गरेको भौतिकवादको बाक्लो बादलले विवेक

l Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

चन्द्र ढाकिएका मानव-समाजबाट त्यसका निमित्त आवश्यक जिज्ञासा, ज्ञान, चिकीर्षा, उत्साह, शक्ति, सदाचार इत्यादि सबै लुप्तप्राय भइ-सकेकोले त्यस्तो कर्म अब असंभव जस्तै भइसक्यो।

आभ्यन्तर कर्मयोग=प्राणनियन्त्रण आदि, जसबाट राजस, तामस-विकार तिरस्कारद्वारा अन्तःकरण शुद्ध भएका योगीले चाहेमा संकल्पद्वारा नै सर्वविध-शान्ति गर्न सक्तछन्। तर त्यस्ता योगी पनि उच्छृङ्खल भौतिकवादलाई प्रोत्साहित गर्ने कराल कलिकालको कालो गुफाभित्रै लुकिरहे होलान्।

सर्वकर्तृत्व आदि बाहेक सकल ऐश्वर्य संपन्न 'ज्ञानयोग' पनि काम्य निषिद्ध वर्जित नित्य र नैमित्तिक कर्म विधिपूर्वक गरेर विरक्त बनेका व्यक्तिलाई मात्र सुलभ हुन सक्ने भएकोले वर्तमान परिस्थितिमा त्यस-द्वारा शान्ति-साताको प्राप्ति दुर्लभै देखिन्छ।

न्याय, वैशेषिक, सांख्य, वेदान्त, आदि दर्शन-शास्त्रहरू पनि ज्ञानयोगद्वारा नै शान्तिसंग समागम गराउँछन्। परन्तु उक्त दर्शनहरू साधनको द्वितीय भूमिका-मननको शिखरसम्म पुगेर साध्यभूमि=ज्ञान-योगको दिग्दर्शन मात्र गराउँछन्। त्यसबाट अगि बढेर ज्ञानयोग हासिल गर्नसक्ने दार्शनिक आज देखिंदैनन्। तेस्रो बाटो भक्तियोग-द्वारा भने उक्त प्रकारका सबै शान्तिहरू सहजै प्राप्त हुन सक्तछन्।

परमेश्वरमा अनुराग-अविच्छिन्न-प्रेमलाई भक्ति भन्दछन्। (सा पराऽनुरक्तिरीश्वरे, शा. सू.) भक्तिमार्गमा कर्म, ज्ञानमार्गमा जस्तो जातीय वर्गीय वा अरू कुनै नियन्त्रण नभएकोले सबै मनुश्य जान सक्तछन् र त्यसका निमित्त आफ्नो जातीय, वर्गीय-कर्तव्य र अन्य सेवा कार्यहरूको पनि परित्याग गर्नु पर्दैन, परमेश्वरमा दृढविश्वास गरी मनलाई त्यस तर्फ मोडीदिए पुगिहाल्छ। अरूले भन्दा प्रायः विषय-निस्पृह हुनाले भक्तहरूले नै कर्तव्य बुझ्दा अधिक र राम्रो सेवा कार्य-हरू गरेको देखिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

परन्तु नानाथरी वेषभूषाधारी विभिन्न सांप्रदायिक भक्तहरूबाट सबैले बहुत सावधान रहनु पर्दछ । प्रायशः त्यस किसिमका सांप्रदायिक संगठनहरूमा स्वार्थसिद्धि सिवाय शास्त्रीय सैद्धान्तिक आधार केही हुँदैन । त्यस्ता व्यक्तिहरू व्यापक हुँदै गएभने देशमा ठूलो अशान्ति पैदा हुन्छ ।

सच्चा भक्तता जाति, वर्ण, आश्रमहरूको धर्म नछोडेको, प्रायशः अरूले भक्त भनेर थाहा नपाएको हुन्छ । 'न चलति निजवर्णधर्मतो यः··· ··· स वैष्णवाग्र्यः । विष्णुपुराण । (आफ्नो वर्ण धर्म नछोडेको उत्तम विष्णुभक्त हो) ।

'स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।'। निजकर्मानुसार मानव जुन जाति, वर्णमा जन्मिएको छ, त्यसमा शास्त्रविहित कर्मलाई स्वकर्म भन्दछन् , त्यसद्वारा भगवान्‌को भजन, पूजन गरेर मात्र उसलाई सिद्धि मिल्दछ । गीता)

भगवान्‌को भक्तिद्वारा नै क्रमशः मानवका दुःखद्वार=काम, क्रोध लोभहरू वन्द हुन्छन् ऐहलौकिक र पारलौकिक शान्ति तथा परमशान्ति तथा पारिवारिक, ग्राम, जनपद, राष्ट्र, विश्वशान्ति समेत सबै शान्तिहरू सुलभ हुन्छन् ।

एवं जरामा हालेका पानीले विरुवाका हाँगा पातहरू सबै तृप्त भए झैं सारा जीवहरूको मूलजरा परमात्मामा प्रेम भएपछि विश्वका सबै जीवहरूमा प्रेम हुन्छ ।

उक्त प्रकारले विश्वप्रेम पैदा भएपछि मानवजातिमा परस्परमा रीस, राग, लोभ, शोषण इत्यादि शान्तिविरोधी कुराहरूले स्थान पाउँदैन र विश्वशान्ति पनि सुलभ हुन्छ ।

सकल जीवधारीको मूलकेन्द्र आनन्दमय परमात्माको भक्ति=प्रमद्वारा नै मानव वहाँकी नित्यसहचरी शान्तिदेवीको मन्दिरमा पुग्न सक्तछ र वहाँको काखमा आनन्दसाथ वस्न पाउँछ ।

l Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding

'भगवान्‌को अनुग्रहले मात्र अभीष्टशान्ति प्राप्त हुन्छ' भनी भगवान् श्रीकृष्णले पनि भन्नु भएको छ।—

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुनतिष्ठति। ... ... ॥
तमेव शरणं गच्छ सर्वभावेन भारत ॥
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥ (गीता)

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

अध्यात्मवाद निराशवाद होइन

प्रा० रामचन्द्र पौडेल

अध्यात्मवादमा लागेका मानिसहरू संसार नै असत्य र जीवन पनि पानीको थोपा जस्तै एकछिन मात्र रहने संझन्छन् । धन संपत्तिमा मात्र लाग्नु निरर्थक छ । रूखा सुखा खाँदै खस्रो धुस्रो लगाउँदै झुप्रो झुप्रोमा बस्दै शरीरलाई दुःख सहन सक्ने बनाएर भगवानको भजनमा लागि रहनु भक्तजन र सज्जनहरूको सङ्गत गर्नु शुद्ध आचरणमा रहनु ज्ञान कमाउनु नै परमपुरुषार्थ संझी अरू व्यावहारिक कुराको बास्ता नै नगर्ने हुन्छन । अरूहरूलाई पनि यही वादमा प्रवृत्त गराउन तत्पर हुन्छन । यसरी माला फिराएर मात्र राष्ट्रको उन्नति कसरी हुन सक्छ । राष्ट्र भरका साराजनताले देशविकासका निमित्त तनमन धनले मद्दत नगरी देशको उन्नति हुन नसक्ने कुरा स्पष्टै छ । अध्यात्मवादको भूत सवार भएका मानिसहरूबाट यो कुरा हुनैसक्तैन । संसारका सारा विषयहरूलाई तुच्छ संझी निराशवाद तर्फ ढलिकएका ती मानिसहरूको संसारमा कुनै स्थान छैन । यी अध्यात्मवादीहरूले राष्ट्रलाई अधःपतन गराउँछन ।

धार्मिक सम्प्रदायले परस्परमा द्वेष ईर्ष्या बढाउँछ । धर्मधर्म भनेर धर्मको पछि लाग्दैमा देश चौपट हुन्छ । भारतले यसै गर्दा पराधीनताको कलङ्क धेरैसमयसम्म बोक्न परेको सबैले देखेकै छ । अध्यात्मवादीहरू अरूहरूले प्रयास गरेर देश उन्नत पारे हामी पनि अरू भन्दा कम हुन हुँदैन भन्ने भावना राखी जन्मभूमि देश नरेश आदिको सेवामा तत्पर हुँदैनन् । यो संसार दुई चार दिनको डेरा हो भनी खाली निराशवादमात्र फैलाउँछन् ।

विश्व भरका जनताले आनन्द साथ सुख सयल गरिरहेका

l Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

छन्। प्रशस्त सम्पत्ति भएका मानिसहरूलेगरेको सुखभोगको चहल पहलमा सबै लालायित छन्। मीठामीठा चीजहरूको उपभोग गर्दा हामीहरूलाई कत्तिको आनन्दको अनुभव हुन्छ, त्यो सबैले जानेकै छ। केही नभएका गरीवहरूले पाएको दुःख पनि आँखाले हामीले देखेकै छौं। इच्छा गरेका कुराहरू पाउँदा मानिसलाई कत्रो आनन्दको अनुभव हुन्छ। सारा संसार सुखभोगका निमित्त तँछाडमछाड गरेका छन्। संसारको प्रवाह एकातिर निरन्तर वहिरहेकोछ, त्यसको ठीक उल्टो लाग्नु कहाँसम्म उचित होला। आधुनिक युग अध्यात्मवादको युग होइन ? सबैले रातोदिन परिश्रमगरेर अरूदेशको दाँजोमा पुग्नपर्ने अवस्थाछ। निराशवादलाई आश्रयदिइ निष्क्रिय भएर न बाटोघाटो बन्दछ, न गाउँको सुधार हुन्छ, न नगरहरूको निर्माण हुन्छ, न शिक्षाकै उन्नति हुन्छ यो राष्ट्रलाई पराधीन बनाउने संप्रदाय हो, यो देश विकासको घातक सिद्धान्त हो।

जीवनको लक्ष्य नै मोज मज्जा उठाउनु हो, जन्मेर सुखभोग नगरे जन्मेको केसार भयो। आफूलाई इच्छा लागेका विषयहरूको उपभोग गर्नुनै पुरुषार्थ हो। यसो गर्न हुँदैन उसोगर्न हुँदैन भनेर आफ्नो इच्छालाई रोक्नु कातरपना हो। इन्द्रियहरूले चाहेका रूप रस गन्ध स्पर्श आदिको इच्छा माफिक उपभोग गर्नु नै मानव जीवनको सार हो इत्यादि भौतिकवादीहरूको सिद्धान्त सर्वत्र फैलिएको र यसैको अन्धानुसरणमा सारा जनता लागिराखेको पनि छ।

यसमा उपर्युक्त विचारधाराभएका मानिसहरूले अध्यात्मवाद कस्तोहो र कसलाई अध्यात्मवाद भनिन्छ त्यो कुरा बुझेकै छैनन्, अथवा आफूले स्वेच्छाचरण द्वारा मर्यादा नियमहरू उल्लंघन गरिसकेकोले अरूहरूलाई पनि आफ्नोसाथी बनाउने प्रयासमा लागेका हुन पर्दछ। यस वादको महत्व बुझेका मानिसहरूबाट यस्तो अपलाप हुनसक्तैन।

आजकाल संसारमा मानिसहरूकोव्यवहार आचरणहरू

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

यसरी चाँडोचाँडो बद्लिँदै गएकोछ, जसको लेखा जोखा गर्न लाग्दा पहिलेको भन्दा ज्यादै अन्तर परेकोले आश्चर्य नपर्ने मानिस मिल्न मुश्किल छ। भौतिकवादको चरम सीमामा पुगेका राष्ट्रहरूको विलासमय वातावरण सर्वत्र व्यापक रूपले फैलिएको छ। मानिसलाई सन्तोष छैन अरू विशेष विलासको चाहना गर्दछ। भौतिक विषयका सामानहरू सर्वत्र फैलाउनुपनि जनताको सुखकै निमित्त हो। तर विलासमय जीवनबनाइ मानिसलाई अन्धोगराइदिने हुनाले कोरा भौतिक उन्नतिलाई महत्व दिन सकिँदैन। भौतिक उन्नति मानिसले दिलोज्यानले गर्नु आवश्यक छ, तर कर्तव्या कर्तव्यको विचार नगरी स्वेच्छाचरणमा लागेर मानवकर्तव्यको ख्यालनराख्नु हितकारक हुँदैन। सुख भोग गर्दै नगर्नु भन्ने अध्यात्मवादको सिद्धान्त होइन तर त्यसमा ज्यादै आसक्त नहोऊ धर्मपूर्वक धन कमाएर नियम-पूर्वक सुखभोग गर भन्ने आशय हो।

मानिस जन्मदा नाङ्गै केही नलिएर आउँछ। अन्त्यमा पनि आफूले खाइनखाई लाइनलाई रातदिन नभनी ठूलो दुःखले कमाएका स्वास्नी छोराछोरी धन सम्पत्ति घर जग्गा जमीन आदि-लाई त्यसै छोडेर नाङ्गै जान पर्दछ। यो कुरा हामीहरूले आँखाले टुलु टुलु हेरिरहेका छौं। सयौं पटक अनुभव पनि गरिरहेकै छौं। तर आश्चर्य यो छ कि त्यसरी देखेको र अनुभव गरेको कुरालाई हामी वास्ता गर्दैनौं।

म कोहुँ, यस पाञ्च भौतिक शरीरमा कसरीरहेकोछु, मेरो अस्तित्व केहो, कसरी कसद्वारा प्रेरणा मिल्दछ, आत्मा परमात्मा भनेको केहो, कसरी यो प्रपञ्च रहेको छ, कसरी मोक्ष प्राप्ति हुन्छ यी सबैविषयहरू जान्नका निमित्त शास्त्रहरूको अध्ययनमनन शौचआचार परोपकार क्षमा सत्य तपस्या आदि गर्नु पर्दछ।

सारा संसारका प्राणीहरू भगवानकै अंश हुन् सबैमा केही फरक छैन। सबैको शरीर हाड मासु छाला रगतको पिण्ड हो, धनी-

l Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

लाई राम्रो लाउन मीठो खान इच्छा हुन्छ भने गरीब दरिद्रलाई पनि त्यो इच्छा हुन्छ। दुःखी दरिद्री रोगीको सेवाने भगवान्‌को सेवा हो। "सर्वे भवन्तु सुखिनः" इत्यादि अध्यात्मवादले मानिसलाई यस्तो कुरा तर्फ दृष्टि लगाइ दिन्छ।

हुन त आजकाल अध्यात्मवादमा लागेका कुनै मानिसहरूको मुखमा मात्र यस्तो सिद्धान्त हुन्छ, तर कार्यमा अर्कै परिणाम हुन्छ। वेदान्तको प्रवचन गर्दा उपर्युक्त विषयहरूको उल्लेख गर्दछन् तर घरमा भने उनीहरूलाई मात्र सानो कसौडीमा ध्यू हालेको मसिनो चामलको भुजा मुङ्गीको छाँटको दाल र परवरको तरकारी तयार हुन्छ। पढेर बुझेर पनि तिनीहरूले इन्द्रियहरूलाई वशमा गर्न सकेनन् आफू उदाहरण बनी उपदेशदिने क्षमता रहेन, त्यसैले तिनीहरूको उपदेशको प्रभाव जनतामा परेन। सर्वमान्य तिनीहरू भएनन्, यसमा सन्देह छैन। जो सत्यहो त्यो त्रिकाल अटलछ निश्चितछ।

त्यसवादको अनुसरण गर्ने जनता बकुल्लाभगत बनेको देख्दैमा त्यस वादलाई निन्दा गर्न सकिंदैन। त्यस वस्तुलाई सदुपयोग गर्नु नगर्नुत त्यो वस्तुलाई उपभोग गर्ने पुरुषको हातमा हुन्छ। खानमा फालियो भन्दैमा मणिको महत्व घट्तैन, खाली फाल्ने मानिस मात्र निन्दनीय ठहर्छ। अध्यात्मवादको सच्चा अनुशरण गर्ने मानिस कलियुगमा पाइन मुश्किल भयो भन्दैमा त्यस वादलाई दोष लाउन पाइन्न।

यस्तो बाहिर देखाउने व्यवहार अध्यात्मवादीमा मात्र होइन अन्यत्र पनि फैलिएको छ। उन्नत राष्ट्रहरूले जतिसुकै चिप्लोघसे पनि अविकसित राष्ट्रहरूलाई खाली मुख बुझो लगाउने उद्देश्यले मात्र सहायता गरेका छन्। तिनीहरूको असंख्य धनराशि त अणुअस्त्रहरूको निर्माणमा र सर्वश्रेष्ठ वैज्ञानिकराष्ट्र मेरोछ भन्ने धाकरवाफ देखाउन चन्द्रलोकको यात्राका निमित्त ल्याएका छन्। त्यो अपार धनराशि अविकसित देशको विकासका निमित्त उन्नत राष्ट्रले छोडिदिएमा साराभूमण्डल स्वर्ग बन्ने थियो। योकुरा ती विकसितदेशका

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

राष्ट्राध्यक्षहरूलाई थाहा नभएको होइन। यिनीहरूको सधैं आफू मनिकालाई आशामुखी बनाएर राख्नु पर्दछ भन्ने दुर्भावना अन्तस्करण मा रहिरहेकोछ, अविकसित राष्ट्रहरूमा सद्भाभित्रको भाव खाली बाहिर मुखले मात्र देखाएका छन्। भूमण्डल सिङ्गारिसकेपछिमात्र अरू लोकको अन्वेषण योग्य हो।

भौतिकवाद मात्र उत्साहवाद मान्ने विकासवादीहरूलाई भौतिक उन्नतिको चरमसीमामा पुगेको अमेरिकालाई नै दृष्टान्त दिन सकिन्छ। मानिसका निमित्त अत्यावश्यक सबै वस्तुहरू यन्त्रद्वारा तयार गरी विलासमय जीवन बिताइ रहेका ठूला ठूला व्यक्ति र यिनका विलासी सन्तानहरू सबै कुरा त्यागी हिप्पीभई हिड्न लागेका पनि देखिन लागे। धेरै जनता मादकपदार्थमा रातोदिन मस्त भएर बस्नु नै आनन्द मान्न लागे। अब उत्साहवाद नभएर महामोहवाद भन्न पर्ने अवस्था आइ सक्यो, बेइमान गर्नु लुट्नु पिट्नु आदि त ज्यादै मामुली भइसक्यो। मानव हत्या पनि साधारण गनियो। गर्ननहुने भन्ने कुरा त नसके मात्र नहुने भन्ने भैसक्यो त्यहाँका विशिष्ट विद्वानहरू यसलाइ एक अभिशाप संझन थाले। जसको फलस्वरूप राष्ट्रराष्ट्रहरू अशान्ति कलह ईर्ष्या द्वेषको मुहान बनिसकेका छन्। भौतिकवादको साथसाथै अध्यात्मवादलाई पनि प्रश्रयदिएर धर्मपूर्वक अर्थोपार्जन र सुखभोग गर्नु पर्ने नियम रहेको भए यस्तो दुष्परिणाम अवश्य हुने थिएन।

मर्त्यलोकका प्राणीहरूको शरीर पृथ्वी जल तेज वायु आकाश यी पञ्चमहाभूतबाट बनेको भए पनि पृथ्वीको भाग ज्यादै हुनाले पार्थिव शरीर भनिन्छ। त्यसैले बिहान सबेरै उठेर पहिले शरीरको कारण भएकी र आधार भएकी पृथ्वी मातामा आभार प्रकट गर्दै पादस्पर्शबाट हुने अत्याचारको क्षमा प्रार्थना गर्नु पर्दछ।

प्रातःकालमा स्वच्छहावा बही मन प्रसन्नहुन्छ। असल असल विचारहरू आउन सक्छन् त्यसैले विशुद्ध धर्म तथा धर्मपूर्वक कमाइने

Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

धनको विषयमा र यी दुई चीजको उपार्जनका निमित्त पर्ने शरीर क्लेशको विषयमा पनि विचार गर्नु पर्दछ।

ठूला ठूला धर्मात्मा यशस्वी पवित्र आत्मा भएका महापुरुषहरूको स्मरणगर्दा तिनीहरू निरन्तर सन्मार्गमालागी जतातते कीर्ति फैलाए, सर्वमान्य भए, कोशिस गरेमा जरूर त्यस्तै बन्न सक्ने छु भन्ने उत्साह साथ सन्मार्गमा प्रवृत्त हुन प्रेरणा मिल्ने हुनाले विशिष्ट महापुरुषहरूलाई संझनुपर्दछ। यी कुरा शास्त्रको नियम अनुसार गर्नुपर्दछ। यस्तै रीतले हरेक कुरा यसरी गर भनी धर्मशास्त्रले बिहान सबेरै उठे देखि रातीनसुते सम्म गर्नुपर्ने कार्यहरूको समयतोकी निर्देशन गरेको छ। यसरी एकक्षण पनि फुर्सद नदिई नियम साथ सत्कार्यमा लगाउने अध्यात्मवाद कसरी निराशवाद हुन सक्तछ। यसरी प्रतिदिन नियममा रहेमा मानिस निरोगी बलवान् उत्साही र तेजस्वी बन्दछ।

प्राचीनसमयमा अध्यात्मवादमा लागेका ऋृषिमुनि राजर्षि महर्षिहरूले राष्ट्रको उन्नतिका निमित्त कत्रो देन दिएका थिए। त्यो कुरा पहिलेको इतिहास पल्टाएमा यथार्थ हुनेछ। अझ देनमात्रको के कुरा राज्यसञ्चालनगर्ने अधिकारनै तिनीहरूमा निहित थियो, तिनीहरूले देशको भार लिंदा राष्ट्रमा कस्तो आनन्दको वातावरण फैलिएको थियो। मानिसहरू कति सत्यवादी इमान्दारी र देश नरेशका भक्त थिए। त्यो पनि प्राचीन इतिहासबाट थाह भएकै छ।

भौतिकवादीका निमित्त खाली वर्तमान यो संसारमात्र आफ्नो साधनको विषय हुन्छ। अर्थात् यो जन्मलाई सुख शान्तिपूर्वक बिताउन आवश्यक सामानहरू जुटाउनमा मात्र ऊ व्यस्तरहन्छ। अध्यात्मवादीका निमित्त यस जन्मलाई मात्र नभइ जन्मान्तर अर्थात् आर्को जन्ममा पनि सुख प्राप्तिका निमित्त प्रयास गर्न पर्ने हुनाले भौतिकवाद भन्दा ज्यादै परसम्म दृष्टि पुऱ्याएर कामगर्नपर्ने कर्मठमान्न करै लाग्दछ। त्यसकारण यो निराशवाद होइन महान् आशावाद हो। "अनेक जन्मसंसिद्धस्ततो याति परां गतिम्" यो गीताले स्पष्ट गरेकोछ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

पृथ्वीमा रहने आकाशमा घुम्ने पानीमा बुड्ने पूर्णचेतन अर्ध-चेतन जीवात्माहरू र अन्तश्चेतन रूख लहरा म्याङ आदिले भरिएको यो ब्रह्माण्ड कहीं ठूला ठूला दुर्गम चट्टानहरू र अग्ला अग्ला विशाल पर्वतहरू, कतै देख्दैमा आकुल व्याकुल गराउने भयानक खाडी, आँखाले पार नदेखिने आकाशसम्म चढेका विशाल समुद्र, कतै हिउँले ढाकिएका गगन चुम्बी हिमालयका चुचुरा आदिले युक्त भएको छ। यसमा रहेका सारा जीवात्मा थरीथरीका छन्। हुन्नत सबैको मुख नाक आँखा आदि एउटै ठाउँमा रहेको छ तैपनि तिनीहरूको अनुहार फरक फरक छ। हरेक योनिका हरेक जीवात्मा-हरूको अनुहार फरक पर्नु पनि कम आश्चर्यजनक छैन। यस्तो भनेर पत्तो लगाउन सक्ने संसारको रचना गर्ने र यसलाई नियमित रूपले सञ्चालन गर्न साधारण पुरुष हुन सक्तैन। यसमा सर्वशक्तिमान् परमेश्वर बाहेक अरू कुनै जीवात्माको तागत छैन।

हामी कुनै घरको परिवारमा नै विचार गरौं, त्यो घरमा एउटा प्रधान हुन्छ, त्यसको आज्ञा अनुसार सारा परिवारहरूले नियमित रूपले काम गर्दछन्। त्यो मालिकको आज्ञा सबैले मान्न पर्दछ। यदि नायक नमानेर स्वतन्त्र रूपले सबैले आफूले मनलागेकोकाम गर्न लागेभने त्योघरको सबैकुरा थोरैसमयमानै लथालिङ्ग भएर जान्छ। त्यसैले एउटा नायक आवश्यक छ। एक परिवारको अथवा गाउँको राष्ट्रको नायकमा त भार परेको हुन्छ भने यत्रो अगम्य ब्रह्माण्डको नायकका उपर कत्रो भार परेकोछ। त्यत्रो विशाल विश्वको नायक बनी सञ्चालन पनि राम्रो तरहले गरिरहेको छ भने त्यो कत्रो शक्ति भएको होला भन्ने कुरा एकछिन विचार गरेमा साधारण मानिसले पनि जान्न सक्छ। त्यसैले अध्यात्मवादीहरूले परमेश्वरलाई सर्वशक्तिमान् शुद्ध निःसङ्ग निराकार सत्य ज्ञान आनन्द स्वरूप मान्दछन्। जसको इच्छाबाट सारा संसार अविच्छिन्नरूपले अनादि-कालदेखि चलिरहेको छ; त्यो परमपुरुषको आश्रयलिनु अध्यात्म-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वादको बाटो हो।

अहिले वैज्ञानिकहरूले आफ्नो प्रयास भौतिकवादको साथसाथै अध्यात्मवाद तर्फ पनि लगाइ दिएर त्यसको जटिल रहस्यहरू मानवका सामू सत्य रूपले राखिदिएमा यसवादतर्फ मानिसको प्रवृत्ति स्वतः बढनेछ। अध्यात्मवादले संस्कार गरिएको भौतिकवादलाई जनताले आश्रय लिएमा राष्ट्रराष्ट्रमा राग द्वेष कलह आदि निर्मूल हुनेछ। विश्वशान्तिमा योगदान दिनसक्नेछ। विश्व भ्रातृत्वको भावना सर्वत्र फैलिनेछ। यसैले अध्यात्मवाद तर्फ पनि सबैको दृष्टि जाओस् भनी सविनय अनुरोधगर्दछु।

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Funding

वैदिक समाज [एक अनुशील]

प्रा. चेतोनाथ शर्मा आचार्य

यो सानो लेखमा सामान्य रूपले वैदिक समाजको दिग्दर्शन प्रस्तुत गर्ने प्रयत्न गरिएको छ। किनभने वैदिकसाहित्यले परवर्तीसाहित्यलाईजस्तै वैदिकसमाजले पनि उत्तरकालकोसमाजलाई कम प्रभावित पारेको छैन। अतएव मानवसभ्यतामा उसकोस्थान शीर्षस्थानीय छ। यद्यपि आजभोलिको इतिहासलेखनशैली जुनरूपमा हाम्रो सामू प्रस्तुतछ त्यसरूपको ऐतिहासिक सामग्री वैदिकसाहित्यमा उपलब्ध छैन तरपनि उक्त साहित्यको अवलोकन र मनन गर्दा तात्कालिक समाजको यथार्थस्वरूप उपस्थितहुन कुनैकठिनाई पर्दैन।

वैदिक समाजको जोअनुभूतिछ त्यसलाईसंभन्न श्रेणीबद्ध रूपमा हामी चारभागमा विभाजनगरेर हेर्नसक्तछौं :- सृष्टितत्त्व, प्रकृतितत्त्व, सामाजिकतत्त्व र अध्यात्मतत्त्व।

उक्त चार तत्त्वहरू मध्ये प्रथमतत्त्वछ सृष्टितत्त्व। सृष्टितत्त्वबारे सर्वप्रथम जिज्ञासा वेदमा भेटिन्छ र वैदिक समाजनै यसको प्रथम अन्वेष्टा हो। वैदिकसाहित्य पछिका स्मृति, पुराण एवं महाभारत आदि आर्य वाङ्मयमा सृष्टिबारे जुन विचार विस्तृत रूपमा व्यक्त भएको छ त्यसको मूल वा सूत्रपनि वेदकै सृष्टितत्त्वहो भन्नेकुरामा कुनैशङ्का छैन।

सृष्टिको अगम्य मूलतत्त्व र त्यसबाट विस्तारित विविध दृश्य वस्तुको उत्पत्ति सम्बन्धमा ऋग्वेद अन्तर्गत नासदीय सूक्तले जुन विचार व्यक्त गरेको छ त्यो यतिस्वतन्त्र, प्रगल्भ र मार्मिकरूपकोछ जो संसारका अरूकुनै धर्मग्रन्थमा भेटिन्न। अतएव अनेक पश्चिमी पण्डितहरूले वैज्ञानिकनभएर धार्मिक इतिहासकै दृष्टिलेभएपनि

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अत्यन्त महत्वपूर्ण रूपमा यसको अस्तित्व मानेर आ-आफ्ना भाषामा अनुवाद गरेका छन्। त्रिष्टुप् छन्द अर्थात् एघार अक्षरका चार पाउमा उल्लिखित यी सातैऋचाको उल्लेख यहाँ सम्भव नभएकोले सामान्य भावमात्र प्रस्तुत गरिन्छ। नासदीय सूक्त भन्दछ *'तदानीम्'* अर्थात् मूल आरम्भमा असत् भन्ने कुनै वस्तु थिएन र सत् भन्ने पनि कुनै वस्तु थिएन त्यति बेला नअन्तरिक्ष र त्यसभन्दा परको आकाश नै थियो (त्यस्तो अवस्थामा) कसले को उपर आवरणको प्रयोग गऱ्यो! कहाँ र कसको सुखको लागि! अगाध र गभीर भएको जलपनि त्यति वेला थिएन।*'' यसै गरी दोस्रोसूक्त भन्दछ। त्यति बेला मृत्यु ग्रस्त नाशवान दृश्यसृष्टि र अविनाशी नित्यपदार्थभन्ने भेदपनि थिएन यो रात र यो दिन भनेर छुट्याउने साधन पनि त्यति बेला थिएन र जो थियो त्यो अकेला नै आफ्नो स्वधा नामक शक्तिले विना वायु श्वास उच्छ्वास लिइरहेको (स्फूर्तिमान भएको) थियो। यो भन्दा बाहेक वा पर केही थिएन।● नासदीय बाहेकका ऋग्वेदकै अरू सूक्तमा पनि "*एकं सन्तं बहुधा कल्पयन्ति*" "*एकं सद्विप्रा बहुधावदन्ति*" अर्थात् यौटै सत् वस्तुलाई अन्वेषकहरू अनेक नामले पुकार्दछन् भन्ने र कहीं यसको विपरीत "*देवानां पूर्वे युगेऽसतः सदजायत*" अर्थात् देवताहरू भन्दापनि पहिले असत् याने अव्यक्तबाट सत् अर्थात् व्यक्त सृष्टि भयो भन्नेपनि मिल्दछ। यसरी सृष्टितत्त्वबारे वैदिक ऋषिहरूमा प्रशस्त जिज्ञासा रहेको र त्यसका सम्बन्धमा निकै ऊहापोह पनि भएको पाइन्छ। नासदीय सूक्तको भावार्थ छोटकरी रूपमा प्रस्तुत गर्दै मनुभन्द छन्—

---

*नासदासी न्नोसदासीत्तदानीं नासीद्रजो नोव्योमा परोयत्।
किमा वरीवः कुहकस्यशर्मन्नम्भः किमासीद् गहनं गभीरम्॥

●न मृत्युरासीदमृतं न तर्हि न रात्र्या अन्ह आसीत् प्रकेतः।
आदीन वातं स्वधयातदेकं तस्माद्धान्यन्नपरः किंचनाऽऽस॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

आसीदिदंतमोभूत मप्रज्ञात मलक्षणम् ।
अप्रतर्क्यं मविज्ञेय प्रसुप्तमिव सर्वतः ॥ मनु १-५

(अर्थात् प्रलयकालमा यो दृश्यमान जगत् अप्रत्यक्ष रूपले तमोमयी मायामा लीनथियो र ज्ञानको गति त्यहाँसम्म पुग्न नसक्ने भएकोले अनुमान र तर्क भन्दा माथिको त्योअवस्था चारैतिर सुषुप्त अवस्थाको थियो) महाभारत अन्तर्गतको नारायणीयमा र भागवतको चतुः श्लोकीमा पनि यहीभाव उद्धृत भएको छ ।

सृष्टितत्त्वबारे विभिन्न जिज्ञासा राख्नुका अतिरिक्त वैदिक समाज प्राकृतिक उथल पुथलबारेपनि प्रशस्त अनुभूतरहेकोकुरा ज्ञातहुन्छ । किनभने ऋग्वेदमा वैदिकदेवता इन्द्रका स्तुतिपरक अनेकमन्त्र छन् र तिनीहरूमा द्वितीय मण्डलका सूक्त उनलाई प्राकृतिक आपद् विपद्बाट लोकको रक्षागर्ने रूपमा स्तुतिगर्दछ । ● आज जुनपृथ्वीलाई हामी ठोसरूपमा पाउँदछौं प्राथमिक अवस्थामा यो त्यस्तोनभएर चलायमान अस्थिर एवं दलदलको रूपमा थियो र गेगरआदिले दृढगर्ने काम इन्द्रले गरेकाहुन् । यसैगरी पर्वतहरूको अवस्था पनि आज भोलिकोजस्तो स्थिरनभएर विचलित रूपमा थियो, तिनीहरूलाई आ-आफ्नो ठाउँमा अविचलित रूपमा राख्ने र अन्तरिक्षलाई विस्तार गरेर भूलोकलाई दृढगर्ने पनि उनैइन्द्र हुन् । यी सब कुराबाट एकातिर वैदिक समाजको अनुभूतिलाई स्पष्ट गर्दछ भने वेदको अति प्राचीनता पनि अर्कोतिर द्योतित हुन्छ । किनभने यस्तो भौतिक स्वरूप दुइचारहजार वा लाख वर्षको मात्र नभएर करोडौं वर्ष अधिको हो । जुन कुना आधुनिक विज्ञानसम्मत पनिछ ।

भौतिक उन्नतिबारे वेद कालिक सामाजिक भावना अति नै

● यः पृथिवीं व्यथमाना मदृहत् यः पर्वतान् प्रकुपितां अरम्णात् ।
ऋ. १०।१२।१५

oal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

उत्कृष्ट रूपको थियो भन्नेकुरा घेरैठाउँमा उल्लेखभएको छ तापनि अथर्ववेद अन्तर्गतको पृथ्वीसूक्तमा ओकुरा अतिनै मार्मिक र भावुकतासाथ वर्णनभएको छ। वैदिक समाजको पृथ्वीप्रति कस्तोभावना थियो र उनीहरू पृथ्वीकोमहत्ता कुन रूपमा स्वीकार गर्दथे भन्ने कुरा यसरी उल्लेख भएको छ :—"यी पृथिवी जसमा हाम्रा पूर्वजहरूले ठूल ठूला महत्व राख्ने काम गरे अनि जुन पृथिवीमा देवताहरूले असुरहरूको नाशगरे यसकाअतिरिक्त जो गाई, घोडा र पक्षीहरूको समेत आमास्वरूप छन् ती पृथिवी हामीलाई ऐश्वर्य र तेज दिउन्।"*

ऐतिहासिकहरूले कृषिको काललाई विकासको क्रममा तल्लो काल मानेका छन्। तर वैदिक ऋृषिहरू अन्नलाई ब्रह्मसित तादात्म्य गरेर उसको सर्वोच्चता र प्राचीनतापनि व्यक्त गर्दै भन्दछन् कि "*अन्नं ब्रह्मेति व्यजानात्*" अर्थात् अन्नलाई नै ब्रह्मरूपमा जाने। ब्रह्म ज्ञानमा अग्रसरभएका वरुणपुत्र भृगुले साधना मार्गको पहिलो श्रेणीमा अन्नलाई नै ब्रह्मरूपमा स्वीकार्नु केकारण थियोभने पिताले बताएको ब्रह्मको लक्षण अन्नमा पनि मिल्दथ्यो। अन्न ब्रह्मको पहिलो स्वरूप भएकोले हिन्दूहरू यसलाई पूजा गर्दछन् र अछूत वस्तुलाई जस्तो चम्चालेहैन हातैलेछुन मनपराउँछन् अनि अन्न मुखमा हाल्दा (खाँदा) असत्य भाषणको आशङ्काले मौन रहनु वेश मान्दछन्। यही अभिप्रायले परवर्ती स्मृतिकार मनुआदिले भनेकाछन् कि :— "*पूजयेदशनं नित्य मद्याच्चैतदकुत्सयन्*" भोजनलाई सत्कार गरेर अनिन्दा पूर्वक खाओस्, आदि।

केवल अन्न उब्जाउने र प्राणीहरूको आश्रय रूपमा मात्र हैन अपितु वैदिक मन्त्रद्रष्टाहरू पृथ्वीलाई सुन, चाँदी र मणिमाणिक्यादि

*यस्यांपूर्वे पूर्वजन। विचक्रिरे यस्यां देवा असुरानभ्य वर्तयन्।

अथर्व–पृथ्वीसूक्त

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

विभिन्न ऐश्वर्य सम्पन्न रूपमा पनि जान्दछन्। यी सबकुराको उदाहरणबाट के सिद्ध हुन्छ भने वैदिक समाजले पृथिवीको महत्तालाई अति नै गहिरोरूपमा चिनेकोथियो र भौतिक जीवनका पोषकतत्त्वहरू सितपनि परिचितथियो। आज सारा देशमा मातृभूमि एवं राष्ट्रियता प्रति आस्थाको जुन नारा सुनिन्छ त्यसको पहिलोस्रोतपनि यही पृथ्वी सूक्तहो भन्नु अत्युक्ति हुनेछैन। विश्वसंस्कृतिको पहिलो स्वरूप प्रस्तुत गर्ने वेदलाई मातृभूमिको महत्ता बोधनमापनि पहिलोस्थान दिनुमा प्रामाणिकैऔचित्य मानिन्छ। उपर्युक्त सानो दिग्दर्शनबाट प्रकृति-तत्त्वको अन्वेषणएवं परीक्षणमा वैदिकसमाज निकै अग्रसर र सफल पनि देखिन्छ।

माथिउल्लिखितक्रम अनुसार वैदिकसमाजको तेस्रो अनुभूति अन्तर्गत छ सामाजिक तत्त्व। सामाजिकभावनाएवं जानपद+ जीवनको पहिलो शुरुआत ग्रीस र रोमबाट भएको हो भन्ने आधुनिक राजनीति शास्त्रीहरूको भनाइमा यसको समय केवल पच्चीसशय वर्ष लगभग मानिन्छ। तर वेदमा सामाजिकभावना र जानद जीवन सम्बन्धी जुन संकेत मिल्दछ त्यसछो अगाडि ग्रीस र रोम वेपत्ता सिततल झर्दछन्। वैदिकसमाज त्यो पलायनवादीसमाज हैन जो सांसारिक घात प्रतिघातबाट मुख मोडेर अलौकिक आनन्दतिर मात्र उन्मुख होओस। निष्कामभावनाले कर्मगर्दै शयवर्षसम्म निरापद जीवन बिताओस भन्नेमात्र हैन अपितु दुधालुगाईहरू, भेडा बाख्रा आदि पशुहरूका साथै भोज्य अन्नलाई अमृत तुल्य बनाउने रसका निमित्त पनि वैदिक ऋषिहरूको प्राञ्जल भावना देखिन्छ•। केवल

•उप हूता इहगावः उप हूता अजावयः।
अथोअन्नस्य कीलाल उपहूतो गृहेषु नः॥ पैप्पलादसं

+ आज भोलि यसको ठाउँमा नागरिक शब्द चलेकोछ तर प्राचीन शुद्ध शब्द जानपद हो।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आफू र आफ्ना परिवार मात्र हैन किन्तु आगन्तुक अतिथि अभ्यागत र मित्रहरूका लागि पनि उति बेलाको समाजमा अति नै आदर सत्कार गरिन्थ्यो । ऋग्वेद दशम मण्डल अन्तर्गतको दानसूक्तमा कुनै पनि अशक्त याचक माग्न आएमा अन्नवान् व्यक्ति दिंदैन भने त्यसको निन्दा गरिएको छः—"*न स सखा यो नददाति सख्ये सचाभुवे सचमानाय पित्वः ।*" यसै गरी भौतिक वस्तुको समुपलब्धिका निमित्त वैदिक मन्त्रहरूमा जुन उद्दामभावना व्यक्त भएको छ तिनीहरूमा व्यक्तिविशेष मात्र नभएर सामाजिक स्वार्थपूर्तिकानिमित्त बहु वचनको प्रयोग भएको छ, जस्तै :—*पश्येम शरदः शतम्, जीवेम शरदः शतम्, शृणुयाम शरदः शतम्* आदि जति पनि वाक्यहरू छन् ती सबमा सार्वजनिक भावना व्याप्त छ । वैदिक समाजमा सामाजिकभावना अतिनै उच्चरूपको थियो । किनभने एक अर्काका प्रति द्वेष भय र शंकालु दृष्टिले हैन अपितु मित्र भावनाले हेर्ने चाहना त्यति बेला भेटिन्छ* । हजारौं हजार वर्ष अघिका मन्त्रद्रष्टा ऋषिमुनिहरूले सामाजिक हितका निमित्त अभिव्यक्त गरेको यो भावना आणविक अस्त्रको भरपूर वृद्धि गरेर मौखिक शान्तिवादी नारादिने आजको विश्वमा लेश मात्र पाउनु पनि दुर्लभ छ । ऋक्संहिताको अन्तिम सूक्तलाई संज्ञान सूक्त भनिन्छ । यी सूक्तहरूमा वैदिक साम्यवादको स्वरूप प्रस्तुत गर्ने सामाजिक एकताको निमित्त यौटै भावना यौटै सरसल्लाह र यौटै हृदयका निमित्त प्रार्थना गरिएको छ : - "*समानो मन्त्रः समितिः समानी समानं मनः सहचित्तमेषाम् ।*" आदि रूपमा । वैदिक समाजवाद नै आधुनिक समाजवादको जनक भएपनि ती दुवैमा तात्विक भिन्नता छ एक भावना र अर्को शक्तिमा आधारित । वैदिकसमाजले लोकव्यवस्थाका लागि राजाको स्थानअतिनै उच्च रूपमा मानेकोछ र उनलाई अविचलित रूपमा राज्यको अधिष्ठाता भएर रहने आशीर्वाद

*मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे ।
मित्रस्य चक्षुषा समीक्षामहे ।। यजु–३६।१८ संहिता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

दिइएको छ। ❀ सारा प्रजाको अभीष्ट रूपमा रहेर इन्द्रले भैं तिमी लोक मर्यादास्थापन गर भन्ने वचनबाट के बुभिन्छ भने उक्त समाज व्यवस्थित जीवन एवं सामाजिक उन्नयनमा जागरूक थियो।

उपर्युक्त तीनतत्त्वको उल्लेख पछि अन्तिम आध्यात्मिक तत्त्वको उल्लेख प्रस्तुत गरिन्छ। कारण किनभने आदिभौतिक उन्नतिबाट मात्र मानव जातिको सर्वाङ्गीण उन्नति सम्भव हुँदैन। ऋग्वेदको प्रसिद्ध 'दाशराज्ञयुद्ध' बाट थाहा हुन्छ कि त्यति बेला भौतिक उन्नति चरमशिखरमा थियो; नत्र ९९ नगर ध्वस्तहुनु (ऋ० १।५४।६) ६६०६६ संख्याको सैनिक मारिनु (ऋ० ७।१८।१४) सम्भव थिएन। अतएव वैदिकतत्त्वद्रष्टाहरू केवल भौतिक सम्पत्तिलाई मात्र जीवनको चरम लक्ष्य मान्दैनन्। व्यावहारिक रूपमा हेर्दा पनि उक्त कुरानै यथार्थ भए भौतिक सम्पत्तिले भरिपूर्ण भएको व्यक्ति वा राष्ट्र निश्चित र आनन्दी हुनु पर्ने तर त्यसो नभएर उहीनै बढी चिन्तित र शङ्कालु देखिन्छ। अतएव जुन याज्ञिक विधि विधानका निमित्त वैदिकसाहित्यको ठूलो भाग भरिएको छ त्यो पनि ईश्वरोन्मुख र विशुद्ध नभएमा अदृढ नौका समान हुन्छ भन्ने सैद्धान्तिकपक्ष देखिन्छ।❀❀ अहंभावना, स्वार्थ भावना र अनीश्वरभावना समेत कुनै कर्ममा विकृति आउन प्रमुख कारण बन्दछन्। अहंभावना नै अर्को शब्दमा कर्तृत्व भावना हो। उपर्युक्त तीनै विकृतिको उन्मूलनपूर्वक वैदिक वाङ्मयले आध्यात्मिक क्षेत्रमा जुन ठोस सिद्धान्त स्थापनगरेकोछ त्यो नै ध्येय र गेयरूपमा आजसम्म हाम्रो सामु विद्यमान छ। यद्यपि प्रतिक्षण जस्तो परिवर्तनशील संसारमा यौटै सिद्धान्त त्यसरी दीर्घकालसम्म अबाधित रूपले मानिनु आश्च-

❀ आत्वा हार्षमन्तरभू र्ध्रुवस्तिष्ठाविचाचलत्। विशस्त्वा सर्वा वाञ्छन्तुमा त्वद्राष्ट्रमधिभ्रशत्। अथर्व ६९।३।७

❀❀ प्लवा एते अदृढा यज्ञरूपा अष्टादशोक्तमवरं येषुकर्म।
एतच्छ्रेयोयेऽभिनन्दन्ति मूढा जरामृत्युं ते पुनरेवापियन्ति।
मुण्डक १-२।७

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

र्यजनक कुरा लाग्न सक्छ तर जुन निर्णेताहरूलाई "*साक्षात्कृतधर्माण ऋषयो बभूवुः*" (निरुक्त १-२०) भनेर यास्कले उल्लेख गरेका छन्, उनीहरूको अनुभूति त्रिकालाबाध्यहुनु कुनै आश्चर्यजनक कुरा हैन।

आध्यात्मिक क्षेत्रमा वैदिकसमाजको सबभन्दाठूलो उपलब्धि हो अद्वैतभावना। किनभने उसको अनुभव छ त्यतिवेलासम्म संसारमा भय र द्वेषको भावना सर्वांशमा उन्मूलित भएर निःशंक र स्वच्छ वातावरणको सृजना सम्भव हुँदैन जबसम्म कि प्राणीमात्रमा अनुस्यूत भएर रहेको यौटै चेतनतत्त्वको ज्ञान हुँदैन। त्यसैले "*तदेवाग्निस्तदादित्यस्तद्वायुस्तदु चन्द्रमाः। तदेव शुक्रं तद्ब्रह्म ताआपः स प्रजापतिः॥*" आदि कैयौं ऋचाहरूद्वारा यौटै चैतन्य (ब्रह्म) तत्त्व अग्नि, आदित्य, वायु, प्रजापति, चन्द्रमा, शुक्र र जलादि रूपमा भासमान भएको हो भन्ने तत्त्वदर्शी मन्त्रद्रष्टाहरूको अनुभूति निकै मार्मिक र ग्रहण रूपको छ।

वैदिकसाहित्यमा "*एकं सद्विप्रा बहुधा वदन्ति*" अर्थात् यौटै सद् वस्तुलाई विज्ञहरू अनेक रूपमा जान्दछन् भन्ने उक्तिले साकार उपासकलाई मात्र नभएर निराकारको उपासकलाई पनि आफ्नै छत्रच्छाया अन्तर्गत स्थान दिएको छ। उपर्युक्त किसिमले वैदिकसमाजको संक्षिप्त उल्लेख पछि के भन्न सकिन्छ भने भौतिक एवं आध्यात्मिक दुवै क्षेत्रमा उसको आस्थाछ र विशेषता चाहिं दोस्रो अंशमा।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

दुइ-चार छरिएका मोती एक अभिव्यक्ति

— गंगाराम श्रेष्ठ

समाधि-निर्धूतमलस्य चेतसो
निवेशितस्याऽत्मनि यत्सुखं लभेत् ।
नशक्यते वर्णयितुं तदा गिरा
स्वयं तदन्तःकरणेन गृह्यते ॥

मैत्र्यायणी उपनिषद्को यो मोती अत्यन्त मननीय छ। यसो त हाम्रा शास्त्रहरू सबै मोतीले भरिएका छन्, सारा ठाउँमा मोतीका दाना छरिएका छन् तर त्यसमा पनि छान्नु पर्दा यस्ता अमूल्य दाना भेट्टिन्छन् जुन पारखीहरूका लागि अविस्मरणीय हुन्छन्।

उपर्युक्त दानामा समाधिको उत्तमता र समाधिस्थ हुँदाको अपार-सुखको उत्कर्षता बताइएको छ। अनि त्यो सुखलाई वणन गर्न नसकिने कुरा पनि देखाइएको छ।

समाधिलाई सरल भाषामा विद्वान्हरूले यसरी भनेका छन्— ननिदाउनु र नचिताउनु नै समाधि हो"। यसरी ननिदाइकन र नचिताइकन बस्दा अनन्य-सुख हुन्छ। संसार भरिका मानिस यही सुखकालागि प्रयत्नशील छन्। तर सबैको निर्णय चाहीं बाहिरी पदार्थहरूबाट सो सुख प्राप्त गर्न सकौंला भन्ने भएको हुँदा कोही पनि सुखी हुन सकेका छैनन्। कुतिको बाटो समातेर काशी पुग्ने लक्ष्य राख्नु झैं सबैको प्रयत्न भूससाथिको लिउन् झैं भएको छ। अस्तु।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

मानिस सुषुप्त हुँदा चिताएको त हुँदैन तर निदाएको हुन्छ। यसैले यो समाधि हुन सकेन। अनि ब्युंझेको वेला (जाग्रत) मा निदाएको हुँदैन तर चिताएको हुन्छ। यसैले यो पनि समाधि हुन पाएन। मानिस या त निदाइरहन्छ या चिताइरहन्छ। यसैले सबै प्रकृष्ट-सुखदेखि वञ्चित छन्। तर चाहिने चाहिं त्यही सुख रे सबैलाई !

यद्यपि सुख आफ्नै निजी स्वभाव हो, आफू स्वयं नै सुखको निधि हो, किन्तु बहिर्मुख प्रवृत्तितिर अभिमुख भइदिएको हुँदा अब यो निजी, नित्य, स्व-स्वभाभूत सुखानुभूतिका लागि मानिसले कडा प्रयत्न गर्नु पर्‍यो। निद्रा र चिन्ता (लय र विक्षेप) लाई तिलाञ्जलि दिनै-पर्‍यो। जंघार पनि तर्नै तिम्रा पनि कमाउने गरेर काम लाग्दैन। चित्तलाई आनन्दैकरस आफूमा निमज्जित गराउनै पर्‍यो। (यही नै हो पुरुष-प्रयत्न)। किनभने जसरी मिश्रीको स्वादिष्ट स्वाद आस्वादन गरिरहन परे जीभ्राको टुप्पोलाई त्यही मिश्रीको टुक्रामा छुवाइराख्नु पर्दछ उसरी नै आनन्दको अनुभूति गर्नका लागि चित्तलाई चैतन्य-समुद्र (आफू) मा राखिछाड्नु पर्‍यो। कतिकाल राखिछाड्ने ? जतिकाल सुख चाहिन्छ जतिकाल गुलियो चाहिन्छ उतिकाल मिश्री-संग जिभ्राको संयोगलाई छुटाउनु भएन।

अब यो सुखलाई वर्णन गर्न सकिन्छ कि सकिंदैन भन्नेतिर लागौं। 'नशक्यते' यस शब्दले सकिंदैन भनी सुस्पष्टै निर्देश गरेको छ। उपनिषद् भन्दछ–त्यो सुख त मात्र अन्तःकरणद्वारा ग्रहण गरिन्छ, वचनले भन्न सकिंदैन।

के यत्तिकैमा उपनिषद् अघाउँदछ त ? हो, यही नै श्रुतिको आशय हो भनौं भने पूर्वकालिक विद्वान्हरूले "धन्योस्मि कृतकृत्योस्मि" आदि वचनद्वारा स्वानुभूतिलाई वर्णन गरेको इतिहास पुराणहरूमा पाइन्छ। जनकले अष्टावक्रलाई, रामले वशिष्ठलाई आफू आप्तकाम भएको कुरा बताउनु भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

यहाँ श्रुति निर्देश गर्दछ-समाधि– कालमा मन अमन भएको हुँदा अथवा मन निवृत्तिक भएको हुँदा तत्कालमा सो अनुभूतिलाई वर्णन गर्न सकिन्न। किनकि कुनै पनि काम सम्पादन हुनाका लागि अधिष्ठान (शरीर), कर्ता (मन), करण (विभिन्न इन्द्रिय), तिनका चेष्टा र इन्द्रियका देवताको उपस्थिति आवश्यक रहन्छ। संक्षेपमा शरीर, वाक् र मन (शरीर, वचन र मन) मध्ये कुनै एकको अनुपस्थितिमा बाँकी दुइवटावाट काम हुन सक्तैन।– (गीता १८।१४-५) समाधि-कालमा मन अनुपस्थित (निवृत्तिक) भएकोले वचन काममा प्रवृत्तहुन सकेन। उपनिषदोक्त "तदा" शब्दले यही कुरा देखाएको छ। अर्थात् समाधि कालमा मन स्व-स्वरूपमा निमज्जित भएको हुँदा त्यस वेला हुने सुखानुभूति त्यसै बेलामा वर्णनगर्न सकिँदैन। उपनिषद्को निषेधात्मक शब्द 'नशक्यते' को प्रयोगले भविष्यलाई पनि औंल्याएको संझनु हुँदैन। पछि आफूलाई भएको अनुभव आफूले व्यक्तगर्न अवश्य सकिन्छ। किनकि अव काम सम्पादन हुने शरीर, वचन र मन तीनै वटाको उपस्थिति छ। यसकालागि एउटा सानो उदाहरण यसरी भन्न सकिन्छ :-

कुनै मानिसलाई जवर्जस्ती समाती उसको टाउको पानी भित्र डुवाइदियौं भने उसलाई त्यत्तिखेर अवश्य वेदनाको अनुभूति हुन्छ, किन्तु टाउको (मुख समेत) पानी भित्र रहेको हुँदा आफैंलाई भएको वेदना पनि व्यक्त गर्न सक्तैन। तर जव हामी उसलाई पानीवाट मुक्त गरिदिन्छौं, यतिखेर के उसले आफूलाई पानीभित्र भएको वेदना प्रकट गर्न नसक्ला ? अवश्य सक्तछ।

अव यहाँ विचारणीय के छ भने जीवन्मुक्ति र समाधिमा के अन्तर छ ?

आत्मा र अनात्माको विवेक गरी आत्मा (आफू) लाई विचारपूर्वक अङ्गिकार गर्नु हो जीवन्मुक्ति। अथवा यसो भनौं—"संशय, असंभावना, विपरीतभावनाले रहितभई जो आफूलाई आत्मा भनी

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

जान्नु हो त्यही जीवन्मुक्ति हो।" अझ सरलीकरण गरी भन्ने हो भने—"चिदाभास चैतन्य आदि अनात्मवस्तुमा भएको आत्मबुद्धिको निवृत्ति नै आत्मज्ञान हो"।

आत्मज्ञान र आत्मानन्दानुभूतिको विभेदलाई अब हामी यसरी विश्लेषण गरौं—मिश्रीलाई "यो मिश्री हो" भनी जान्नु ज्ञान हो भने मिश्रीमा जिभ्राको टुप्पो छुवाउनु अनुभूति हो। मिश्रीको टुक्रालाई चिन्यो भन्दैमा गुलियो हुन्छ भन्नसकिँदैन। यसरी नै आत्मानन्दको अनुभूतिकालागि समाधिको आवश्यकता रहन्छ। यसै हुनाले मुक्तिदशामा तत्त्वज्ञहरूको चारप्रकारको व्यवहार देखिन्छ। कर्मको भोग तीव्र भएको हुनाले आत्मवेत्ता आत्माको अनुसन्धानमा अनाशक्तझैं भएर भोगानुसन्धानतिर उद्युक्त देखिनुहुन्छ। यसलाई आत्मरति भनिएको छ – ब्रह्मवित्, विद्वान्, सत्वापत्ति आदि संज्ञा पनि यसैका लागि प्रयुक्त भएकछन्। मध्यमकर्मवेग, मन्दसंवेग र सुप्तसंवेग, आत्मक्रीड, आत्ममिथुन र आत्मानन्द (५, ६ र ७ तौं भूमिका) तदनन्तरका तत्त्वज्ञका स्थिति हुन्। यसैले जीवन्मुक्ति अनन्तर याज्ञवल्क्य अंशवण्डागरी जीवन्मुक्ति-सुखका लागि वनतिर लाग्नु भएको थियो।

जहाँसम्म ज्ञानपूर्वकालिक समाधिकोप्रसंग छ, तत्कालमा अनुभवस्वरूप एक मात्र आफू जाज्वल्यमान भएर रहेको भएर पनि आवरणको अपसारण नभैसकेको हुँदा यसको परिपाकका लागि साधन सधैं प्रयत्नशील रहनु पर्दछ। निर्विकल्प समाधिको परिपाक भएपछि अन्तिम अखण्ड भएको बुद्धिमा आफू (वासुदेव परमात्मा) भासमान भइकन अन्तिम आवरण दोष (अज्ञान) लाई समूल नष्टपारिदिन्छ। यसैलाई "ज्ञान-दीप" भनिएको छ। (गीता १०।११) यही ज्ञान-दीप प्राप्तगर्नु हो मानिसको एकमात्र काम।

यसैले समाधि ब्रह्मसाक्षात्कारकाल भएतापनि काठमा रहेको अनुत्पादित आगोले काठलाई डढाउन नसके झैं अज्ञानलाई निवारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

गर्न सक्तैन ।

एतावता लयात्मक-समाधि (चित्तलाई स्वरूपमा निमग्न तुल्याइ-राख्नु) मा मात्र साधकले अलंबुद्धि गर्नु उचित होइन। किनकि आत्मलाभ भए वृत्ति निरुद्धहुन कर्रै लाग्दछ, किन्तु वृत्तिको निरुद्धता आत्मलाभ होइन। किनकि आत्मा बुद्धिदेखि परको वस्तु हो। (यः बुद्धेः परतस्तु सः)।

यसैले समाधिमा वृत्ति रहन्छ भने चतुर्थ भूमिकामा (पांचौं र छैटौंसम्ममा पनि) त्यो बाधित हुन्छ। यसलाई भगवान् वशिष्ठले 'ध्येयवासनात्याग' भन्नु भयो। यसैलाई स्वरूप मनोनाश, अविद्यालेश, बाधितानुवृत्ति पनि भनिएको छ। ज्ञानीको सबै व्यवहार मात्र तटस्थ-दृष्ट्या हो। वास्तवमा ज्ञानी केही गर्नु, सुन्नु नै हुन्न।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हिन्दू दर्शन र मनोविज्ञान
[एक अनुशीलन]

— मधुसूदन रिसाल 'प्रदीप'

भगवान्‌ले मनको रूपमा हामी भित्र एक दैवी शक्ति सम्पन्न वस्तुलाई राखिछोड्नु भएको छ। हामी नित्य (सधैं) मनको शक्तिहरूलाई देख्दछौं। परन्तु त्यसको गहिराई भित्र कहिल्यै पस्दैनौं। यदि हामी सावधान भई त्यस गहिराईमा गोता लगाउँत हामीलाई थाहा हुने छ कि त्यसभित्र कति शक्तिहरू लुकेकाछन्। यसकारण वैदिक ऋषिहरूले मनलाई "शिवसंकल्प" वाला बनाउनका निम्ति अनवरत प्रार्थना गरेकाछन्। मन जुन पनि संकल्प गर्दछ, त्यसलाई कार्यरूपमा परिणत गर्दिन्छ। अतएव आवश्यक छ कि मनको संकल्प शिव होस् रौद्र नहोस्, विधायक होस्, विनाशक नहोस्, कल्याणको स्रष्टा होस्, विनाशको रचयिता नहोस्। जति ठूला ठूला मङ्गल कार्यहरूको संघटना हामी देख्दछौं, त्यस भित्र यो मनको "शिव संकल्प" सदा जागरूक रहन्छ। कुनै पनि कार्यलाई व्यवहारको स्तरमा आउनुभन्दा अघि मानसिक तथा वाचनिक स्थितिबाट जान्नुपर्दछ। यसकारण हाम्रो यहाँ एकाकारताको प्रतीक छ–मनसा, वाचा, कर्मणाको सिद्धान्त। उपनिषद्हरूको यही भनाई छ कि व्यक्ति मनद्वारा जुन चिन्तन गर्दछ, त्यसलाई नै वचनद्वारा प्रकट गर्दछ तथा पछि जरूर त्यसलाई नै उ कार्यहरूमा निष्पन्न गर्दछ। यसै कारण यदि तपाईं कुनै शुभ कार्य गर्न उद्यत हुनुहुन्छ त सर्वप्रथम आफ्नो मानसिक संकल्पलाई कल्याणकारी बनाउनोस्। यो नै मूलस्रोत हो। कार्य-मन्दाकिनीको मन नै स्रोतस्वरूप हिमाचल हो। कार्य–सरिता आफ्नो पुष्टि तथा समृद्धिका निमित्त मनबाट पवित्र संकल्प–सलिल (जल) लाई एकत्रित गर्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

रहन्छ । यो मानिसको सिद्धान्त छ कि स्थूलको अपेक्षा सूक्ष्मको शक्ति विलक्षण तथा व्यापक छ । जुन वस्तु जति सूक्ष्म हुन्छ, उसको शक्ति त्यतिकै बढी तथा गहिराइसम्म पुऱ्याउने हुन्छ । होमियपेथिक औषधि-हरूको छनोट्मा यही त सिद्धान्त काम गर्दछ । जुन औषधि जति सूक्ष्म होला, त्यसको प्रभाव त्यति नै बढ्ता, चिरस्थायी तथा दीर्घकालिक होला । "*वहुरल्पीयसि दृश्यते गुणः*" भारविको यस उक्तिको संकेत यस्तै नै सूक्ष्म औषधितर्फ छ ।

मन अणु भनिएको छ । त्यसको शक्ति आणविक शक्ति हो आज भोलिको भाषामा त्यो ऐटमवम जस्तै कार्यशाली छ । बमको प्रयोग हानीको लागि नै भइरहेको छ, परन्तु त्यसलाई लाभका निमित्त पनि प्रयोग गर्न सकिन्छ र आजका वैज्ञानिक त्यही उपायको खोजमा लागेका छन्, जसबाट त्यो संचालित शक्ति हानी उत्पन्न नगरी लाभ नै उत्पन्न गर्न सकोस् । मनको पनि ठीक यहि नै अवस्था छ । त्यो हाम्रो भित्र रहने (ऐटमवम) नै हो । वैदिक ऋषिहरूले मनको दुई शक्तिमा विशेष रूपले जोड दिएका छन् । एक शक्ति हो–नयन शक्ति र दोस्रो शक्ति हो नियमन शक्ति । यो सुप्रसिद्ध मन्त्रमा यिनै दुई शक्तितिर लक्ष्य गरिएको छ ।

"*सुषारथिरश्वानिव यन्मनुष्यान् नेनीयतेऽभीशुभिर्वाजिन इव ।*
हृत्प्रतिष्ठं यदजिरं जविष्ठं तन्मे मनः शिवसंकल्पमस्तु" ॥

यस मन्त्रमा सुयोग्य सारथिको उपमा मनसंग तथा इन्द्रिय-हरूको उपमा घोडासंग अत्यन्त सुन्दर ढङ्गबाट दिइएको छ । "अश्व" तथा 'वाजी" शब्द सामान्यतः घोडाका लागि प्रयुक्त हुन्छन् । परन्तु दुईमा फरक छ । अश्व हो साधारण घोडा जो टिक् टिक् गर्दै आफ्नो बाटो पार गर्दछ । परन्तु 'वाजी" हो त्यो तीव्र गति सम्पन्न जोरसंग छोड्ने घोडा । यसलाई यदि रोकेन भने त्यो कुनै भयानक दुर्घटनामा आफ्नो सवारलाई पुऱ्याइदिन्छ । सुयोग्य सारथि प्रथम प्रकारको

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

घोडालाई बाटामा लिएर जान्छ-उसलाई चाबुक (छडी) हानेर अगाडि बढ्न बाध्य गराउँछ। परन्तु त्यो घोडालाई उन्मार्गमा जानबाट रोक्दछ लगामलाई जोडभंग खिचेर। एउटालाई लैजान्छ त दोस्रोलाई रोक्दछ। मनको ठीक यही काम हो। कुनै व्यक्ति स्वभावतः यति शिथिल हुन्छन् कि मनलाई उनीहरूले प्रेरित गर्नु आवश्यक हुन्छ र केही यस्ता उद्धत हुन्छन् कि उनीहरूलाई विवेकमार्गमा रोकेर राख्ने आवश्यकता हुन्छ। मन दुवै काम गर्दछ। उ हृदयमा प्रतिष्ठित हुन्छ (हृत्प्रतिष्ठम्) तथा कहिल्यै वृद्ध हुदैन (अजिरम्)। शरीर जीर्णशीर्ण भलै होओस्, मुखमण्डलमा चाउरीका मुजाहरू झुण्डिन लागुन्, भलै उ आफ्नो खुट्टाको मात्र आधारले सोझो उभिन नसकोस् र लट्ठी टेकेर मात्र डुल्फिर गर्न सक्ने होओस्। परन्तु के मनको अवस्था त्यस्तै हुन्छ? त्यो एकदम युवक बनिरहन्छ, शक्तिहरूको पुंज बनिरहन्छ। जसरी पृथ्वीको सतहबाट झरना आफैं फुटेर निक्लन्छ, त्यसै गरी, मनको शक्ति पनि वृद्धावस्थामा पनि उसबाट (वृद्ध शरीरबाट) फुटेर निक्लने गर्दछ। यो निश्चय छ कि मन कहिल्यै बूढो बन्दैन। त्यो अत्यन्त वेगशाली छ। शीघ्र पार गरी लङ्का पुग्ने मारुतनन्दन हनुमान-जी 'मनोजव' बताइएका छन्। यस्तो प्रभावशाली मनको संकल्प इच्छाहरू शिव हुन्, कल्याणकारी हुन्। वैदिक ऋषिको यही प्रार्थना छ यो भन्दा सुन्दर प्रार्थना अर्को हुन नै के सक्छ। गीताको उक्ति छ "यो यच्छ्रद्धः स एव सः"। मनुष्य श्रद्धाको पुंज हो। उ संकल्पको ढुकुटी हो। यसै कारण संकल्प शिवत्व कल्याण-कारक होस् भन्ने प्रार्थना गरिएको हो। मनमा अत्यन्त ठूलो शक्ति भरिएको छ। मन त जिउँदो विद्युत्शक्तिको केन्द्ररूप हो, जसबाट आफ्नो इच्छानुसार बिजुली पैदा गर्न सकिन्छ। मन जो इच्छा गर्दछ, त्यो एक दिन पूर्ण नभई छोड्दैन। जति मन शुद्ध हुने छ त्यति नै जोड उसको इच्छामा बन्ने छ। प्राचीन ऋषिमुनिहरूको कुरा हामीले पुराणहरूमा सुनेका छौं। मन उनीहरूको यति सात्विक थियो कि जुन वस्तुलाई उनीहरूले

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

इच्छा गरे त्यो तुरुन्त पैदा हुन सक्दथ्यो। आज भोलि अशुद्ध मन यो काम गर्न सक्दैन। परन्तु यसलाई त कोही अस्वीकार गर्न सक्दैन कि उसमा असीम शक्ति भरिएको छ।

तब हामीलाई आफ्नो मनवाट कस्तो काम लिनुपर्दछ ? मन जता जाने छ त्यतै नै मनको शक्ति खर्च होला। मानिलिनोस् कि मेरो मन कुनै लोभ्य वस्तुमा लागेको छ, तब उसको त्यति नै शक्ति घट्ने छ। यदि अर्को तर्फबाट पनि उही प्रकारको अभिलाषा भयो त दुवै मिलेर अनुकूल भावको अनुभव गर्ने छन्। परन्तु यदि उताबाट अनुकूल भावको प्रेरणा भएन त हाम्रो मन वेहाल होला। उसको सम्पूर्ण शक्ति मर्नेछ। यसकारण उ आफूलाई हीन र क्षीण पाउने छ। यस संसारका पदार्थ नश्वर नै त छन्। अतः ती पदार्थहरूसंग मन लाग्यो त कुनै न कुनै दिन आधरभूत सामल नाश भए पछि मनको कति खराब अवस्था हुन जाला, यसको पनि त विचार गर्नु पर्दछ। स्त्रीमा मन लागेको छ, कुनै दिन उनी संसारवाट विदा हुन्छिन्, यसबाट के आत्यन्तिक लाभ प्राप्त भयो त ? जसरी विनाजंजीरको डुङ्गा आंधी (हुरी) का समयमा नदीको उत्ताल तरंगहरू माथि थप्पड खांदै सिधा रहन सक्तैन, उल्टेर नदी मुनी गिर्न लाग्दछ. ठीक यही अवस्था यो आश्रयहीन मनको हुन जान्छ। लोक चारै तर्फबाट यसलाई थपडी मार्न लाग्दछन्। विकलताको लहर चारै तिरबाट बग्न लाग्दछ। फल यहि नै हुन्छ कि चित्त काबूमा रहंदैन उ पागल हुन्छ। कसैलाई थोरै समयको लागि र कसैलाई सदाको निमित्त नै यो मन पागल पार्दछ। मनको प्रवृत्तिको वेगावेग माथि यो परिणाम अवलम्बित रहन्छ। यो त भयो नश्वर आश्रयमा अवलम्बित रहने वाला मनको दुर्दशाको करुण कहानी (कथा)।

यस्तो मनलाई ठहऱ्याउनका निम्ति हामीलाई दृढ आश्रयको आवश्यकता हुन्छ। एक त मन स्वयं चञ्चल ठहरियो, जविष्ठ (वेगशाली) ठहरियो, फेरि यदि उ चञ्चल विषयतर्फ लगाइएला, तब उ बढी चञ्चल रूपमा देखा पर्ने छ। हुरी लागेको वखत मल्लाह (माझी)

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आफ्नो डुङ्गालाई दबाई जमीनमा किलो गाडेर टिकाउँदछ। यदि जमीन धापवाला होस् न त डुङ्गाको पत्ता लाग्न सक्ला न त माझीको नै। दुवै विना किनाराका हुनेछन्। ठीक यही अवस्था मनको छ। यदि दृढ आश्रयमा उसलाई हामी राख्न सक्दैनौं त उ हामीलाई कतैको पनि राख्ने छैन। न यो घाटमा राख्ने छ न त पल्लो घाटमै पुऱ्याउला। त्यो हामीलाई अथाह सागरमा लगेर फ्यांकिदिने छ। यसै कारण सज्जनहरूको भनाई छ कि मनलाई बांध्न बलियो डोरी चाहिन्छ, उसलाई टीकाउनका लागि दृढ आधार चाहिन्छ, त्यसलाई पक्डी राख्नका लागि बलियो प्रलोभन चाहिन्छ, तब मात्र ऊ काबूमा आउन सक्छ। हामी भन्न सक्दैनौं कि मनलाई मारिहाल। त्यो मारेर मर्दैन। परन्तु त्यसको उपद्रव गर्ने जुन स्वभाव छ, त्यसलाई त टाढा भगाइदेऊ। उसलाई शुभ कार्यमा लगाई देऊ, यहि नै ऋषिहरूको साग्रह कथन छ।

यसका लागि हामी के गरौं? मनको उपयोग आफ्नो हितमा कसरी गरौं? उपाय त यसलाई बाहिर जान नै नदेउ। जति बाहिर जाने छ, उति नै यो मन क्षीणशक्ति हीनवीर्य हुँदै जाने छ। यसको शक्तिलाई भित्र भित्रै जम्मा गर्नुहोस्। कुनै इष्टदेवमा यसलाई लगाउनुहोस्। वस्, शरीर आदिको चिन्ताबाट माथि उठी देवतासित यो सधैं खेल्ने गरोस्। यदि यो मन रूपकै लालची छ त घनश्यामको पीताम्बर-कलित मयूर–पुच्छधारी वनविहारी छविलाई सधैं हेर्नेगरोस्। यदि मधुर शब्दहरू सुन्ने अभिलाषा उठ्तछ त तीनै लोकलाई भुलाई दिने काममन्त्रद्वारा अनुप्राणित मुरलीको आवाजलाई सुन्ने गरोस्। यदि हात पाउ आ-आफ्नो काम गर्नका लागि उत्ताउला भइरहेका छन् त यिनीहरूलाई भगवान्को नै काममा लगाई देऊ। हात भगवान्को विग्रहलाई पूजा गरोस् यदि नाकबाट सुगन्धित वस्तु सुङ्घ्ने इच्छा छ त वनमालीको शरीरस्पर्शबाट परिचित हुनेवाला पुष्पमाला तथा तुलसीको गन्धको आनन्द लिने गरोस्। यी वस्तुहरू हुन् कसका? त्यसका,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

जो यस जगत्को नियन्ता छ, सबको आधार छ सदा र सर्वत्र रहनेवाला छ। यदि यस्तै व्यक्तिमा हाम्रो मन लागि रहला त के उसको शक्ति कहिल्यै क्षीण होला ? के त्यसलाई विचलित हुने अवसर आउला ? आउँदैन कहिल्यै आउँदैन। आनन्दमयी आमासित जुन मन क्रीडा गर्दछ, त्यसलाई असुख कहाँबाट ? सच्चिदानन्दसित जो बस्दछ त्यसलाई बेचैनी कहाँ ? गोपीसखासित जो वृन्दावनको हरियालीको मजा लिन्छ, उसलाई उदास या नीरस हुने अवसर कहाँबाट आउला ?

यसकारण हिन्दूदर्शन भन्दछ छोड पुत्र-कलत्रको ममता। छोड उनीहरूमा चित्त लगाउन, जोड यस मनलाई भगवान्को अरविन्द-सुन्दर चरण-द्वन्दमा। तब मात्र कल्याण होला। तब मात्र आत्यन्तिक मंगल होला। तब मात्र विषय वा गुणहरूबाट भुक्तिलाभ गरौंला, अरू थोकबाट हुनसक्दैन।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

भक्ति

श्री रामबहादुर गोतामे

धर्मको मार्गमा प्रवृत्त गराउने नै मुख्य भक्ति हो, भक्तिहीन पुरुष कुनै पनि धार्मिकमार्गलाई अवलंबन गरेर अगाडि बढ्न सक्तैन। भक्तिमा जम्मा तीन अक्षर छन् – भ (भव) संसारको दुःखलाई हटाउंछ ' क (कल्याण) गर्दछ। ति (तीव्रज्ञान) प्राप्त गराउँछ।

वेदस्याध्ययनं कृत परिचितं शास्त्रं पुराणं श्रुतं।
सर्वं व्यर्थमिदं पदं न कमलाकान्तस्य चेत्कीर्तितम्॥
उत्खातं सदृशीकृतं विरचितस्सेको ऽम्भसा भूयसा।
सर्वं निष्फलमालवालवलये क्षिप्तं न बीजं यदि॥

कुलो खनेर बाँध बनाएर धेरै जल भरोस्, किन्तु त्यसमा बीज छरिएन भने व्यर्थ हुन जान्छ। यस्तै प्रकार वेदको अध्ययन गरेको छ, शास्त्रको बोध छ, पुराणहरू सुनेको छ यदि कमलाकान्त लक्ष्मीपति परमेश्वरको चरणकमलको गुणगान गरेको छैन भने त्यो सब वेदाध्ययन आदि परिश्रम व्यर्थ नै जान्छ।

व्यापक ब्रह्म निरञ्जन, निर्गुन विगत विनोद।
सो अज प्रेम भगति वस, कौसल्याके गोद॥
(तु. रा. बा. दो. २०८)

जुन ब्रह्म व्यापक, निरञ्जन, (माया रहित) निर्गुण, विगतविनोद, (निष्क्रय) अज भएर पनि कौसल्याको प्रेमपूर्ण भक्तिको पराधीन भएर उनको काखमा बसे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

बचन करम मन ओर गति, भजन करहिं निकाम।
तिन्हके हृदय कमल महुँ, करौं सदा विश्राम॥
(तु. रा. अरण्य. दो. २८)

मनसा-कर्मणा-वाचाले जो मेरो आधारमा रहन्छन्, जो निष्काम भइकन मेरो भजन गर्दछन् तिनका हृदयकमलमा म सदा सर्वदा विश्राम गर्दछु।

रामचन्द्र के भजन विनू, जो चह पद निर्वान।
ग्यानवन्त अपि सो नर, पसु विनु पूछ विषान॥
(तु. रा उ. दो. ११५)

रामचन्द्रको भजन-बिना जो निर्वाणपद (मुक्ति) चाहन्छ, ज्ञानवान भएतापनि त्यो मानिस सीङ र पुच्छर नभएको (वतसूरत) पशु हो।

श्री रामनामामृतमन्त्रवीजं संजीवनी चेन्मनसि प्रविष्ट।
हालाहलं वा प्रलयानलं वा मृत्योर्मुखं वा विशतां कुतोभीः
(अ. रा.)

जसको हृदयमा रामनाम अमृतरूप संजीवनी विद्यमान छ त्यो हालाहाल, प्रलयानल अथवा मृत्युको मुखमा नै हाम्फालोस् त्यसलाई कहिले पनि भय हुँदैन।

रामं परात्मानमभावयञ्जनो
भक्त्या हृदिस्थं सुखरूपमद्वयम्।
कथं परं तीरमवाप्नुयाज्जनो
भवाम्बुधे दुःखतरङ्गमालिनः॥
(अ. रा. सु. ४।२४)

जो आफ्नो हृदयमा स्थित अद्वितीय सुखस्वरूप परमात्मा

oal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

रामको भक्तिपूर्वक ध्यान गर्दैन, त्यो दुःख-तरङ्गावलिले-पूण संसार-समुद्रदेखि कसरी पार पाउन सक्ला ?।

पुञ्जीभूतं प्रेम गोपाङ्गनानां मूर्तिभूतं भागधेयं यदूनाम्
सान्द्रीभूतं गुप्तवित्तं श्रुतीनां श्यामीभूत ब्रह्म मे सन्निधत्ताम्

गोपिनीहरूका पुञ्जीभूत प्रेम, यादवहरूका मूर्तिमान भाग्य, श्रुतिहरूका एकत्र घनीभूत गुप्तधन, यस्तो जो मेरो श्यामल ब्रह्म छन् ती निरन्तर मेरो समीपमा रहून्।

एकोऽपि कृष्णस्य कृतःप्रणामो दशाश्वमेधावभृत्येन तुल्यः।
दशाश्वमेधी पुनरेति जन्म कृष्णप्रणामी न पुनर्भवाय ॥

भगवान् श्रीकृष्णलाई एकपटक गरेको प्रणाम दश अश्वमेध यज्ञ बराबर छ। यति मात्र होइन कि दश अश्वमेध गर्नेले जन्म लिनु पर्दछ, कृष्णलाई प्रणाम गर्नेले भने जन्मलिनु पर्दैन।

आब्रह्म भुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥
(गीता. ८।१६)

हे अर्जुन ! ब्रह्मलोक सम्मका जीवहरूले बारंबार आवागमन गरिरहनु पर्दछ। परन्तु हे कौन्तेय ! मलाई प्राप्त गरेपछि पुनर्जन्म हुँदैन।

कौन्तेय ! प्रतिजानीहि न मे भक्तः प्रणश्यति
(गीता. ९।३१)

हे कुन्तीपुत्र ! तिमी यो कुरा निश्चय जान मेरो भक्त कहिल्यै नष्ट हुँदैन।

येतु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥

(*गीता. १२।६-७*)

हे पार्थ ! जो मेरो शरणभई, सम्पूर्ण कर्महरू मैमा अर्पण गरेर अनन्यभावले मेरो ध्यान एवं पूजा गर्दछन्, म ती ममा चित्त-लाउनेहरूको छिटै जन्म-मरणको बन्धन भएको संसारदेखि उद्धार गर्नेछु ।

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥

(*गीता० १२।२०*)

जो मेरा शरण परेका श्रद्धालुहरू यो मले भने जस्तो धर्मले परिपूर्ण उपदेशरूपी अमृतको पूर्णरूपले पालन गर्दछन् ती भक्तहरू मेरा अत्यन्त प्यारा हुन्छन् ।

भक्तवत्सल भगवान्‌लाई प्राप्तगर्नको लागि कुनै लिङ्गभेदको जरूरत छैन, आयुको गणना छैन, विद्याको आवश्यक पर्दैन, जातीय वर्णभेद चाहिँदैन, ठूलो पुरुषार्थको पनि जरूरत पर्दैन, न सुन्दर-रूपको जरूरत पर्दछ न त धनको ।

भक्त्या तुष्यति केवलं न च गुणैर्भक्तिप्रियो माधवः ॥

भक्तिप्रिय माधव त केवल भक्तिदेखि नै सन्तुष्ट हुनुहुन्छ, गुणदेखि होइन ।

दृष्टान्त - भगवान् श्रीकृष्णले म महाभारतको युद्धमा अस्त्र-शस्त्र ग्रहण गर्दिन भनी प्रतिज्ञा गर्नुभएको थियो । भीष्मले भने युद्धक्षेत्रमा म श्रीकृष्णलाई अस्त्र-शस्त्र ग्रहण गर्न अवश्य पनि लगाउँदछु भनी प्रतिज्ञा गर्नुभएको थियो । अर्जुनसंग भीष्मको घोर युद्ध पऱ्यो ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

अर्जुनको भीष्मसंग युद्धमा प्रतिद्वन्दी भएर लड्ने सामर्थ्य न देखेर स्वयं भगवान् श्रीकृष्णले रथको पाँग्रो लिएर भीष्मतिर दौड्नु भयो। यसरी दौडेर आफूतिर आउँदैहुनुभएको कृष्णलाई भीष्मपितामह भन्नु हुन्छ—हे भगवान्! तपाईं मलाई मार्न भनी आउनु भएको होइन, मलाई आफ्नो परमभक्त बालब्रह्मचारी र आफूले गरेको प्रतिज्ञालाई पूर्णरूपले पालन गर्ने यस्तो जानी आफ्नो प्रतिज्ञालाई भङ्गगरी केवल भक्तको प्रतिज्ञा पूर्णगर्न आउनु भएको हो भनी अत्यन्त खुशी हुनु भयो। भीष्मले शरशय्यामा भगवान्ले रथको पांग्रो ग्रहण गर्नुभएको त्यो स्वरूपको ध्यान गरेर प्राण छोड्नु भयो।

श्रीधरस्वामी एक दिन आफ्नो गाउँबाट अर्को कुनै गाउँमा गइरहनुभएको थियो। वनको डरलाग्दो बाटो र चोरहरूको भय समेत भएकोले वहाँले आत्मरक्षार्थ रामरक्षास्तोत्रको पाठगर्दै हिंडि-रहनु भएको थियो। चोरहरू केही क्षणमा आइपुगे तर चोरहरूले स्वामीजीको रक्षाको लागि राम लक्ष्मण दुवै धनुर्वाण धारणा गरी अघि पछि हिड्नु भएको देखे। यस्तै चोरहरूद्वारा तुलसीदासजीको धनको रक्षा गर्न रामचन्द्रले कुटीमा पालो समेत बस्नु भएको थियो।

भगवान् भाव-भक्तिको भोको हुनुहुन्छ भन्ने कुरा श्रीकृष्णजीले दुर्योधनको घरमा हजार प्रकारको भोजन नगरी विदुरको घरमा सागको भोजन गर्दै रुक्मिणी आदि मेरी स्त्रीहरूले आफ्ना हातले नित्य तयार गरी भोजन गराएको भन्दा पनि मलाई ज्यादा मीठो लाग्यो भन्नु भएको र श्री रामचन्द्रले सवरीले दिएको बयर खानु-भएकोबाट स्पष्ट झल्किन्छ। भगवान्को कत्रो भक्तवत्सलता, कौरवको सभामा द्रौपदीको लाज बचाउन श्रीकृष्णले स्वयं सारीको रूप धारण गर्नु भयो। दुर्वासा सहित साठी हजार शिष्यको अतिथि-सत्कार गर्न असमर्थ भएर द्रौपदीले स्मरण गर्नासाथ तुरुन्त आई अक्षयपात्रमा द्रौपदीले खाई शेष अड्किएको एक त्यान्द्रा सागको पात खाई त्रिलोकलाई नै तृप्त गराउनु भयो, दुर्वासाजीको के कुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

यसरी द्रौपदीलाई दुर्वासाको शापको भयबाट बचाउनु भयो।

भीष्मपितामहले भोलि म पाण्डवलाई युद्धमा मार्दछु भनी प्रतिज्ञा गर्नु भएको थियो। त्यही रातमा भक्तवत्सल भगवानले द्रौपदीको जुत्ता आफ्नो पीताम्बरमा पोकोपारी काखीमनि च्यापी द्रौपदीलाई साथ लिएर भीष्मको शिविरमा जानुभयो। छलले द्रौपदीलाई 'सौभाग्यवती भव' भन्ने वर दिन लगाउनु भयो। सौभाग्यवती भव भन्ने वर पाएपछि द्रौपदीले भीष्मलाई भनिन्—तपाईंले आज दिनमा पाण्डवलाई मार्दछु भनी गर्न भएको प्रतिज्ञा सत्य हो कि अहिले मलाई दिएको सौभाग्यवतीको वर सत्य हो भन्दा ध्यानमग्न भीष्मजी झल्यांस्स विउझिनु भयो। उहाँले विचार गर्नु भयो कि यो काम निश्चय पनि कृष्णकै हो। शिविर बाहिर आई हेर्दा उहाँले एउटा कुनामा लुकेर बसेको मामुली वस्त्र पैरिएको काखीमनि पिताम्बरमा जुत्ताको पोको बोकेको भगवान् श्रीकृष्णचन्द्रलाई देखी भन्नु भयो - भगवान! हजूरको इच्छा पाण्डवलाई विजय गराउनमा रहेछ, त्यस्तै होस्; द्रौपदी सौभाग्यवती नै हुन् म गर्दछु भनी आफ्नो मरणको कारण बताउनु भयो।

श्रीकृष्णले द्रौपदीको हितको लागि कुनै कुरा गर्न बाँकी राख्नु भएन। तै पनि भन्नुहुन्छ—कौरवको सभामा आफ्नो लाज बचाउन आफ्ना अतिवीर पतिहरू छंदाछंदै पनि द्रौपदीले मलाई आर्तपुकार गरेर डाकेकी छन्—

गोविन्द द्वारकावासिन् कृष्ण गोपीजनप्रिय।
कौरवैः परिभूतां मां किं न जानासि केशव॥

(म. भा. सभा. ३८।४१)

हे गोविन्द! द्वारकाबासी कृष्ण! हे गोपाङ्गनाहरूका प्राणवल्लभ केशव! कौरवले मेरो अपमान गरिरहेका छन्, के तपाईं जान्नु हुन्न ?। यो द्रौपदीको आर्तपुकारको ऋण कहिले पनि मैले चुकाउन

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

नसकिने छ । भगवान्ले भागवतमा पुनः भन्नु भएको छ—

निरपेक्षं मुनिं शान्तं निर्वैरं समदर्शनम् ।
अनुव्रजाम्यहं नित्यं पूयेयेत्यङ्घ्रिरेणुभिः ॥

(भा. ११।१४।१६)

जसलाई कसैको अपेक्षा छैन, चिन्तनदेखि सर्वथा उपरत भएर मेरो नै मनन-चिन्तनमा तल्लीन रहन्छ र राग द्वेषदेखि रहित भएर सबैमा समान दृष्टि राख्तछ, त्यस महात्माको पछि-पछि म यो विचार गरेर निरन्तर घुमेर हिड्दछु कि त्यसको चरणको धूलो उडेर ममाथि परोस् र म पवित्र बनौं ।

वर्हापीडं नटवरवपुः कर्णयोः कर्णिकारं
विभ्रद्वासः कनककपिशं वैजयन्तीं च मालाम् ।
रन्ध्रान् बेणोरधरसुधया पूरयन् गोपवृन्दै-
र्वृन्दारण्यं स्वपदरमणं प्राविशद् गीतकीर्तिः ॥

(भा० १०।२१।५)

जन्मत्यागी परमब्रह्मज्ञानी श्रीशुकदेव स्वामीलाई व्यासजीले भन्नु भएको कृष्णको साकार स्वरूपको अपूर्व आनन्दप्रद वर्णन गरेको सुनेर भगवद्भक्तिमा प्रवेश गर्नुभयो । सम्पूर्ण शास्त्रको ज्ञाता नारदजी सदा हरिकीर्तनमा रत हुनुहुन्छ । ज्ञानीहरूमा अग्रगण्य मानिनु भएको श्री हनुमानजी परम रामभक्त हुनुहुन्छ । भगवान् श्री रामचन्द्रको भक्तिको रसास्वादन गर्नुभएको तुलसीदासजीको यो निश्चय छ—

सोइ गुनग्य सोइ बड भागी ।
जो रघु-वीर-चरन अनुरागी ॥
वारि मथे घृत होइ बरु सिकता तें वह तेल ।
विन हरि भजन न भव तरिअ, यह सिद्धान्त अपेल ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

दयानन्दजीले जब रामकृष्ण परमहंसको भक्तिभावलाई देख्नुभयो। अनि उहाँले आफ्ना शास्त्रवेत्ता साथी पण्डितहरूलाई भन्नुभयो- हामीहरूले वेद, वेदान्त आदि दर्शनशास्त्र पढ्यौं, परन्तु त्यसको फल रामकृष्णमा नै देख्न पर्न आयो। पण्डितहरूले शास्त्रको मन्थन गरेर केवल मोही मात्र पिए, मक्खन सबै यिनै महापुरुषले खाए।

एकदिन हनुमानलाई कुनै पुरुषले आज के तिथि हो भनी सोधे? हनुमान्‌जीले उत्तर दिनु भयो कि— वार, तिथि, पक्ष आदि हेर्ने समय नभएकोले मलाई केही पनि थाहा छैन, म त खालि श्रीरामको चिन्तन गरेर रहन्छु।

हरिहरमा कुनै अन्तर न भएको हुँदा मैले यहाँ हरिको वर्णन गर्न पनि हरको वर्णन गर्नको समान नै हो, केवल लेख लामो हुन जाने भएकोले शिवको भक्ति विषयमा अलिकति मात्र वर्णन गर्दछु।

यो हरिं हररूपेण हरं च हरिरूपिणम्।
यः पश्यति स एव स्याद् वैष्णवः शैव एव च॥
हरौ हरे च ये भेदं कुर्वन्ति मनुजाधमाः।
पाखण्डिनो वेदवाह्यास्ते वै निरयगामिनः॥

प्रसिद्ध मैथिलकवि श्री विद्यापति शिवका अनन्यभक्त थिए। विद्यापतिको यस्तो भक्तिदेखि शिवजी अति खुसी भई गुप्तरूपले उनको सेवक बनी सेवा गर्नुहुन्थ्यो, तर यो भेद विद्यापतिलाई थाहा थिएन। एकदिन विद्यापति आफ्नो सेवक उदानको साथ घुम्दा उनलाई पानीको ज्यादा प्यास लाग्यो। उनले पानी लिएर आऊ भनी आफ्नो सेवक उदानलाई भने। सेवकले तुरुन्त पानी लिएर आए। उनले पानी पिए। विद्यापतिलाई थाहा भयो कि यो पानी साधारण होइन निश्चय पनि गंगाजल हो। उनले यो पानी

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कहाँबाट लिएर आयौ भनी सोध्दा उदानले भने—यहाँ कहीं पानी नभएकोले मैले आफ्नो जटाबाट निकालेर तिमीलाई गङ्गाजल पिलाएको हूँ, यति भनेर आफ्नो शिवस्वरूपको दर्शन दिनु भयो।

भगति हीन गुन सव सुख कैसे।
लवन विना बहु व्यंजन जैसे॥

(तु. रा. उ. दो. ११६।५)

यो तुलसीदासजीले भन्नु भएको दोहाको अर्थ व्यासजीमा प्रत्यक्षरूपमा घटेको देखियो। व्यासजीले महाभारत सहित १७ पुराण र ब्रह्मसूत्र लेखिसकेर पनि उहाँलाई मनमा सन्तोष भएन र भन्नुहुन्छ—यद्यपि म ब्रह्मतेजले सम्पन्न एवं समर्थ छु, तथापि मेरो हृदयमा अपूर्णता नै छ। अवश्य आजसम्म मैले भगवान्लाई प्राप्त गराउने चाहि धर्मको प्रायः निरूपण गरिन।

नारदजीले भन्नु भयो—व्यासजी तपाईंले भगवान्को निर्मल यशको गान प्रायः गर्नु भएन। मेरो यस्तो मान्यता छ कि जुनदेखि भगवान् सन्तुष्ट हुनुहुन्न, त्यो शास्त्र वा ज्ञान अधूरो हो। भगवान् श्रीकृष्णको महिमाको निरूपण न गरेको अपवित्र शास्त्रमा मानससरोवरको कमनीय कमलवनमा बिहार गर्ने हंसहरूको भाँति ब्रह्मधाममा विहार गर्ने भगवच्चरणारविन्दाश्रित परमहंस कहिले पनि रमण गर्दैनन्। ब्रह्मर्षि व्यासजीले नारदको यो उपदेश सुनेर श्रीमद्भागवत महापुराणको रचना गर्नु भयो। अनि उहाँको हृदयमा नित्य तृप्ति र संतोष प्राप्त भयो।

भमरा तबसम्म कराएर घुम्दछ जबसम्म फूलमा बसेर रसास्वाद ग्रहण गर्दैन। यस्तै प्रकार मानिसहरू भगवान् प्राप्त गर्ने विषयमा सत्सङ्गमा नाना प्रकारका वार्ता गर्दछन्, जुन दिन भगवान्लाई प्राप्त गर्दछन् अनि भमरा झैं मौन रहन्छन्। यस्तै प्रकार व्यासजीलाई पनि भागवत लेखिसकेपछि भगवान्को साक्षात्कार भयो र पुनः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

वहाँले अरू शास्त्रको रचना गर्नु भएन।

यहाँ लेखक भन्दछन्—पूर्वमा जो जति भक्त भए, हाल जो जति छन् र पछि जो जति हुनेछन्। तिनीहरू प्रति यो मेरो भावना सदा अमर रहोस्।

धन्यास्ते पुरुषा लोके येऽर्चयन्ति सदा हरिम् ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

७ पेजको बाँकी

अष्टचिरञ्जीहरूको परिचय र चिरञ्जीवित्व प्राप्ति

१. मार्कण्डेय :— मृकण्डु ऋषिका छोरा हुन्। यिनको वस्ती हिमालयको उत्तरी उपत्यका, पुष्पभद्रा नदीको किनारमा थियो। बाल्यावस्थामा नै विधिपूर्वक उपनयनसंस्कार भएपछि ब्रह्मचारी बनी यज्ञोपतीत कुशमेखला, बोक्राको कौपीन, जटा, कमण्डलु दण्ड कृष्णाजिन (मृगचर्म) अक्षमाला कुशमुष्टि धारण गरेर त्रिकाल-स्नान संध्या गरेर विधिपूर्वक वेदाध्ययन गर्दथे।

प्रतिदिन अग्नि, सूर्य, गुरु ब्राह्मण र हृषीकेश भगवान्को पूजा सकेर मात्र भिक्षाबाट प्राप्त भएको कन्दमूल, फलहरू गुरुलाई समर्पण गरी गुरु आज्ञाबाट दिनको एक पटक फलाहार गर्दथे। यसरी धेरै वर्षसम्म तपःस्वाध्यायमा संलग्न भई अजेय-मृत्युलाई विजय गरेर हृषीकेश भगवान्को आराधना गरेको देख्दा ब्रह्मादि देवताहरू पनि आश्चर्य भए। यही प्रकारले यिनको ६ मन्वन्तर वितेपछि डराएका इन्द्रले उनको तपस्या विघ्न गर्न वसन्त ऋतुको समयमा अप्सराहरू पठाए। उनीहरूले अनेक हावभाव कटाक्ष गरी फसाउन खोज्दा उनीहरूको केही लागेन, ऋषिको हृदयमा अलिकति पनि विकार पैदा भएन। सब कामबाणहरू विफल भए।

यसरी इन्द्रको परिश्रम विफल भएको देखेर भगवान् नरनारायण प्रसन्न भई ब्रह्मर्षिलाई दर्शन दिनुभयो। मार्कण्डेयले नरनारायणको स्तुति गरे। त्यसबाट भगवान् नरनारायण झन् प्रसन्न हुनुभई इच्छा माफिक बरदान माग भनी कर गर्नुभयो। मार्कण्डेयले भगवान् नारायणको माया हेर्ने इच्छा प्रकट गरे। 'तथास्तु' भनी भगवान् विदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

भई वदरीकाश्रम तिर जानुभयो।

एकदिन मार्कण्डेय ऋषि भगवान्‌को ध्यानमा मग्न थिए। त्यसै अवस्थामा अकस्मात् आँधिवेरी चल्यो, मेघ गर्ज्यो, बिजुली चम्क्यो, अनि भयङ्कर मूशलधार वर्षा भयो र सारा पृथ्वी जलाम्मे भई एकछत्त समुद्र भयो। मार्कण्डेयलाई समुद्रको उत्ताल तरङ्गले हुत्त्याएर लग्यो। समुद्रको प्रवाहमा डुबेका मार्कण्डेय कहिले ग्राहहरूले निलिन्छन्, कहिले कता पुग्छन्, कहिले कता। यसरी अयुत प्रयुत वर्षसम्म भ्रमरीमा परी वैष्णवी मायाको अनुभव गरे।

कालान्तरमा वल्लतल्ल पृथ्वीको उत्तरी शिखरमा उत्रिएर आफ्नै आश्रमको नगीच वटवृक्षको हाँगाको पातमा सुतेका मायावी बाल-मुकुन्द भगवान् विष्णुको दर्शन पाए। त्यो देखी हर्षविभोर भई प्रेमले आलिङ्गन गर्न जाँदा भगवान् अन्तर्धान हुनुभयो, अनि केही छैन। यसो हेर्दा जस्ताको तस्तै भयो।

एकदिन महादेव-पार्वती घुम्दै आएर मार्कण्डेयको अद्भुत तपस्या देखे। पार्वतीले आश्चर्य मानी प्रसन्न समेत हुनु भई यिनको तपस्याको फल दिनुहोस् भनी महादेवसँग अनुरोध गर्नुभयो। अँहँ! यिनी भगवद्भक्ति सिवाय अरू केही चाहँदैनन्, कल्पकल्पान्तसंम यिनी यसै-गरी भगवद्भक्ति नै गर्न चाहन्छन् भनी महादेव मृत्युञ्जय शङ्करले समा-धिमा मग्न भएका मार्कण्डेय ऋषिको शरीरमा प्रवेश गर्नु भयो र विउँझाउनु भयो। अनि शङ्कर रुद्रको दर्शन पाएका मार्कण्डेयले रुद्र-सूक्तद्वारा स्तुति गरी प्रसन्न तुल्याए। शङ्करले वरदार माग भन्दा-प्रभो! म भगवद्भक्ति सिवाय अरू केही चाहन्न भनी बिन्ति गरे। अनि झन् प्रसन्न भएका शङ्करले –

कामस्तेऽयं महर्षेऽस्तु भक्तिमाँस्त्वमधोक्षजे
आकल्पान्ताद् यशः पुण्यमजरामरता तथा।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ज्ञानं त्रैकालिकं ब्रह्मन् ! विज्ञानं च विरक्तिमत् ।
ब्रह्मवर्चस्विनो भूयात् पुराणाचार्यताऽस्तु ते ॥
भा० स्क० १२ श्लो० ३५, ३६

अर्थात् – हे महर्षे, तिमी भगवान्मा भक्ति हमेशा चाहन्छौ. त्यो तिम्रो इच्छा पूर्ण होस् । सदा अजर अमर चिरञ्जीवी रही कल्पान्त-संम तिम्रो पुण्य-यश रहिरहोस् । त्रैकालिक-ज्ञान होस (त्रिकालदर्शी बने) । वैराग्ययुक्त विज्ञान होस । ब्रह्मवर्चस्वी भए, तिमीमा पुराणाचार्यत्व पनि हवोस् इत्यादि भनी वरदान दिनुभयो । यसरी मार्कण्डेय चिर-ञ्जीवी बनेका हुन् । (श्रीमद्भागवत १२ स्कन्ध अध्याय ८, ६, १०) .

२. बलि :– यी प्रल्हादका नाति, दानवराज विरोचनका छोरा हुन् । यिनले देवराज इन्द्रलाई विजय गर्न शुक्राचार्य गुरुको उपदेशबाट 'विश्वजित्' यज्ञ गरे । त्यस यज्ञबाट अविनाशी रथ दिव्य धनुर्वाण खड्ग कवच इत्यादि प्राप्त भयो र त्यसका प्रभावले स्वर्गलोक विजय गरे । देवताहरू स्वर्ग छाडेर भागी हिमालयको गुफामा आई लुके । अदितिले आफ्ना छोरा इन्द्रको दुःख देखेर रक्षाका निमित्त कश्यपको उपदेश बमोजिम पयोव्रत गर्दा स्वयं नारायणले वामनावतार भई अदि-तिको गर्भबाट जन्म लिनुभयो ।

यता फेरि बलिराजाले शुक्राचार्यको आचार्यत्वमा नर्मदाको उत्तरी किनार भृगुकच्छमा एक शय अश्वमेध यज्ञ गरेर ब्राह्मणहरूलाई इच्छाबमोजिम दान गरिरहेका थिए । त्यसै अवस्थामा बलिदमन गर्न बालक ब्राह्मणरूप लिएका वामनले बलिको यज्ञमा गई तीन पाउ जमीन दान मागे । बलिराजाले म जस्तो त्रिलोकपति राजासँग जावो तीन पाउ जमीन मात्र दान के लिन्छौ, अरू जे जे र जति जमीन चाहिन्छ माग भन्दा वामनले तीन पाउ सिवाय मलाई चाहिँदैन, दिन्छौ भने त्यत्ति नै देऊ भनी अनुरोध गरे । अनि बलिले लौ त त्यत्ति नै सही भनी तिलकुश र कमण्डलुबाट पानी लिई संकल्प गर्न आँट्दा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सहसा शुक्राचार्यले यो विष्णुको छल हो, खबरदार ! यज्ञ-विध्वंस र तिम्रो पनि पतन हुन आँट्यो, दान बन्द गर भनी रोक्दा आजसंम ठूलो दानी बलिराजा भन्ने नाम कहलिएको म के आज तीन पाउ जमीनमा कञ्जूस बनी बदनाम चलाएर व्रतभङ्ग गरौं ? भनी संकल्प गरेर तीन पाउ जमीन दान गरिहाले। अनि त उत्तिखेरै वामनले विराट् रूप लिनुभयो र एक पाउले भूलोक ढाकिदिनुभयो। दोस्रो पाउले चाहिं स्वर्गलोक ढाकिदिनुभयो। तेस्रो पाउको लागि बाँकी नै रहेन। अब तेस्रो पाउ कहाँ राखौं भन्दा बलिराजा अक्कनवक्क भए। अनि बलिलाई भगवान् वामनले नागपाशद्वारा बाँधिदिनुभयो। अनि बलिले तेस्रो पाउ मेरो शिरमा राखिबक्सियोस् भनी सविनय खुशी साथ अनुरोध गर्दा आकाशबाट धन्य धन्य बलिको उदारता भन्ने शब्द गुञ्जायमान भई पुष्पवृष्टि हुन थाल्यो।

वामनावतार विष्णुले अब तिम्रो गव तोडियो। कबूल गरे बमोजिम दान दिन नसकेकोले केही काल निरयको भोग गर्न पाताल गई बस भन्दा त्यसै अवस्थामा अकम्मात् प्रल्हाद र ब्रह्माजी उपस्थित भई बिन्ति गर्न थाले। प्रल्हादले भने—प्रभो ! जसले यज्ञपुरुष हजूरलाई नै प्रसन्न तुल्याउन शय अश्वमेध गऱ्यो, त्यसको फलदाता हर्ता भर्ता सबै हजूरै होइबक्सिन्छ। यो बालक निर्दोष छ, निरपराध छ जो निगाह।

अनि ब्रह्माजीले भन्नुभयो—भगवान् ? केवल पानी र दूबो फूल-पाती चढाउनेलाई पनि अभीष्ट वरदान दिने हजूर नै आज जसले शयौं अश्वमेध यज्ञ गऱ्यो र आफ्नो पुण्यको प्रभावले आर्जन गरेको तीन लोक पनि जसले दान गऱ्यो, उसलाई नै बन्धन र निरय-भोग दिलाइबक्सिन्छ भने म के बिन्ति गरौं ? यो त अति-अन्याय जस्तो लाग्यो।

प्रल्हाद र ब्रह्माजीको यो कुरा सुनेर वामनावतारी विष्णुले

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

भन्नुभयो मभा यिनको भक्ति रहिरहोस् र यिनको संसारमा प्रतिष्ठा बढोस् भन्नाका निमित्त यसो गरेको हुँ भनी सम्झाउनु भयो र सबैका समक्षमा बलिलाई भन्नुभयो – अब तिमी सुतलमा गई बस, जहाँ रोग व्याधि र जरा मृत्युको पनि डर छैन, जुन लोकलाई म सर्वदा हातमा लिएर पालो बसी रक्षा गर्दछु। त्यहाँ तिमी मेरो दर्शन हमेशा पाउनेछौ र अनन्त वर्षसंम चिरञ्जीवी भई सुखपूर्वक त्यसलोकको राज-शासन चलाऊ भन्ने वरदार दिनुभयो। यसप्रकार बलि चिरञ्जीवी बनेका हुन्। (भा० स्क० ८ अ० १५-२२ तक र आ० रामायण)

३. व्यास :— यिनका पिता महर्षि पराशर, माता धीवरपालिता मत्स्यगन्धा सत्यवती हुन्। यिनको जन्म गुप्त यौन-सम्बन्धबाट एकान्त यमुनाको द्वीपमा भएकोले यिनलाई द्वैपायन पनि भन्दछन्। दक्षिणा-मूर्ति गुरुबाट शिक्षा पाई श्रीविद्याको उपासना गर्दा त्रिकालदर्शी सकल शास्त्रपारङ्गत अव्याहतगति अद्वितीय विद्वान् अष्टादश पुराण र अरू अनेक शास्त्रका रचयिता कवि र चिरञ्जीवी पनि बनेका हुन्। यी चौबीश अवतार मध्ये एक मानिएका छन्। (महाभारत आदिपर्व अ० ६३, र पुराणातन्त्रबाट पनि)

४. हनूमान् :— यी बानरराज केसरीकी पत्नी अञ्जनाको अलौकिक सौन्दर्यदेखि मोह भई वायुदेवले गर्भाधान गरी जन्माएका वायुपुत्र हुन्। यी बालक छँदा एक दिन माता अञ्जनी फलफूल खोज्न जङ्गलतर्फ गएकी थिइन्। यिनलाई भोक लाग्यो र रुन थाले। त्यसै अवस्थामा पूर्वपट्टि आकाशमा सूर्योदय भयो, त्यसैलाई लाल फल संझी बालक हनूमान् खान भनी उडेर सूर्यमण्डलतिर जाँदै थिए। त्यो देखी आश्चर्य भई अब यसले के गर्ने हो भनी डराएका इन्द्रले वज्र हानी बायाँ चिउँडो फुकाली मूर्च्छा पारिदिए। यिनकी माता अञ्जनी इन्द्रको बालहत्या रूपी दुष्कर्म देखेर दुहाइ पुकारेर रुन थालिन्। आफ्नो पुत्रको त्यो अवस्था देख्दा वायुदेव क्रुद्ध भई वायुको गति नै बन्द गरी सबलाई जकड्याएर उकूस मुकूस प्राणान्त पारिदिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

अनि ब्रह्मा विष्णु महेश्वर सहित सब इन्द्रादि देवता थर्कमान भई त्यहाँ उपस्थित भएर बालकलाई बचाई वायुदेवलाई प्रसन्न तुल्याउन तत्पर भए। सर्वप्रथम ब्रह्माले हातले सुमसुम्याएर विउँताइदिनुभयो र अब उप्रान्त सदा चिरञ्जीवी रहे भन्ने बरदान दिनुभयो। इन्द्रले अम्लानमाला पहिराई वज्रादिबाट अवध्य हुने बरदान दिए। सूर्यले आफ्नो तेजको शय खण्डको एक खण्ड दिई सकल शास्त्र पढाई वाग्मी विद्वान् बनाउने कबूल गरे। वरुणले दशलाख वर्षको आयु भए पछि पनि अमर रहने बरदान दिए। यमराजले सदा नीरोग रहने र कालदण्डबाट समेत मृत्यु नहुने बरदान दिए। महादेवले आफू र आफ्ना अस्त्रबाट मृत्यु नभई सदा चिरञ्जीवी रहने वरदान दिनुभयो ब्रह्माले फेरि भन्नुभयो—यो बालक चिरञ्जीवी हुनेछ र महात्मा आशुतोष बनी सदा अमर रहने छ।

यसरी सब देवदेवताहरूबाट हनूमान्‌जी बरदान पाई चिरञ्जीवी बनेका हुन् र पछि श्रीरामचन्द्र भगवान्‌बाट पनि सदा चिरञ्जीवी रही रामभजन गरी बस्ने वरदान पाएका हुन् (वाल्मीकि रामायण उ. का. सर्ग ३५,३६, १०८)

५. बिभीषण :– यी पुलस्त्य-ऋषिका नाति, विश्रवा ऋषिका राक्षसपुत्री कैकसी पत्निका कान्छा छोरा हुन्। रावण र कुम्भकर्ण यिनका दाजु हुन्। यिनको बाल्यावस्थादेखि नै धार्मिक प्रकृति थियो। यिनले एक गोडाले जमीन टेकी उभिएको उभियै भएर पाँच हज्जार वर्ष तपस्या गरे। यो देखी सारा देवताहरूले यिनको प्रशंसा गरे। यस पछि फेरि यिनले पूर्ववत् उभिएको उभियै भएर पाँच हज्जार वर्षसंम सूर्यनारायणको आराधना गरे।

यसरी दश हज्जार वर्षसंम बिभीषणले कठोर तपस्या गरेको देखेर ब्रह्माजी प्रसन्न हुनुभई ठूला ठूला कस्तै विपत्ति परिआएमा पनि धर्मबाट तिम्रो बुद्धि कदापि विचलित नहोस्, कसैले नसिकाइकन

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आफैं ब्रह्मास्त्रको प्रयोग गर्न जाने, प्रत्येक आश्रममा धर्मको पालना गरी सदा चिरञ्जीवी रहिरहे भनी वरदान दिनुभयो।

पछि यिनले संझाउँदा झंझाउँदै पनि रावणले अत्याचार गरी जगज्जननी श्रीरामकी धर्मपत्नी सीता हरण गऱ्यो। यी रामको शरणमा गए। श्रीरामले रावणवध गरी लङ्काविजय गरेपछि लङ्काको राज्य यिनैलाई दिनुभयो। पछि श्रीराम स्वर्गारोहण हुने समयमा पनि यी उपस्थित भई साथै जाने विचार गरेका थिए परन्तु श्रीरामले संझाई बुझाई चिरञ्जीवी रही लङ्काकै राजपाठ चलाई बस भन्ने बरदान दिनुभयो। (वा. रा. उ. स. ६, १०, १०८)

६. कृपाचार्य :— महर्षि गौतमका 'शरद्वान्' नाम गरेका एक पुत्र धनुर्वाण सहित भइ पैदा भए। उनलाई वेदाध्ययनमा त्यस्तो रुचि थिएन। जस्तो धनुर्वेदमा उनको रुचि थियो। तपोबलबाट नै उनी शस्त्र अस्त्र विद्यामा पारङ्गत भए। देवराज इन्द्र डराएर जानपदी नाम गरेकी अप्सरालाई उनको तपोविघ्न गर्न पठाए। त्यो अप्सरा ऋषिको आश्रममा गएर धनुर्वाणधारी ऋषिलाई पिंडुला, तिघ्रा इत्यादिको विभिन्न हावभाव कटाक्ष गरी नाच्न थाली। त्यो देखेर ऋषिमा काम-विकार पैदा भयो र शरीरमा कम्प हुनथाल्यो। हातबाट धनुर्वाण भूइँमा झरेतापनि धैर्य गरिरहे। तर मनोविकारलाई रोक्न सकेनन्, उनको वीर्य शरस्तम्बमा पतन भयो,र त्यो दुइ भागमा विभक्त भयो र एक भागबाट पुत्र र अर्को भागबाट पुत्री पैदा भए। पालन-पोषण गरी हुर्काए पछि तपो-विघ्न होला भन्ने डरले धनुर्वाण र मृगचर्म सहित दुवै बालकलाई त्यहीं छाडी तपस्या मै लागे।

त्यसै अवस्थामा शिकारमा आएका शन्तनु राजाले ती दुवै बालकलाई देखी यी अवश्य धनुर्वेदमा पारङ्गत कुनै ब्राह्मणका बालबालिका हुन् भन्ने संझी कृपापूर्वक घरमा लगी पालन-पोषण गरेर हुर्काए। कृपापूर्वक पालिएका हुँदा दुवैको नाम कृप र कृपी राखिदिए।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

उपनयनादि संस्कार पनि विधिपूर्वक गरिदिए। त्यो थाहापाई, शरद्वान् ऋषि त्यहीं आई पुत्रस्नेहले धनुर्वेद सम्पूर्ण साङ्गोपाङ्ग पढाई पारङ्गत बनाइदिए। अनि ती बालक कृपाचार्य नामले प्रसिद्ध भए। तिनैबाट पाण्डव दुर्योधन आदि कौरवहरूले र वृष्णिहरूले पनि धनुर्विद्या पहिले शिकेका हुन्। (म. भा आ. प अ. १३०)

[यिनले चिरञ्जीवित्व कसरी प्राप्त गरे भन्ने कुरामा शास्त्रानुसन्धान गर्न बाँकी ....]

७. अश्वत्थामा :— यी शस्त्र-अस्त्रविद्यामा पारङ्गत द्रोणाचार्यका पुत्र हुन्। यिनकी माताको नाम कृपी हो। अतएव कृपाचार्यका यी भानिज हुन्। यिनले जन्मनासाथ उच्चैःश्रवा अश्वको जस्तो आवाज गरी रोएकाले यिनको नाम 'अश्वत्थामा' रहेको हो। पहिले द्रोणाचार्य गरीब थिए, यिनलाई गाईको दूधसंम पनि दिने औकात थिएन। दूध भात खान्छु भनी अश्वत्थामा बाबुलाई पिरोल्दथे। पछि द्रोणाचार्यको शस्त्रास्त्र-विद्यामा नैपुण्य देखी प्रभावित भएका भीष्मपितामहले कुरु-पाण्डवहरूको विशेष शिक्षाका निमित्त कुलगुरु बनाई धनधान्यले संपन्न गराई राखे।

द्रोणाचार्यले कौरव र पाण्डवहरूलाई शस्त्र अस्त्र विद्या शिकाउँदा यी अश्वत्थामा पनि साथमै रही शिक्दथे। यी अति तेजस्वी, सुन्दर तथा महापराक्रमी थिए। यिनको शिरमा नरमणि थियो, जसको प्रभावले भोक प्यास र जरा मृत्युको डर थिएन। महाभारतको लडाइँमा कौरव पक्षका यी अजेय वीर थिए।

भीमसेनद्वारा यी मारिए भन्ने भूटो खबर सुनाइदिएकाले यिनका पिता द्रोणाचार्यले पुत्र-शोकाकुल भई सहसा धनुर्वाण फ्याँकी योगासन बाँधेर समाधि लिए। त्यसै अवस्थामा धृष्टद्युम्नले द्रोणाचार्यको शिर काटिदिए। यसरी भूटो जाल-झेलबाट आफ्ना पिताको मृत्यु भएको खबर सुनेर क्रोधान्ध भई अश्वत्थामाले प्रतिज्ञा गरे—

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

पाण्डवहरूको वंश समेत उच्छिन्नो पारी वाफ्वैरी साधना गर्ने छु।

श्रीकृष्ण भगवान्को सहायतावाट पाण्डवहरूले कौरव पक्षका राजा दुर्योधन सहित एघार अक्षौहिणी फौज सखाप पारिदिए। केवल कृतवर्मा, कृपाचार्य र अश्वत्थामा यी तीन जनामात्र बाँकी रहे। यी तीन जना लुकेर एक रूख मुनि किंकर्तव्यविमूढ भई बसेका थिए। रातको समय पारी लाटोकोसेरोले कागको फौज नष्ट पारेको देखेर प्रभावित भई कृतवर्मा कृपाचार्यसंग सल्लाह गरी रातमा निद्रामा मस्त भई सुतेको अवस्था पारी पाण्डवहरूको फौज सखाप पार्न शिबिरमा गए।

स्वयं भगवान् शङ्करले विकराल कालरुद्रको रूप लिई धनुर्वाण धारण गरेर पाण्डवका फौजको पहरा गरिरहेका थिए। त्यो देखी अश्वत्थामा डराएर आफ्नो स्वार्थमा बाधा देखी रूँदै कालरुद्रको अनेक आराधना र पुकारा गर्दै आत्माहुति गर्न तयार भए। आशुतोष भगवान् कालरुद्र प्रसन्न भई अश्वत्थामाको शरीरमा प्रवेश गर्नुभयो र चिरञ्जीवो बनाई एक सर्वसंहारक खड्ग समेत दिनुभयो।

रातमा निदाएको अवस्था पारी शिबिरमा प्रवेश गरेर बाफवैरी धृष्टद्युम्नको पहिले निर्मम हत्या गरी अवशेष वीर सेनानी, द्रौपदीका पाँचै छोराहरू तथा अरू सेना सबै सखाप पारी भागेर जङ्गलमा प्रवेश गरे।

द्रौपदीको विलाप सुनेर अतिक्रुद्ध भई भीमसेन अश्वत्थामाको पिछा गर्दै गए। जङ्गलमा लुकेको फेला पारी पक्रेर ल्याए। अश्वत्थामाले आत्मरक्षा र पाण्डवहरूको विनाश पार्न अमोघ नारायणास्त्रको प्रयोग गरे। स्वयं नारायण श्रीकृष्णले युक्ति-बुद्धि गरी त्यसबाट पाण्डवहरूको रक्षा गर्नुभयो। आततायी भए तापनि ब्राह्मणको वध गर्नु मनासिब छैन भनी संझाएर अश्वत्थामाको शिरको नरमणि झिकी शिर मुडेर त्यो महापापको फल-भोग गर्न दिव्य तीन हजार वर्षतक पृथ्वीमा यत्रतत्र एकलै शरीरमा घोरी भई कनाउँदै दुःख पाएर घुमि-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

रहनु पर्नेछ भन्ने श्रीकृष्णबाट सराप समेत पाएका हुन् (म. भा. आ. प. अ. १३०, १३१। सौ. प. अ. ७, ११, १२, १५, १६,)

८. परशुराम :— यी भृगुवंशी जमदग्नि ऋषिका छोरा, विष्णुका दश अवतार मध्ये एक अवतार मानिन्छन्। यिनकी आमाको नाम रेणुका हो। गुरु दत्तात्रेयबाट यिनले विशेषशिक्षा पाएका थिए। हैहयवंशी कार्तवीर्यले यिनी नभएको अवस्था पारी यिनका पिताको हत्या गरी हविर्धानी नाम गरेकी कामधेनु गाईको वध गरी २१ पटक निःक्षत्रिय पृथ्वी तुल्याई दिग्विजय गर्ने समेत प्रतिज्ञा गरे। अनि सबका माता पिता गौरीशङ्करको शरणमा मद्दत र आशीर्वाद लिन गए।

शङ्करले परशुराम आउनाको कारण सोध्नु भयो। परशुरामले कार्तवीर्यको नीच कर्म र कृतघ्नताको निन्दा गर्दै आफ्ना पिता जमदग्निको हत्या गरेको आदिदेखि अन्त्यतक वर्णन गर्नु भयो। अनि बाफवैरी साधनका निमित्त २१ पटक पृथ्वीमा दिग्विजय गरी निःक्षत्रिय तुल्याउने आफ्नो दृढप्रतिज्ञा पनि सुनाउनु भयो। त्यसमा आफ्नो रक्षक बनी शरण लिने आशय पनि प्रकट गर्नु भयो।

शङ्कर पार्वती र भद्रकाली यो कुरा सुनी अक्कनबक्क भई चूप रहे। केही बेर पछि परशुरामलाई यसो गर्नु उचित छैन भनी हरतरहबाट संझाए। परन्तु परशुरामले सो कुरा नभएमा गौरीशङ्करकै समक्षमा आफ्नो प्राण त्याग गर्ने हठ प्रतिज्ञा गरे। त्यो देखेर शङ्करले करुणा गरी —

अद्य प्रभृति हे वत्स, त्वं मे पुत्रसमो महान्।
दास्यामि गुह्यं मन्त्रं ते त्रिपु लोकेपु दुर्लभम्॥
एवं भूतञ्च कवचं दास्यामि परमाद्भुतम्।
त्रैलोक्यविजयं नाम कवचमतिदुर्लभम्॥
स्तवं पूजाविधानं च पुरश्चरणपूर्वकम्।
मन्त्रसिद्धेरनुष्ठानं यथावन्नियमक्रमम्॥

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

दिव्यं नारायणास्त्रं च ब्रह्मास्त्रं च सुदुर्लभम् ।
रक्षणं च स्वसैन्यानां परसैन्यविमर्दनम् ॥
संहारमोहिनीं विद्यां जन्ममृत्युहरां हरः ।

— ब्र० वै० ग० ख० अ० ३०,

हे बाबु ! आजदेखि तिमी मेरो पुत्रसमान भयौ। तिमीलाई तीन लोकमा दुर्लभ गुह्य-मन्त्र र त्रैलोक्य-विजय नामक अद्भुत कवच-दिव्य नारायणास्त्र, ब्रह्मास्त्र, स्वसैन्यको संरक्षण र परसैन्यको विमर्दन गरी जन्म-मृत्युलाई समेत हरण गर्ने संहारमोहिनी विद्या दिन्छु भनी त्यसको अनुष्ठानविधि समेत सिकाइ दिनुभयो।

अनि परशुरामले गौरीशङ्कर र भद्रकालीलाई प्रणाम गरी पुष्कर-तीर्थमा गई महीनाभर निराहार गरी मन्त्रको जप र अनुष्ठान समेत गरी चिरञ्जीवित्व प्राप्ति र पूर्वोक्त कवच-तथा शस्त्र-अस्त्रहरू समेत प्राप्त गर्नुभयो। अनि सर्वप्रथम बाफ्वैरी कार्तवीर्यको वध गरी २१ पटक पृथ्वी घुमेर क्षत्रियहरूको रगतले कालरात्री गरी निःक्षत्रिय तुल्याउनुभयो। अनि बल्ल क्रोधाग्नि शान्त भएपछि महेन्द्राचलमा गै तपस्या गरी बसिरहनु भएको छ। अद्यावधि कहिलेकाहिं भक्तहरूले वहाँको दर्शन पाउँदैछन् भन्ने सुनिन्छ। (ब्रह्मवैवर्त गणेश खण्ड अध्याय २९, ३०, ३१)

पूर्वोक्त चिरञ्जीवीहरूले श्री ५ महाराजाधिराज सरकारलाई चिरञ्जीवी बनाऊन् ··· ···

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

हाम्रो विचार

पाठक एवं ग्राहकवृन्दको सहयोग तथा सद्भावनाबाट 'मर्यादा' दोस्रो वर्षको दोस्रो पाइलो टेक्न पनि समर्थ भएको छ। गताङ्कहरूमा यस स्तम्भबाट पत्रिकाको उद्देश्य अनुरूप आफ्नो विचार प्रस्तुत गर्दै आएको कुरा पाठकवृन्दमा विदितै छ र अहिले पनि तदनुरूप नै केही विचार प्रस्तुत गर्न अघि सरेका छौं।

विक्रमको उन्नाइसौं शताब्दीदेखि जीवनका विभिन्न क्षेत्रमा आएको परिवर्तनले मानिसको रहन सहन र खान पान जस्ता कुरामा मात्र नभएर विचारको क्षेत्रमा पनि ठूलो पनिवर्तन पैदा भयो। जसको फलस्वरूप यावत् परम्परागत मान्यता एवं सामाजिक मर्यादाहरूमा किन र कसरी जस्ता प्रश्नात्मक चिह्न खडा भए। वैज्ञानिक उन्नतिको आडमा यही नै जीवनको चरमोपलब्धि हो भन्ने विश्वासमा वर्तमान समय बित्तै गएको छ। तर चौतर्फी रूपमा देखिएको भय, शङ्का, दुर्भावना एवं त्रासले अब यहाँ पनि के विज्ञानले मानवलाई पूर्ण बनाउन सक्यो ? भन्ने प्रश्न चर्को रूपमा उपस्थित भएको छ र यसको समाधान नमिलेसम्म जिज्ञासाले विश्रन्ति पाउन सकेको छैन। विज्ञान विना आज उन्नत-जीवनको कल्पना गर्न सकिंदैन भन्छौ भने विज्ञानले मात्र जीवन सुखी र शान्त किन बन्न सकेको छैन भन्ने प्रश्न पनि उपेक्षणीय देखिन्न।

के आधुनिक विज्ञानको नामनिशान नभएको त्यो पुरानो युग शान्त र सुखी थियो त ? भन्ने शङ्कालाई विज्ञानै विज्ञानले भरिएको आजको युग सुखी छ त ? भन्ने प्रश्नले प्रत्युत्तर दिन्छ। शङ्का समाधान एकातिर रहून्, आजको विज्ञान किमार्थ उपेक्षणीय छैन भन्छौ भने ती शास्त्रीय मान्यता र सामाजिक मर्यादाले के बिराए, जसको अनवलम्बन

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

र उपेक्षाबाट आजको समाज सुखी र शान्त रहन सकेको छैन। तब यति खेर जीवको धारा कता मोडे प्रेम. सद्भावना, मैत्री एवं विश्वास जस्ता कुरा जागरित भई स्वस्थ-समाजको निर्माण र सामाजिक उन्नति कायम रहला भन्ने प्रश्न सानादेखि ठूलासम्मको सामू आज तेर्सिएको छ।

हामी हिन्दूदर्शनका प्रभावमा हुर्केका हुनाले ईश्वरवादी हुनु हाम्रो जन्मसिद्ध अधिकार र आर्य वाङ्मयले निर्धारित एवं निर्देशित गरेको मार्ग नै वास्तवमा कल्याणकारी मार्ग हो भन्ने कुरामा विश्वास गर्नु पनि उपयुक्त नै छ भन्ने ठान्दछौं। एकोहोरो आधुनिक वैज्ञानिक उन्नति नै एक मात्र सुखको बाटो ठान्नेहरूको ईर्ष्यालु. शङ्कालु र त्रस्त मानसस्थिति देख्ता उक्त (आर्य-वाङ्मय-निर्देशित) मार्ग नै वास्तवमा सुखदायक र कल्याणकारी मार्ग हो भन्ने कुरामा अरू बढी दृढ-विश्वास हुन गएको छ।

आदिकालदेखि नै श्रेयोमार्ग र प्रेयोमार्ग गरी उभयात्मक रूपमा विभाजित भएर आएको हिन्दूधर्म र दर्शनले भौतिक अभ्युदयमा जुन रूपबाट चाख राखेको छ त्यसरी नै आध्यात्मिक उन्नतिमा पनि कम दृष्टि दिएको छैन। संसारमा प्रचलित सम्प्रदायमा समय एवं विचार दुवै दृष्टिबाट शीर्ष स्थान राख्ने हाम्रो सम्प्रदाय आजसम्मको वर्तमानतावाट भन्न सकिन्छ कि अवश्य नै यो बढी विशुद्ध र कल्याणकारी छ। त्यसैले व्यक्ति जबसम्म यस मार्गको पथिक बन्दैन त्यति बेला सम्म उसले मनुष्य जीवनलाई वास्तवरूपमा कल्याणकारी बनाउन सक्तैन। कसै प्रतिको राग द्वेष वा ऊच नीचको भाव नलिई वस्तुगत स्वभावको परिचयपूर्वक निर्धारित गरिएको यो शास्त्रीय-मर्यादाको परिपालनवाट भूतकालमा ठूलो सामाजिक अभ्युदय भएको कुरा आज हाम्रो सामू ऐतिहासिक रूपमा प्रमाणार्थ प्रस्तुत छ।

जब व्यक्तिगत वा सामाजिक दोषबाट उक्त नियमहरूको अतिक्रमण र अपलाप हुन थाल्यो; त्यसमाथि धर्मान्तरका सम्प्रदायको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

दूषित प्रचार प्रसारबाट भावनात्मक उदासीनता र आलस्यले प्रश्रय पायो अनि शास्त्रीय मर्यादाहरू क्रमशः क्षीण हुँदै गए। यसबाट शास्त्रको हानि त्यति भएन जति कि यसका अनुयायीहरूको। नम्बरी सुनमा जड्न उचित भएको मणिलाई कसैले राङ्मा लगेर जडि दिन्छ भने त्यसमा मणिको त्यति हानि हुँदैन, जति कि जड्ने मानिसको उपहास हुन्छ। कुनै रूपवती गणिका बाहिरी रूपमा मातृस्थानीया बनोस् तर त्यसमा मातृत्वको त्यो अगाध र कल्याणकारी भावना कहाँ! जो वास्तव मातृहृदयमा मात्र भरिएको हुन्छ। असल र खराबको परिचय परिणामले देखाउँछ स्वरूपले होइन। अतएव सुन्दरी गणिका भन्दा चाउरी परेकी बूढी आमा शयौं गुना हितकारी हुन्छिन र विश्वसनीया पनि।

आज चारैतिर व्याप्त भ्रष्टाचार, अनाचार र आर्थिक चिन्ताले सताएको समाज निराशा र उत्पीडनमा पिल्सिरहेको छ। कुनै हितकारी मार्गको अनुसरण गर्नु, अदृश्य शक्तिमा विश्वास गर्नु र सामाजिक मर्यादा अवलम्बन गर्नु पनि आफ्नो बुद्धिवाद र स्वतन्त्र विचारको हनन ठान्नेहरूसित हाम्रो नम्र निवेदन के छ भने दुइ शताब्दी भन्दा बढी समयसम्मको त्यो खोक्रो विचारले संसारमा के परिवर्तन ल्यायो त?

यही रागद्वेष, भय र दुर्भावना त्यो नवीन विचारको देन हो भने त्यो हाम्रो लागि कल्याणप्रद रहने छ। तब बेलैमा त्यसलाई तिलाञ्जलि दिएर त्यस्तो मार्ग अवलम्बन गरौं जो पुरानु भए पनि रसादि जस्तै हितकर छ, सम्प्रदाय विशेषमा प्रचलित भए पनि सबै सम्प्रदायको कल्याण यसमा अन्तर्निहित छ अनि जुन मार्गको पथिक बन्दा दुर्गतिको भय छैन त्यही नै हाम्रो शास्त्रीय मर्यादाको अनुशरण हो। अर्काले बयान गरेको सुन्नु मात्र भन्दा मिश्रीको डल्लो आफ्नै जिब्रामा हालेर चाखिहेरे थाहा हुन्छ। हाम्रो त आभ्यन्तर इच्छा छः–

विद्याविलासमनसो धृतशीलशिक्षाः सत्यव्रता रहितमानमलोपहाराः।
संसारदुःखदलनेन सुभूषिता ये धन्या नरा विहितकर्मपरोपकाराः॥

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding

(अर्थात् – विद्याको अध्ययनले निर्मल मन भएका, शील र सौजन्य सम्पन्न सत्यव्रती र सांसारिक घात-प्रतिघातलाई धैर्यपूर्वक सामना गरेर परोपकारमा सधैं तत्पर रहने व्यक्ति नै वास्तवमा धन्यवादका पात्र हुन्)। यसै परिभाषा अनुसार मानवताको निर्माण शास्त्रीय मर्यादा पालनबाट नै सम्भव भएकोले त्यसको अनुसरण कुराले मात्र नभएर शरीर मन र वचन तीनैबाट गरेर हेरौं अनि अनुभवको दुहाइमा आफ्नै आत्मा साक्षी बन्ने छ। यस भन्दा बलियो प्रमाण हामीलाई अरू जरूरत पर्ने छैन।

—o—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri Funding:
epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

श्री ५ का० था० अं० प० द० नं० ५/०२५ २६

शास्त्रानुसन्धान परिषद्
वाल्मीकि संस्कृत महाविद्यालय
रामशाहपथ, काठमाडौं; नेपाल

भाग ६

मुद्रक :— नेपाल प्रेस, ६/५६८, शुक्रपथ, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu